बँधुवा प्रथाविरुद्ध नेपालको प्रयास

नीति तथा कानुन विश्लेषण

वकालतीय सामग्री

CSIC
आत्मनिर्भर केन्द्र

(यो सामग्री सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका लागि अधिवक्ता श्यामकुमार विश्वकर्माले तयार पार्नुभएको हो। सामग्री प्रकाशनका लागि फ्रिडम फन्डको सहयोग छ।)

ग्राफिक डिजाइन : बिक्रम चन्द्र मजुमदार

बँधुवा प्रथाविरुद्ध नेपालको प्रयास

नीति तथा कानुन विश्लेषण

वकालतीय सामग्री

CSIC
आत्मनिर्भर केन्द्र

प्रकाशकीय

चन्द्रशमशेरले वि.सं. १९८२ को वैशाख १ मा दास प्रथा अन्त्यको घोषणा गरेका भए पनि नेपाली समाजमा अझै दास प्रथाका अवशेष विभिन्नरूपमा बाँकी नै छन् । नेपालका प्रचलित कानुन, अन्तर्राष्ट्रियस्तरमा जनाएका प्रतिबद्धता आदि हेर्ने हो भने जनतामा कुनै पनि प्रकारको विभेद छैन । सबै समान छन् भन्ने कुरा प्रष्टै देख्न सकिन्छ । तर समुदायस्तरमा खास वर्ग र समुदायको अहिलेको अवस्था हेर्दा उनीहरूको जीवनमा तात्विक भिन्नता आउन सकेको छैन । शोषणका रूप फेरिएका छन्, न्याय भने पाउन सकिरहेका छैनन् । परिवारलाई पेटभर खान र बस्नकै लागि जिन्दगीभर नै अरूको दास बनिरहेका छन् । यी समुदायका मानिस समाजमा दोस्रो दर्जाको नागरिकको हैसियत बाँचिरहेका छन् ।

दासत्वविरुद्ध नेपालले केही नीतिगत प्रयास गरेको छ तर व्यावहारिकरूपमै यसको पूर्ण कार्यान्वयन हुन बाँकी छ । नीतिगत व्यवस्थाहरू आफैँमा अझै बलियो बनाउन जरुरी छ । परम्परागत दास प्रथाको अवशेषका रूपमा रहेका हरवा/चरवालगायत थुप्रै दासत्व व्यवहार नेपाली नागरिकले आज पनि भोगिरहेका छन् । त्यसैले भएका नीतिको विश्लेषण गर्दै हरवा/चरवाको पुनर्स्थापनालाई सहयोग पुऱ्याउने उद्देश्यले यस पुस्तिका प्रकाशन गरिएको छ । यस प्रकाशनले हरवा/चरवामुक्तिका रणनीति निर्माण कार्यमा सहयोग पुग्ने विश्वास लिएका छौँ ।

प्रकाशनका लागि संयोजन गरेकामा आत्मनिर्भर केन्द्रका अभियान व्यवस्थापक कल्पना कार्की र नीति, कानुन तथा ऐनहरू सङ्कलन अनि विश्लेषण गरी नीति विश्लेषण सङ्गालो तयार गर्ने अधिवक्ता श्यामकुमार विश्वकर्मालाई धन्यवाद छ ।

जगत देउजा
कार्यकारी निर्देशक, आत्मनिर्भर केन्द्र

विषय सूचि

प्रकाशकीय ४
विषय सूचि ५

भाग–१. . . . . .८
परिचय ८
१.१ पृष्ठभूमि ८
१.४ नीति विश्लेषण किन ?. ९
१.५ यसभित्र समेटिएका विषयवस्तु १०
१.६ यस कार्यका सीमा १०

भाग-२ . . . . . ११
दासत्व व्यवहारविरुद्ध राज्यको दायित्व र नेपालमा न्यायिक हस्तक्षेप . ११
२.१ दासत्व व्यवहारविरुद्ध राज्यको दायित्व ११
२.२ नेपालमा न्यायिक हस्तक्षेप १६
२.२.१ कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ अन्तर्गत बनेका सरकारी कार्यक्रमले हलियालाई समेट्न सकेन १८
२.२.२ हलियाको माग सम्बोधन गर्ने विषय सरकारी स्वेच्छाको विषय हुन नसक्ने २०
२.२.३ कमलरी प्रथा अन्त्यका लागि कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ को प्रभावकारी कार्यान्वयन हुनुपर्छ २१

भाग-३ . . . . . २५
दासत्वविरुद्ध संवैधानिक प्रयास २५
३.१ नेपाल सरकार वैधानिक कानुन, २००४ . . . . . २५
३.२ नेपाल अन्तरिम शासन विधान, २००७ . . . . . २६
३.३ नेपाल अधिराज्यको संविधान, २०१५ . . . . . २७
३.४ नेपालको संविधान, २०१९. . . . . २८
३.५ नेपाल अधिराज्यको संविधान, २०४७ . . . . . २९
३.६ नेपालको अन्तरिम संविधान, २०६३ . . . . . ३०
३.७ नेपालको संविधान, २०७२ . . . . . ३३

भाग-४ . . . . . ४१
दास प्रथाविरुद्ध नेपालको नीतिगत प्रयास ४१
४.१ कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ . . . . . ४२
४.२ कमैया श्रम (निषेध गर्ने) सम्बन्धी नियमावली, २०६८ . . . . . ४६
४.३ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ . . . ४७
४.४ श्रम ऐन, २०७४. . . . . ४८
४.५ जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८ . . . ४९
४.६ मुलुकी अपराध (संहिता) ऐन, २०७४ . . . . . ५०
४.७ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ . . . . . ५२
४.८ भूमिहीन मुक्त कमैयालाई जग्गा खरिद गर्न अनुदान रकम दिनेसम्बन्धी कार्यविधि, २०६८ . . . . . ५३
४.९ मुक्त कमैया पुनर्स्थापना समस्या समाधान आयोग, गठन आदेश, २०६५ . . . . . ५४
४.१० नीति तथा कार्यक्रम र आवधिक योजना ५५
४.१०.१ नीति तथा कार्यक्रम ५५
४.१०.२ आवधिक योजना ५६

भाग-५ . . . . . ५८
निष्कर्ष ५८

अनुसूची-१ . . . . . ६०
अनुसूची-२ . . . . . ७५
सन्दर्भ सामग्री १०३
संविधान १०४

भाग–१

परिचय

१.१ पृष्ठभूमि

कुसंस्कार, कुरीति तथा समाजलाई विभाजित गरी मानव-मानवबीच अनुचित अन्तर ल्याउने सबै प्रकारका भेदभाव अन्त्य हुनुपर्ने भावना संविधानले बोकेको छ। आइएलओले कसैलाई उम्कन नदिने परिबन्दभित्र पारी तलब नदिइ काममा लाउनु दास बनाउनु हो भनी परिभाषित गरेको छ।[१]

दास प्रथा २१ औँ शताब्दीमा अमान्य र मानव अधिकारविरुद्धको कार्य हो। त्यसो हुँदा सम्पूर्ण विश्व समुदाय दास प्रथा अन्त्यका लागि सामूहिकरूपमा समेत प्रतिबद्ध छ। अमेरिकामा दास प्रथा अब्राहम लिङ्कनले उन्मूलन गरेका हुन्। बेलायतमा स्लेभ ट्रेड एक्ट अफ १८०७ (सन्) ले दास प्रथा उन्मूलन गरेको मानिन्छ। नेपाल पनि दासत्व व्यवहारको अभ्यासबाट अछूतो थिएन। त्यसैले वि.सं. १९८१ मा चन्द्रशमशेरले दास प्रथा उन्मूलनको घोषणा गर्नुपरेको थियो। उपरोक्त सबै प्रयास परम्परागत दास प्रथा अन्त्यका लागि भएका थिए। तर तिनै परम्परागत दासत्व व्यवहारहरू नेपाली समाजका विभिन्न ठाउँमा भिन्न भिन्न स्वरूपमा आज पनि कायम छन्। जुन सभ्य समाजका लागि लज्जाको विषय हो।

नेपाली समाजमा दास प्रथा तथा दासत्व व्यवहारको अभ्यास आजपर्यन्त निरन्तर

१ (ILO Forced Labour Convention, 1930 (No. 29)

कायम हुनुमा आर्थिक विपन्नता र समाजमा प्रचलित जातीय संरचना नै प्रमुख कारण हुन् । सबैखाले दास प्रथा अन्त्य नभएसम्म समग्र राष्ट्रको विकास हुन सक्दैन । यो तथ्यलाई मनन् गरेर सरकारले दासत्व व्यवहार उन्मूलनका लागि राष्ट्रियस्तरमा विभिन्न नीतिगत व्यवस्था गर्नुका साथै अन्तर्राष्ट्रियस्तरका सन्धिहरूमा समेत प्रतिबद्धता जनाएको छ । यसका आधारमा प्रभावकारी कानुन निर्माण र कार्यान्वयन अभाव छ । दास प्रथाका कारण खास समुदायका मानिस आज गरिबी र अन्यायमा बाँचिरहेका छन् ।

मानव अधिकार संरक्षण तथा संबर्द्धनमा काम गर्न स्थापित गैरसरकारी संस्था, जनसङ्गठन संविधानमा प्रत्याभूत स्वतन्त्रता, समानता एवं अविभेदका व्यवस्था कार्यान्वयनमा सरकारलाई सघाउ पुऱ्याउन दासत्वविरुद्ध कार्य गरिरहेका छन् । हरवा/चरवा आफ्नो अधिकार प्रयोग गर्न सक्ने, स्वतन्त्र, सक्षम एवं आत्मनिर्भर नागरिक हुनुपर्छ । यस कार्यमा सरकारलाई सहयोग गर्ने उद्देश्यले यो सामग्री तयार पारिएको हो ।

१.४ नीति विश्लेषण किन ?

मूलतः हरवा/चरवाबाँधा श्रमिक हुन् । उनीहरू बाध्यात्मकरूपमा ऋण बन्धनमा परेर न्यून ज्यालामा काम गरिरहेका हुन्छन् । तराई मधेसमा कृषि मजदूरमध्ये खेत जोत्नेलाई हरवा र गाईवस्तु चराउनेलाई चरवाभनिन्छ । कसैको बाबु/बाजेले कुनै व्यक्तिसँग ऋण लिएको रहेछ र चुक्ता गरेको रहेनछ भने उसका सन्तान उक्त ऋण चुक्ता गर्न हरवा/चरवाबस्नुपर्छ ।[२] सो ऋण कहिले चुक्ता हुन्छ र कति बाँकी छ भन्ने कुरा हरवा/चरवाले थाहा पाउँदैनन् । पुस्तौँपुस्तादेखि कुनै हिसाबकिताबबिना हरवा/चरवाऋणदाता धनीको खेत जोतिरहेका र गाईबस्तु चराइरहेका छन् । हरवा/चरवाबस्नेहरू शिक्षामा पहुँच नभएका, जातीय भेदभाव तथा छुवाछूतका पीडित, भूमिहीन तथा विपन्न परिवारका हुन्छन् । उनीहरू ऋण चुक्ता गरी स्वतन्त्र हुनै सक्दैनन् । साथै हरवा/चरवाऋण दिने धनीसँग ऋणको बक्यौताबारे सौदाबाजी गर्नसमेत सक्दैनन् । उनीहरू सङ्गठित भई प्रभावकारीरूपमा दासत्वविरुद्ध आवाज उठाइ आन्दोलित हुन सकिरहेका छैनन् । फलस्वरूप उनीहरू समाजमा हुनेखाने र जग्गाधनीकै सर्तबमोजिम काम गर्न बाध्य छन् । हाल श्रम शोषणका रूप फेरिएका छन् तर अन्याय भने उत्तिकै छ ।

२ भोला पासवान, मधेसको जमिनदारी र हरवा/चरवा, अनलाइनखबरडटकम, २०१३ सेप्टेम्बर

हरवा/चरवाचरम शोषणमा छन् । यो तथ्य सरकारलाई पनि थाहा छ । तर यसको अन्त्यका लागि कुनै पनि विकल्प तथा तत्परता देखाइरहेको छैन । दास प्रथाकै स्वरूपमा रहेका कमैया प्रथा २०५७ मा, हलिया प्रथा २०६५ तथा कमलरी प्रथा २०७० सालमा नै अन्त्य घोषणा भइसकेको छ । मुक्त घोषित कमैया, कमलरी तथा हलियाको अवस्थासमेत सन्तोषजनकरूपमा सुध्रिएको पाइँदैन । उनीहरूको उक्त अवस्थासमेत मध्यनजर गर्दै हरवा/चरवाका निम्ति कस्ताखालका नीति तथा योजना आवश्यक पर्न सक्छन्, विद्यमान संविधान, कानुन, नीति तथा योजनाका आधारमा कसरी वकालत गर्दा हरवा/चरवामैत्री नीति निर्माणमा प्रभाव पार्न सकिन्छ भन्ने सम्बन्धमा उपाय निकाल्न विद्यमान नीतिहरूको विश्लेषण गर्नुपरेको हो ।

१.५ यसभित्र समेटिएका विषयवस्तु

यस कार्यलाई ५ भागमा विभक्त गरिएको छ । यसको पहिलो भागमा अध्ययनको पृष्ठभूमि तथा सामान्य जानकारी राखिएको छ । दोस्रो भागमा दासत्व व्यवहारविरुद्ध राज्यको दायित्व र नेपालमा न्यायिक हस्तक्षेप तथा तेस्रो भागमा दासत्वविरुद्ध संवैधानिक व्यवस्था समावेश छ । चौथो भागमा दास प्रथाविरुद्ध नेपालको नीतिगत प्रयास केलाउने प्रयत्न छ । र, अन्तिममा निष्कर्ष राखिएको छ ।

१.६ यस कार्यका सीमा

हरेक कार्यका आ-आफ्नै सीमा हुन्छन् । विषयवस्तु पुरानै भए पनि यस कार्यमा इतिहास पक्ष हेर्न सकिँदैनथ्यो । कारण विद्यमान नीति तथा कानुनहरू विश्लेषणमा आधारित हरवा/चरवासम्बन्धी नीति निर्माणमा हस्तक्षेप गर्न सकिनेखालको वकालत सामग्री निर्माण नै प्रस्तुत कार्यको मूल कार्यादेश हो । त्यसैले प्रचलित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनका आधारमा हरवा/चरवामैत्री नीति निर्माण तथा निर्णयमा कसरी सहायक बनाउन सकिन्छ भन्नेतर्फ नै यो कार्यको प्रमुख ध्येय रह्यो । नीति विश्लेषणको कार्य गर्ने जिम्मा हुँदा द्वितीय स्रोतहरूकै बढी प्रयोग भएका छन् । हरवा/चरवाअधिकारसम्बन्धी कार्यमा संलग्न व्यक्तिहरूसँग पनि छलफल गरिएको छ । स्थलगत भ्रमण गर्न भने सकिएन ।

भाग-२

दासत्व व्यवहारविरूद्ध राज्यको दायित्व र नेपालमा न्यायिक हस्तक्षेप

२.१ दासत्व व्यवहारविरूद्ध राज्यको दायित्व

मानव अधिकारको पहिलो र अन्तिम उद्देश्य मानव समुदायको रक्षा गर्नु हो। सामान्य अर्थमा मानव अधिकारको अर्थ सबै मानिसले मर्यादितरूपमा बाँच्न पाउनु हुन्छ। मानव अधिकार जीवन बाँच्नका लागि नभई नहुने गाँस, बास र कपास जस्तो आधारभूत अधिकार हुन्। त्यस्तै मानव अधिकारभित्र व्यक्तिका विकासका निम्ति आवश्यक पर्ने शिक्षा, स्वास्थ्य तथा रोजगारीका अधिकार पनि पर्छन्। साथै समानता तथा शान्ति सुरक्षा जस्ता संरक्षणका उपाय पनि मानव अधिकार हुन्।

नागरिकले न्याय तथा स्वतन्त्रता उपभोग गर्न पाउनु पनि मानव अधिकार हो। मानव अधिकार विश्वका सबै मानिस जातिका लागि समान हुन्छन् र यो अधिकार कसैले खोसेर खोसिँदैन। मानव अधिकारको कुनै भौगोलिक सीमा हुँदैन। विश्वभरका मानिसले मानव अधिकारको उपभोग समान तरिकाले प्राप्त गर्न सक्छन्। किनकि मानव अधिकार जन्मसिद्ध अधिकार हो। कुनै व्यक्तिको पद, प्रतिष्ठा वा सामाजिक, आर्थिक हैसियत पछि आर्जित हुने विषय हुन्। र, कुनै पनि हैसियतका आधारमा मानव अधिकार प्राप्तिमा विभेद गरिनुहुन्न। नेपालमा **व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धीत संविधान तथा अन्य प्रचलित कानुनद्वारा प्रदान गरिएका अधिकार सम्झनुपर्छ र सो शब्दले नेपाल पक्ष भएको मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिमा निहित अधिकारसमेतलाई जनाउँछ** भनी मानव अधिकार आयोग ऐन, २०५८ ले परिभाषित गरेको छ।

कुनै व्यक्ति वा समुदायको मानव अधिकार उल्लङ्घन भयो भने पीडितलाई न्याय दिनु राज्यको दायित्व हुन्छ। राज्यले देशभित्रै न्याय दिन सकेन भने अन्तर्राष्ट्रियस्तरमा समेत उजुरी गर्न सकिन्छ। प्रक्रिया भने पूरा गर्नुपर्छ। जस्तो-दास प्रथाको अवशेषका रूपमा रहेको हरवा/चरवाप्रथाका कारण खेप्नुपरेको अमानवीयताविरुद्ध न्याय देशभित्रैबाट सुनिश्चित हुनुपर्छ। उनीहरूको नागरिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार उपभोग गर्न सक्ने वातावरण राज्यले बनाइदिनुपर्छ। यदि देशभित्रबाट ती अधिकार प्राप्त भएन अर्थात हरवा/चरवाको जीवनमा अहिलेको अवस्थामा परिवर्तन आउन सकेन भने अन्तर्राष्ट्रिय कानुनको क्षेत्राधिकार पनि प्रयोग हुन सक्छ।

हरेक मानिस स्वतन्त्र भएर जन्मन्छन् र उनीहरूको मानवीय मर्यादा र अधिकार समान हुन्छ। (मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८, (युडिएचआर) धारा १)। **कसैलाई पनि दास वा बाँधा बनाइ राखिने छैन। कुनै पनि किसिमको दासत्व र दास व्यापार निषेध गरिनेछ** (युडिएचआर, धारा ४)। मानिस सबै एउटै हो। कोही पनि दास बन्नका लागि जन्मिएको हुँदैन। त्यसैले दासत्व व्यवहार अन्त्यका खातिर मानव अधिकारवादी दृष्टिकोण निकै अघि सुरु भएको पाइन्छ। दासत्वसँग मिल्दाजुल्दा सबैखाले स्वरूपमा रोक लगाउन आवश्यक भएको स्वीकार गर्दै सर्वप्रथम दासत्व महासन्धि, १९२६ को तर्जुमा राष्ट्र सङ्घबाट भएको थियो (राष्ट्र सङ्घको जन्म सन् १९१९ मा भएको थियो)। सन् १९४५ मा संयुक्त राष्ट्र सङ्घको उदय भएपश्चात सन् १९४६ मा राष्ट्र सङ्घ विघटन हुन पुग्यो। संयुक्त राष्ट्र सङ्घले सन् १९५३ मा दासत्व महासन्धि, १९२६ मा केही संशोधन गरी सन् १९५५ बाट लागु गरेको छ। नेपालले सन् १९६३ मा यस महासन्धिमा सहभागिता जनाएको छ। शक्तिको दुरूपयोग गरी कुनै व्यक्तिलाई स्वतन्त्र हुनबाट बलपूर्वक रोक्ने प्रयत्न गरिन्छ भने त्यो पनि दासत्व व्यवहार हो भनी उक्त महासन्धिको धारा १ ले भनेको छ। नेपालमा भएको हरवा/चरवाप्रथाले व्यक्तिलाई स्वतन्त्र हुन बलपूर्वक रोकेको अवस्था हुँदा हरवा/चरवाप्रथा दासत्व व्यवहार हो।

आफ्नो देशभित्र रहेका सबैखाले दासत्व व्यवहारको तत्काल अन्त्य गरी जनताको मानव अधिकार संरक्षण, सम्मान गर्ने प्रतिबद्धता दासत्व महासन्धि, १९२६ का सदस्य राष्ट्रहरूले जनाएका छन्। त्यसैगरी दासत्व, दास व्यापार, र दासत्व समानका संस्था र अभ्यासहरूको उन्मूलनसम्बन्धी पूरक महासन्धि, १९५६ दासत्वसम्बन्धी पहिलो महासन्धिलाई परिष्कृत गर्ने अभिप्रायले बनेको छ भने यसलाई पनि नेपालले सन् १९६३ मै सहभागिता जनाइसकेको छ। खासगरी यस महासन्धिले **ऋण दासत्व, बाँधा श्रम तथा दास व्यापारको अन्त्य**को परिकल्पना गरेको छ। हरवा/चरवाऋणसँग

सम्बन्धीत दासत्व व्यवहार हुँदा हरवा/चरवाका सम्बन्धमा यो महासन्धि अत्यन्त नजिकको सम्बन्ध राख्छ। नेपाल यो महासन्धिको पक्ष राष्ट्र भइसकेपश्चात जसरी पनि हरवा/चरवाप्रथा अन्त्य गर्नै पर्छ। किनभने कुनै पनि देश अन्तर्राष्ट्रिय कानुनको पक्ष राष्ट्र मात्रै भएर पुग्दैन। त्यसमा व्यवस्थित प्रावधान आफ्नो देशमा कार्यान्वयन गर्ने दायित्व सम्बन्धीत अन्तर्राष्ट्रिय कानुनले सिर्जना गरेको हुन्छ। र, सम्बन्धीत राष्ट्रले सो कुरामा आफू प्रतिबद्ध भएको घोषणा गरेको हुन्छ।

कसैले कसैलाई दास राख्न पाउने छैन। दास प्रथा तथा दासत्व व्यवहारका सम्पूर्ण स्वरूप निषेधित हुनेछन्। कोही पनि व्यक्तिले बाधा श्रमिकका रूपमा काम गर्नुपर्ने छैन। यस्ता व्यवहारलाई आपराधिक कार्य मानी सजाय बहन गराइनेछ भन्ने व्यवस्था नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि, १९६६ (International Covenant on Civil and Political Rights, 1966) को धारा ८ ले प्रबन्ध गरेको छ। त्यस्तै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि, १९६६ (International Covenant on Economic, Social and Cultural Rights, 1966) को धारा ६ ले प्रत्येक व्यक्तिले आफूले स्वतन्त्रतापूर्वक छानेका वा स्वीकार गरेका कामबाट आफ्नो जीवन धान्न सक्ने मौका सम्बन्धीत राष्ट्रले आफ्ना नागरिकलाई दिनुपर्छ भन्छ। साथै समान काममा बिनाभेदभाव समान तथा उचित ज्याला उपलब्ध गराउनुपर्ने र सुरक्षित एवं स्वस्थ कार्यवस्थाको प्रत्याभूति गर्नसमेत धारा ७ बमोजिम पक्ष राष्ट्रहरू बाध्य छन्। नेपाल यी दुवै अभिसन्धिको पक्ष राष्ट्र भइसकेको हुँदा राज्यमा उपलब्ध स्रोतहरूको अधिकतम सदुपयोग गर्दै यी दस्तावेजमा उल्लिखित व्यवस्थाहरू प्रगतिशीलरूपमा परिपूर्ति गर्दै जानुको विकल्प नेपालसँग छैन।

महिलाविरुद्ध हुने विभेद अन्त्यका लागि महिला-पुरुषबीच कुनै भेदभाव नराखी काम छान्न दिनुपर्ने र उचित सेवा/सुविधासहित समान व्यवहार गरिनुपर्ने विषय दर्बिलो ढङ्गले महिलाविरुद्ध हुने सबै प्रकारका विभेद अन्त्य गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९७९ (Covention on the Elimination of All forms of Discrimination against Women, 1979) ले उठाएको छ (धारा ११)। जातका आधारमा विभेद गर्न नहुने, सबैले आफूले इच्छाएको काम गर्न पाउने, समान काममा समान ज्याला दिइनुपर्ने व्यवस्थाका साथसाथै आवास, स्वास्थ्य तथा सामाजिक सुरक्षाको हक दिन इन्कार गर्न नहुने प्रबन्ध मिलाउन सबै प्रकारका जातीय विभेद अन्त्य गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९७९ (Covention on the Elimination of All forms of Racial, 1965) ले पक्ष राष्ट्रहरूलाई निर्देश गरेको छ (धारा १ र धारा ५)।

सन् २०३० भित्र विश्वभरिबाट रोग, भोक, गरिबी, अशिक्षा, भेदभाव, असमानता तथा अन्याय अन्त्यका लागि संयुक्त राष्ट्र सङ्घीय प्रयासमा दिगो विकास लक्ष्य (Sustainable DeveoLpment Goal) हाल विश्वभर कार्यान्वयनको चरणमा छ। यसको लक्ष्य नं. ८ ले प्रत्येक मानिसलाई आयआर्जनको उपयुक्त मौका, कार्यस्थलमा कामदारहरूको संरक्षण तथा वैयक्तिक प्रगति र सामाजिक अन्तरघुलनमा वृद्धि गर्न मर्यादित कामको अवसर प्रदान गर्ने प्रयत्न गरिनेछ भन्ने लक्ष्य लिएको छ। साथै बाँधा श्रम अन्त्यका लागि प्रभावकारी उपायहरू तुरुन्त अपनाइने विषय पनि लक्ष्य नं. ८ मै समेटिएको छ। त्यस्तै लक्ष्य नं. १ ले सबै प्रकारका गरिबीको अन्त्य गरिने र लक्ष्य नं. १६ ले दिगो विकासका लागि शान्तिपूर्ण तथा समावेशी समाजको निर्माण, सबैलाई न्यायमा पहुँच र सबै तहका निकायलाई पारदर्शी तथा समावेशी बनाउने परिकल्पना गरेको छ। त्यसैले रोग, भोक, गरिबी, अशिक्षा, असमानता, भेदभाव र अन्यायको चौतर्फी चपेटामा परेका हरवा/चरवासमुदायहरू दिगो विकासका उपरोक्त लक्ष्यहरूबमोजिम अविलम्ब संरक्षित र पुनर्स्थापित हुनुपर्ने हुँदा दिगो विकास लक्ष्यअनुरूपका नीति, योजना तथा कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्नु नेपाल सरकारको दायित्व हुन आउँछ।

समानताको सिद्धान्त भन्छ- कुनै पनि मानिसले उसको जीवन, स्वतन्त्रता, मान-मर्यादा, सुरक्षाजस्ता अधिकार उपभोग गर्दा विभेद वा असमानता भोग्नु वा अनुभूति गर्नुपर्ने अवस्था आउनुहुँदैन। चाहे त्यो मानिस गरिब, नपढेको, गाउँमा बसेको वा बोल्न, हिँड्न किन नसकोस् उसलाई जातजाति, धर्म, लिङ्ग, समुदाय, आर्थिक तथा सामाजिक अवस्था, उत्पत्ति, विचार, आस्था वा अन्य कुनै पनि आधारमा विभेद गरिनुहुँदैन। यदि विभेद गरिएमा उसको न्याय खोज्ने अधिकार सुरक्षित हुन्छ। मानव अधिकारका विभिन्न अन्तर्राष्ट्रिय कानुनको पक्ष राष्ट्र भइसक्दा पनि नेपालको प्रदेश नं. २ का केही मानिस हरवा/चरवाका रूपमा दास जीवन यापन गर्न बाध्य छन्। यो मानव अधिकारको उल्लङ्घन हो। मानव अधिकारको सम्मान गर्नु, यसको संरक्षण गर्नु र मानव अधिकारको परिपूर्ति गर्नुपर्ने दायित्व राज्यको हुन्छ। यहाँ राज्यका तिनै दायित्वबारे चर्चा गरिनेछ :

(क) मानव अधिकारको सम्मान गर्ने दायित्व :

राज्यले कुनै पनि नागरिकको मानव अधिकार उल्लङ्घन हुन नपाउने अवस्था सिर्जना गर्नुपर्छ। साथै मानव अधिकारको उपभोगमा बाधा नपुऱ्याई नागरिकको

मानव अधिकारप्रति सम्मान प्रकट गर्नुपर्छ। अर्थात नागरिकको मानव अधिकारको सुनिश्चितताका लागि राज्यले काम गर्नुपर्छ। हरवा/चरूवा दास व्यवहार भोगिरहेका छन्। उनीहरूले स्वतन्त्र हुन पाउनुपर्ने हुन्छ। यस सम्बन्धमा राज्यको ध्यानाकर्षण गराउन बन्द, हड्ताल गर्नुपर्ने हुन सक्छ। तर सरकारले बन्द, हड्ताल गऱ्यो भनेर जथाभावी निर्ममतापूर्वक कुटपिट गर्न, पक्राउ गर्न तथा मुद्दा चलाउन हुँदैन/पाउँदैन। यस्ता विषयलाई सरकारले पूरा गर्नुपर्ने मानव अधिकारको सम्मान भन्ने गरिन्छ।

(ख) मानव अधिकारको संरक्षण गर्ने दायित्व :

राज्यले नागरिकका लागि मानव अधिकारको निर्वाध उपभोगको अवस्था सुनिश्चित गर्नुपर्छ। तेस्रो पक्ष अर्थात कुनै व्यक्ति, संस्था वा अन्य गैरराज्य पक्षहरूद्वारा मानव अधिकारको दुरूपयोग वा हस्तक्षेप गर्न दिनुहुँदैन। यदि कसैको मानव अधिकारको दुरूपयोग भएको वा हस्तक्षेपमा परेको भए सोको अनुसन्धान गर्ने, पीडितलाई न्याय, क्षतिपूर्ति र पीडकलाई दण्ड सजायको व्यवस्था राज्यले गर्नुपर्छ। यो राज्यले मानव अधिकारको संरक्षण गर्ने दायित्वअन्तर्गतको विषय हो। त्यस्तै राज्यले बहिष्करणमा परेका तथा जोखिममा रहेका वर्ग/समुदायका लागि विशेष कानुनी एवं नीतिगत व्यवस्था गर्नु पनि मानव अधिकार संरक्षणअन्तर्गतकै विषय हो।

हरवा/चरवाशोषणमा परेका व्यक्ति तथा परिवार भए पनि नेपाली नागरिक नै हुन्। संविधानले प्रत्येक नागरिकलाई रोजगारी छनोट गर्न पाउने हक हुनेछ भन्ने व्यवस्था गरेको छ (धारा ३३.२)। त्यस्तै प्रत्येक व्यक्तिलाई शोषणविरुद्धको हक हुने, कुनै पनि आधारमा कसैलाई शोषण गर्न नपाउने, कसैलाई दास वा बाँधा बनाउन नपाउने अनि कसैलाई निजको इच्छाविरुद्ध काममा लगाउन नपाउने हकको सुनिश्चितता पनि संविधानमा छ (धारा २९(१) देखि (४) सम्म)। त्यसो हुँदा हरवा/चरवाले स्वतन्त्र भएर आफूले रोजेको पेशा/व्यवसाय गर्न पाउनुपर्छ। कसैले पनि उनीहरूविरुद्ध शोषण गर्न पाउँदैनन्। तर व्यवहार भने फरक छ। उनीहरू पुस्तौँदेखि अनिच्छित तथा बाध्यात्मकरूपमा कसैको घरमा हली र गोठालाको काम गरिरहेका छन् जुन कार्य अन्तर्राष्ट्रिय कानुनविपरित दासत्व व्यवहार हो।

यस्ता दासत्व व्यवहारहरूको समुल अन्त्यका लागि राष्ट्रियस्तरमा कानुनी व्यवस्था गर्नु राज्यको दायित्व हुन्छ। कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ ले हरवा/चरवाप्रथालाई निषेध गर्ने कोसिस गरेको छ। तर उक्त ऐनमार्फत

हरवा/चरवाको विषय कार्यान्वयनमा आउन सकेन। राज्यले हरवा/चरवाको काम गराउनेलाई दण्ड सजाय गरी पीडितलाई न्याय तथा क्षतिपूर्ति दिलाउन सक्नुपर्थ्यो तर चुक्यो। यो अवस्थामा हरवा/चरवाको मानव अधिकारको संरक्षण गर्न सरकारले नसकेको हुँदा हरवा/चरवालाई न्याय प्रदान गर्न २०५८ को ऐनमा समायानुकूल संशोधन, परिमार्जन तथा थप गरी कार्यान्वयनमा ल्याउनुपर्छ।

(ग) मानव अधिकार पूरा गर्नुपर्ने दायित्व :

राज्यले नागरिकको मानव अधिकारको सम्मान र संरक्षण गरेरमात्र पुग्दैन। अर्थात सबै नागरिक मानव अधिकारको उपभोग गर्न सक्षम नहुन सक्छन्। यस्तो अवस्थामा उनीहरूलाई अधिकार उपभोग गर्न सक्षम बनाउनुपर्छ। हरवा/चरवानिरक्षर छन्। उनीहरू विपन्न छन्। भूमिहीन छन् र पुनर्स्थापनाको पर्खाइमा छन्। पुनर्स्थापनाको व्यवस्था राज्यले गर्नैपर्ने हुन्छ। त्यसैले जोखिममा परेका नागरिकका मानव अधिकार पूरा गर्नुपर्ने दायित्वतर्फ राज्य झन् गम्भीर हुँदै नीति तथा योजना तर्जुमा र तिनको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ। अनिमात्रै मानव अधिकारप्रति पूरा गर्नुपर्ने राज्यको दायित्व पूरा भएको मानिन्छ।

संविधान र कानुनले कमैया प्रथा मुक्त गर्दैमा मुक्त कमैयाहरू सबै हक अधिकार एवं स्वतन्त्रता उपभोग गर्न सक्षम नहुने र शताब्दिऔँअगाडिदेखि शोषित र हक अधिकारबाट वञ्चित एवं शिक्षा हासिल गर्नबाट वञ्चित वर्गलाई केही अवधिसम्म राज्यले आवश्यक योजना तथा उपायहरू अवलम्बन गर्नुपर्छ भनी सर्वोच्च अदालतले सरकारलाई आदेशसमेत गरेको छ।[१] यस्ता आदेश सम्बन्धीत मुद्दामा मात्रै हैन, समान प्रकृतिका अन्य विषयमा पनि राज्यले लागु गर्नुपर्छ। मुद्दा पर्ला र आदेश आउला भनी राज्यले पर्खिनुहुँदैन/मिल्दैन।

२.२ नेपालमा न्यायिक हस्तक्षेप

न्यायालय जनताको अधिकार स्थापनाका लागि गठन भएको हुन्छ। नागरिक आफूविरुद्ध भएका अन्यायको बेहोरा लिई न्याय माग्न अदालत पुग्छन्। सरकारले

१ नेपाल राष्ट्रिय दलित समाज कल्याण सङ्घका अध्यक्ष उत्तर टमाटाविरुद्ध नेपाल सरकार, प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत, ने.का.प. २०६४, अङ्क १०, नि.नं. ७८९५

नागरिकका सम्बन्धमा गर्नैपर्ने काम गरेन भने सो कार्य गर्न आदेश दिन सक्ने निकाय न्यायालयमात्रै हो। त्यसैले भनिन्छ, नागरिकको अन्तिम सहारा न्यायालय भन्दा अर्को छैन। खासगरी पछाडि पारिएका तथा बहिष्करणमा परेका वर्ग/समुदायका लागि न्यायालय प्राण नै मानिन्छ। संसारभर र नेपालमा पनि राज्यबाटै ठगिँदै आएका नागरिकलाई सकारात्मक विभेदको उपाय तथा विशेष व्यवस्थामार्फत राष्ट्र विकासको मूल प्रवाहमा ल्याउन अदालतले निकै बुद्धिमतापूर्वक निर्णय गर्दै सरकारलाई विभिन्न समयमा विभिन्न आदेश गर्ने गरेको पाइन्छ। सार्वजनिक सरोकारको विषयमार्फत उठान भएका मुद्दामार्फत बहिष्करणमा परेका वर्ग/समुदायका व्यक्तिले बढी लाभ प्राप्त गर्न सक्छन्।

नेपालमा दासत्व गैरकानुनी व्यवहार हो। गैरकानुनी प्रचलन समाजमा कायम रहनु अनि पीडितले न्याय नपाउनु र पीडकलाई सजाय नहुनु राज्यको गम्भीर कमजोरी हो। कानुन जीवित हुनुपर्छ। कानुन कार्यान्वयनका लागि बन्छन्। निर्जीव बनाइयो भने यस्ता कानुन नबनाउनुसरह हुन्छ। कार्यान्वयनले मात्र कानुनलाई सजीवता प्रदान गर्छ। कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ दफा २(क) ले आफू वा आफ्नो परिवारले लिएको ऋण चुक्ता गर्न, पुर्खाले लिएको ऋण वा सोको ब्याज चुक्ता गर्न, ऋणदातासमक्ष कमैया श्रमिकको जमानी बसेकामा सोको ऋणदाताको ऋण चुक्ता गर्नका लागि गरिने श्रम वा सेवालाई 'कमैया श्रम' भनी परिभाषित गरेको छ। त्यस्तै दफा २(ख) ले 'कमैया श्रमिक' भन्नाले भैंसवार, गैवार..., हरवा/चरवा, हली, गोठालो, कमलरिया वा अन्य यस्तै नामबाट कमैया श्रम गर्ने व्यक्तिलाई सम्झनुपर्छ र दफा २(ग) ले 'कमैया ऋण' भन्नाले ऋणदाताबाट कमैया श्रमिकले लिएका नगदी, जिन्सी वा वस्तु सम्झनुपर्छ भनेको छ।

ऐनको दफा ३ ले कमैया श्रमिकका रूपमा काम गरेको व्यक्ति यो ऐन प्रारम्भ भएपछि कमैया श्रमिकबाट स्वतः मुक्त हुनेछ भन्ने व्यवस्था गऱ्यो। साथै ऐनको प्रस्तावनाले कमैया श्रम निषेध गर्ने कुराको उद्देश्य लिएको र कमैया श्रमिकको परिभाषा गर्दा नेपाली समाजमा विद्यमान सबैखाले दास प्रथाका अवशेष उल्लेख गर्ने प्रयास भएको हुँदा कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ मुक्त कमैयासहित सबै प्रकारका बाँधा श्रमिकको समस्या सम्बोधन गर्न जारी भएको रहेछ भनी सहज अनुमान गर्न सकिन्छ। र, स्वाभाविकरूपमा आशा पनि गर्न सकिन्छ कि एकैखाले समस्या निराकरणका लागि छुट्टाछुट्टै भन्दा एकीकृत कानुनी व्यवस्था नै प्रभावकारीरूपमा कार्यान्वयनमा आउन सक्छ। यसरी सबै समस्या एकैपटक समाधान भई समतामूलक समाज निर्माण हुन्छ।

संविधान तथा कानुनबमोजिम सरकारले गर्नुपर्ने कुनै काम नगरेको कारणबाट जनसाधारणको हक/हितमा प्रतिकूल असर परेको कुरा सार्वजनिक हक वा सरोकारको विषय बन्छ।[२] कुनै वर्ग वा समुदायविरुद्ध दासत्व व्यवहार हुनु सार्वजनिक सरोकारको विषय हो। दासत्व जस्ता अवैज्ञानिक, अमानवीय तथा प्रगतिशील परिवर्तनका बाधक व्यवहारहरू समाजबाट हट्नुपर्छ। यस सम्बन्धमा सार्वजनिक सरोकारको विषयअन्तर्गत अदालत प्रवेश गरेका मुद्दामा सर्वोच्च अदालतले सरकारका नाममा परमादेश तथा निर्देशात्मक आदेश जारी भएको पाइन्छ।

२.२.१ कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ अन्तर्गत बनेका सरकारी कार्यक्रमले हलियालाई समेट्न सकेन[३]

कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ तथा यसको कार्यान्वयनका लागि बन्ने नियम, निर्देशिका तथा कार्यविधिहरूको प्रयोगमार्फत समाजमा विद्यमान दास प्रथाका सबैखाले अवशेष नियन्त्रित तथा निर्मूल हुन्छन् भन्ने आशा समाजलाई थियो। तर सरकारले ऐन कार्यान्वयन गर्दा ऐनको उद्देश्यबमोजिम सबै प्रकारका बाँधा श्रमिकको हकमा नभई केवल तराई क्षेत्रका थारू कमैयाको पुनर्स्थापनाको कार्यमा मात्र लक्षित भई दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर गरी जम्मा ५ जिल्लामा ऐनबमोजिमका संयन्त्र तथा योजना केन्द्रित हुन पुगे। जुन कार्य असमान व्यवहार भई त्रुटिपूर्ण थियो। यसै सन्दर्भलाई लिएर सार्वजनिक सरोकारको विवादका रूपमा वि.सं. २०६१ सालमा सर्वोच्च अदालतमा रिट निवेदन पऱ्यो।

रिट निवेदनमा माथि उल्लिखित ५ जिल्लामा मात्र केन्द्रित भई सरकारले मुक्त कमैयासम्बन्धी कार्य सञ्चालन गर्दा सुदूरपश्चिमका अन्य पहाडी जिल्ला दार्चुला, बैतडी, डडेल्धुरा, डोटी, अछाम, बझाङ र बाजुराका सयौँ हलिया घर परिवारको मुक्ति तथा पुनर्स्थापनासम्बन्धी कार्य प्रारम्भसम्म गर्न सकेन भन्ने कुरा उल्लेख थियो। हलिया पुनर्स्थापनासम्बन्धी कुनै पनि काम कारबाही सञ्चालन नै नगर्ने सरकारको उक्त कार्य भेदभावपूर्ण, गैरकानुनी र अन्यायपूर्ण छ। तसर्थ ऐनले परिभाषित गरेका हलियाका साथै सम्पूर्ण मुक्त कमैयालाई पुनर्स्थापना तथा अनुगमन समिति गठन गर्दै भेदभावरहित ढङ्गले समानरूपमा पुनर्स्थापन गर्न/गराउन सरकारका

२ ने.का.प. २०७३, अङ्क ७, नि.नं. ९६८६, पृष्ठ १७९८

३ नेपाल राष्ट्रिय दलित समाज कल्याण सङ्घविरुद्ध नेपाल सरकार, प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत, ने.का.प. २०६४, अङ्क १०, नि.नं. ७८९५

नाउँमा परमादेशसमेतको आदेश जारी होस् भन्ने माग रिट निवेदनमा उल्लेख थियो ।

सर्वोच्च अदालतले वि.सं. २०६४ सालमा प्रस्तुत रिट निवेदनउपर सुनुवाइ गर्दै नेपालको अन्तरिम संविधान, २०६३ ले निवेदकले निवेदनमा उठाएको वर्गहरूका लागि विशेष मौलिक हकको व्यवस्था गरेको छ। तसर्थ विशेष नीति बनाइ उनीहरूको उत्थानका लागि विशेष व्यवस्था गर्नुपर्ने देखिन्छ। त्यसैगरी मानिसलाई दास तुल्याउन, बाधा बनाउन वा कुनै किसिमले निजको इच्छाविरुद्ध कार्य गराउन निषेध गरी शोषणविरुद्धको हक प्रत्येक नागरिकलाई प्रदान गरेको पाइन्छ। त्यस्तै धारा ३५(१५) मा मुक्त कमैयाको सङ्ख्या एकीन गरी उनीहरूको बसोबासका लागि आधारभूत भूमि र रोजगारीको व्यवस्था गर्ने नीति राज्यले अवलम्बन गर्नेछ भन्ने स्पष्ट संवैधानिक व्यवस्था भएको देखिन्छ। संविधान तथा ऐनले कुरीतियुक्त प्रथाहरूमाथि प्रतिबन्ध लगाइसकेपछि कुप्रथाहरू कानुनी एवं व्यावहारिक दुवैरूपले कायम रहन सक्दैनन्। सबै मुक्त कमैयाको संरक्षण, सशक्तीकरण र विकासका लागि कानुन बनाई विशेष व्यवस्था गर्न र ती वर्गको उत्थानका लागि विशेष आर्थिक कार्यक्रम एवं नीति बनाई लागु गर्नुपर्ने राज्यको प्रमुख संवैधानिक कर्तव्य हो। तसर्थ, निवेदकले माग गरेको जातिलाई पुनर्स्थापना गर्नुपर्ने राज्यको निर्दिष्ट सिद्धान्तको व्यवस्थालाई ध्यानमा राखी अब बाँकी जिल्लामा कुनै खास जातिका आधारमा भेदभाव नगरी मुक्त कमैयाको सशक्तीकरण र विकास तथा पुनर्स्थापनासमेत गर्नुपर्ने देखिन आउँछ।

संविधान र कानुनले कमैया प्रथा मुक्त गर्दैमा मुक्त कमैयाहरू संविधान र कानुनले दिएको सबै हक अधिकार एवं स्वतन्त्रता उपभोग गर्न सक्षम हुँदैनन्। शताब्दिऔँअगाडिदेखि शोषित र हक अधिकार उपभोग गर्नबाट, शिक्षा हासिल गर्नबाट वञ्चित वर्गलाई केही अवधिसम्म राज्यको संरक्षण आवश्यक पर्छ। यही कुरालाई ध्यानमा राखी नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ को प्रतिबन्धात्मक वाक्यांश[४] र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३[५]

४ तर महिला, बालक, वृद्ध वा शारीरिक वा मानसिकरूपले अशक्त व्यक्ति वा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण वा विकासका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिनेछ।

५ **धारा १३ : समानताको हक**
(१) सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन्। कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन।
(२) सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात, जाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन।
(३) राज्यले नागरिकहरूका बीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक

लगायतका धारामा राज्यले मुक्त कमैयाहरूलाई विशेष संरक्षित वर्ग मानी सो वर्गको हितका लागि विशेष व्यवस्था गर्न सक्ने व्यवस्था गरेको हो तर देशभरका सबै कमैयाका सन्दर्भमा कार्य नभएको भन्ने देखियो। अतः **संविधान र ऐनको उद्देश्य प्राप्तिका लागि कमैया जातिलगायत कुनै पनि जातिलाई भेदभाव नहुने गरी देशभरका सबै प्रकारका दास प्रथालाई सम्बोधन गर्नेगरी समितिहरू बनाइ उल्लिखित वर्ग र जातको उत्थानका लागि संविधानले संरक्षण दिएबमोजिम आवश्यक कारबाही गर्नू** भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने ठहराउँदै फैसला भयो।

२.२.२ हलियाको माग सम्बोधन गर्ने विषय सरकारी स्वेच्छाको विषय हुन नसक्ने[६]

हलिया मुक्त भएको ६ वर्षभन्दा बढी भइसकेको भए पनि पुनर्स्थापनाको कार्य सम्झौता तथा सिफारिसबमोजिम नभइरहेको अवस्था हुँदा सो कार्य तत्काल अगाडि नबढाए मुक्त हलिया भनिएका हलियाहरू, हलिया महिलाहरू, हलियाका बालबालिकाहरूको अवस्था थप कष्टकर हुने हुँदा मिति २०६५/५/२० गते नेपाल सरकार र मुक्त हलिया महासङ्घसँग भएको ५ बुँदे सम्झौता र मिति २०६५/६/१० गते नेपाल सरकार, शान्ति तथा पुनर्निर्माण मन्त्रालयले पेश गरेको १० बुँदे सिफारिसका आधारमा उनीहरूको मानव अधिकारको प्रत्याभूति गर्न नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम विपक्षीको नाममा परमादेशलगायतका आदेश जारी होस् भन्ने रिट निवेदन मिति २०७१/३/११ म परेको पाइन्छ।

रिट निवेदनउपर सुनुवाइ गर्दै हलियाका सन्दर्भमा सरकारले स्पष्टरूपमा उनीहरूको पहिचान, प्रमाणीकरण र वर्गीकरण गरी पुनर्स्थापना गर्ने विषय स्वीकार गरिसकेको

आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन।
तर महिला, दलित, आदिवासी जनजाति, मधेसी वा किसान, मजदूर वा आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएको वर्ग वा बालक, वृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिकरूपले अशक्त व्यक्तिको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन।
(४) समान कामका लागि महिला र पुरुषका बीच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन।

६ राष्ट्रिय मुक्त हलिया महासङ्घ र आफ्नो हकमा समेत सो सङ्घका पूर्वअध्यक्ष जिल्ला डोटी, डौड गा.वि.स. वडा नं. ६ बस्ने डम्मर बि.क. भन्ने डुमेर कामीसमेत विरुद्ध नेपाल सरकार, प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौँ मेत, रिट नं. ०७०-WO-०९०५, विषय : परमादेश, फैसला मिति : २०७४ चैत १४ गते।

छ। नेपालको संविधानले हलियासहितका कमजोर र पिछडिएका वर्ग तथा व्यक्तिहरूको पुनर्स्थापनालाई राज्यको दायित्व हुने भनी स्वीकार गरिसकेको अवस्थामा हलियाहरूको मागको सम्बोधन गर्ने कुरा अब कसैको लहडको विषय रहन सक्दैन। यो अब गरे पनि हुने र नगरे पनि हुने सरकारी स्वेच्छाको विषय हुन सक्दैन।

सरकारले हलिया मुक्तिको घोषणा गरेको दश वर्षभन्दा बढी भइसेकेको छ। तर हलियाहरूको श्रम शोषण, विभेद, अवहेलना र तिरस्कारको अवस्था अन्त्य हुन सकेको छैन। संविधानद्वारा प्रत्याभूत उनीहरूको सम्मानपूर्वक बाँच्न पाउने हक सुनिश्चितताको, विभेदपूर्ण अवस्था, शोषण तथा छुवाछूत अन्त्य, उनीहरूको स्वास्थ्य, आवास, खाद्यसम्बन्धी हक, सामाजिक न्याय तथा सामाजिक सुरक्षा हक र उनीहरूका छोराछोरीको शिक्षाको हक कुण्ठित भइरहेको अवस्था छ। अधिकारहरूको सम्मान हुन नसक्दा र राज्यले आफूले व्यक्त गरेको प्रतिबद्धता पूरा गर्न नसक्दा संविधान र संविधान सिर्जित राज्यका निकायहरूप्रति नै निराशा उत्पन्न हुन जान्छ। भोका, निरीह र सदियौँदेखि शोषित हलियाहरूले बिनाकुनै राहत आफ्नै खुट्टामा उभिन सक्ने अवस्था अहिले छैन। उपरोक्त आधार र कारणहरूबाट हलियाको पुनर्स्थापनाका लागि शीघ्र र तालिकाबद्ध एवं व्यवस्थितरूपबाट कार्य गर्नु आवश्यक देखिन आयो। तसर्थ, **हलिया प्रतिनिधिसमेतको सहभागितामा एक उच्चस्तरीय आयोग गठनमार्फत उनीहरूको पुनर्स्थापना गर्नुपर्ने देखिँदा आयोग स्थापना गरी स्पष्ट कार्यादेश र कार्यवधिसमेत तोकी पुनर्स्थापनाको कार्य गर्नुपर्ने हुन आयो।** तसर्थ, आयोग खडा गरी हलियाहरूले पेश गरेको ११ बुँदे मागसमेतको सम्बोधन गर्ने प्रबन्ध मिलाइ यो आदेश प्राप्त भएको मितिले ३ महिनाभित्र कार्य प्रारम्भ गरी ३ वर्षभित्र सम्पन्न गर्नू भनी निर्देशनात्मक आदेश जारी भएको छ। साथै फैसलामा यो आदेश कार्यान्वयन भए/नभएको विषय सर्वोच्च अदालत, फैसला कार्यान्वयन महानिर्देशनालयमार्फत अनुगमन गर्नू/गराउनू भन्नेसमेत उल्लेख भएको पाइन्छ।

२.२.३ कमलरी प्रथा अन्त्यका लागि कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ को प्रभावकारी कार्यान्वयन हुनुपर्छ[७]

बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ बालबालिकासम्बन्धी ऐन, २०४८ र नेपाल अधिराज्यको संविधान, २०४७ द्वारा सुनिश्चित गरिएका बाल

७ असहाय नानीहरूको साथी (FNC) संस्था विरुद्ध श्री ५ को सरकार, प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत, ने.का.प.२०६३ अङ्क ५, निर्णय नं. ७७०५

अधिकारसम्बन्धी प्रावधानले बाल अधिकार प्रचलनका लागि नेपालमा विद्यमान घरेलु बाल श्रमको निकृष्ट परम्परागत कुरीतिलाई कानुनीरूपमा निषेध गरी कमलरी प्रथालगायत १४ वर्षमुनिका घरेलु बाल श्रमिकलाई तत्काल मुक्त घोषित गर्नू। साथै उनीहरूलाई पुनर्स्थापना गर्न राष्ट्रियस्तरमा कोषको व्यवस्था गरी सामाजिक न्यायका दृष्टिले घरेलु बाल श्रमिकको बाल अधिकारको संरक्षण गर्न यथाशीघ्र उचित र पर्याप्त कानुनी एवं प्रशासनिक व्यवस्था गर्नू/गराउनू भनी विपक्षीहरूका नाउँमा परमादेशलगायतको आदेश जारी होस् भन्ने माग रिट निवेदनको थियो।

उपरोक्त रिट निवेदनउपर सुनुवाइ गर्दै सर्वोच्च अदालतले घरेलु बाल श्रम सार्वजनिक जानकारीमा नआउने, लुकेको, अदृश्य र कानुनी उपचारमाथि सहजै पहुँच हुन नसक्ने अनौपचारिक श्रम हो। त्यस्तै नेपालको पश्चिमी क्षेत्रका विभिन्न जिल्ला, जस्तै- दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा बसोबास गरिआएको थारू समुदायका विपन्न परिवारले ७-८ वर्षदेखिका अत्यन्त कलिला बालबालिकालाई जिल्लाका कथित साहू महाजन र सहरियाको घरमा नोकर बस्नका लागि लैजाने घरेलु श्रमिक बालिकाहरूलाई 'कमलरी' भन्ने गरेको पाइन्छ।

अनौपचारिक क्षेत्रमा काम गर्न बाध्य भएका वा बाध्य बनाइएका बालबालिकाको अवैध, अमानवीय एवं निकृष्ट प्रकारको बालश्रम शोषणविरुद्ध उचित कानुन तथा सवल संयन्त्रसमेतको विकास गरी प्रभावकारीरूपमा बालबालिकाको संरक्षण गर्न नसक्नु सरकारको कमजोरी हो। जसबाट केवल बालबालिका मात्र पीडित नभई समग्र राष्ट्रलाई नै अपुरणीय क्षति पुग्ने निश्चित छ। तसर्थ कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ ले गरेको व्यवस्था र बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ ले गरेको व्यवस्थाअन्तर्गत बालबालिकाको अधिकार संरक्षण गर्नु सरकारको कानुनी एवं संवैधानिक दायित्व र कर्तव्य हो।

संविधान र ऐन कानुनका किताबका ठेलीहरूमा तथा मानव अधिकारका अन्तर्राष्ट्रिय दस्तावेजमा लेखिएका हक र अधिकारका व्यवस्थाहरूले मात्र बालबालिकाहरू शोषणमुक्त हुँदैनन्। जसका लागि हकको व्यवस्था गरिएको हो त्यस्ता हकका हकदारहरू आफ्नो हकका बारेमा सुसूचित र सचेत हुन आवश्यक हुन्छ। हकका हकदार आफ्नो हकका बारेमा अनभिज्ञ रहने हो भने राज्यका तर्फबाट जतिसुकै योजना र ऐन कानुन बनाए पनि आर्थिक कमजोरीका कारण आफ्नो इच्छा विपरीत बालबालिकालाई कमलरी प्रथालगायत घरेलु नोकरका रूपमा काममा लगाई गरिबी र कुरीतिको सिकार भइरहन्छन्। र, नोकर जस्ता

दासत्व कुरीतिहरूको अन्त्य हुन सक्दैन ।

कमैया श्रम निषेध गर्ने, मुक्त कमैयालाई पुनर्स्थापना गर्ने आदि उद्देश्यले कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन बनी लागु भइरहेको अवस्था छ । अर्कोतिर उक्त ऐनको कार्यान्वयन हुन नसकी कमैयाहरूको स्थिति अझ दयनीय बनी उक्त दफा ४ र ५ अनुरूप समेत संरक्षण र पालन पोषण गर्नुपर्नेमा जस्तोसुकै श्रम गर्न पनि बालबालिका बाध्य भएको अवस्था देखिन आएको छ । अतः कमलरी प्रथाले नेपालले हस्ताक्षर गरेको बाल अधिकारसम्बन्धी महासन्धिका विभिन्न धाराले प्रदान गरेका अधिकारहरूको समेत हनन् हुने हुँदा **कमैया श्रम** (**निषेध गर्ने**) **सम्बन्धी ऐन, २०५८ को प्रभावकारी कार्यान्वयन गर्न नेपाल सरकारको नाममा परमादेशको आदेश जारी हुने** ठहराउँदै सर्वोच्च अदालतबाट फैसला भएको छ ।

त्यस्तै फैसलाले **कमलरी प्रथा अन्त्यका लागिमात्र होइन कि बालबालिकाको अन्य प्रकारले शोषण हुन नदिनका लागि र बालबालिकाको महासन्धिले सिर्जित हक र अधिकार सुरक्षित गर्न पनि आवश्यक कानुन बनाउनु नेपाल सरकारको दायित्व हुने हुँदा घरेलु नोकर निषेधसम्बन्धी कानुन बनाउनू** भनी नेपाल सरकारलाई आदेश गरेको छ ।

त्यस्तै नेपालले स्वीकृति जनाएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरू खासगरी बाल अधिकारसम्बन्धी महासन्धि १९८९, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६६ र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६६ जस्ता मानव

ऐनले कमैया भनी परिभाषित र मुक्त घोषित कुनै पनि श्रमिकलाई पुनर्स्थापना गर्दा सरकारले विभेद गर्न मिल्दैन । पुनर्स्थापनाको कार्यलाई सहज र अर्थपूर्ण बनाउन सबै स्वरूपका कमैया श्रमिकको वास्तविक तथ्याङ्क सरकारीस्तरबाट सङ्कलन गर्नुपर्छ । ऐनको प्रभावकारी कार्यान्वयनका लागि ऐनको विद्यमानता सम्बन्धमा जनस्तरसम्म प्रचारप्रसार गरिनुपर्छ जसबाट हकवालाले आफ्नो अधिकारबारे थाहा पाउन् । साथै कमैयाहरूको समस्या समाधान गर्न सेक्टरलरूपमा सम्बन्धीत कमैया श्रमिकको समेत उचित प्रतिनिधित्व सुनिश्चित गरी कार्यावधि तथा कार्यादेश प्रष्ट तोकी आयोग स्थापना गरी काम गर्न उपयुक्त हुन्छ । र, ऐन कानुन समयानुकूल तथा अन्तर्राष्ट्रिय कानुनहरूसँग मेल खानेगरी तर्जुमा, संशोधन, परिमार्जन गर्दै कार्यान्वयनमा ल्याउनुपर्छ ।

जीवनका सबै अवस्था समेट्ने अत्यावश्यकीय महासन्धिहरू बालबालिकाको पाठ्यक्रममा नै समावेश गर्न उपयुक्त हुनेतर्फ विपक्षी मन्त्रिपरिषद् र शिक्षा मन्त्रालयको नाममा निर्देशनात्मक आदेशसमेत जारी हुने ठहराउँदै फैसला गरेको छ।

उपरोक्त फैसलाहरूको मुख्य सार

सर्वोच्च अदालतले गरेका फैसलाहरूले कानुनको रूप ग्रहण गर्छन्। अदालत स्वयंले उस्तै विषयमा भएका फैसलालाई पछिल्ला मुद्दाहरूमा नजीरका रूपमा प्रयोग गर्छन्। सङ्क्षिप्तमा भन्दा न्यायिक प्रतिक्रिया तथा निर्देशनको हुबहु परिपालना भएमात्र सामाजिक परिवर्तनका लागि न्यायालयको उपस्थिति सिद्ध हुन्छ। माथि उल्लिखित दुईवटा फैसलाले दासत्वविरुद्ध सरकारलाई आवश्यक काम गर्न निर्देश गरेका छन्। हरवा/चरवाप्रथा दास प्रथा हो। उक्त कुरा कमैया श्रम (निषेध गर्नेसम्बन्धी) ऐन, २०५८ मा पनि उल्लेख छ। हरवा/चरवाले भोग्दै आएको नियति दासत्वको पराकाष्ठा हो। यस्ता दास व्यवहार अन्त्य नहुँदासम्म समाजमा असमानता कायमै रहन्छ- फैसलाले भनेको छ। तसर्थ, उपरोक्त फैसला कार्यान्वयन हुँदा हरवा/चरवासमेतलाई समट्दै कार्यान्वयन हुनु उपयुक्त हुन्छ। नीति, ऐन, नियम, निर्देशिका बनाउने कार्य महत्वपूर्ण भए पनि साधन (means) मात्र हुन्। साध्य (end) हैनन्। तसर्थ, साध्यलाई व्यावहारिक बनाउन न्यायिक हस्तक्षेपहरूको प्रभावकारी कार्यान्वयन हुनुपर्छ। फैसलाहरूको मनसाय निम्न छन् :

भाग-३

दासत्वविरूद्ध संवैधानिक प्रयास

संविधान देशको सर्वोच्च राजनीतिक दस्तावेज तथा मूल कानुन हो । संविधानभित्र राज्यका अङ्ग तथा नागरिकहरूको अधिकार, कर्तव्य तथा सम्बन्ध र राज्य सञ्चालनका विधीहरू निर्धारण हुने भएकाले यसलाई मूल कानुन भनिएको हो । नेपालको संवैधानिक इतिहास पनि लामै छ । वि.सं. २००४ सालदेखि प्रारम्भ भएको संविधान निर्माणको यात्रा २०७२ सालसम्म आइपुग्दा ७ वटा संविधान बनिसकेका छन् । यसरी धेरै संविधान बनाउने देशमध्ये नेपाल पनि अग्रपङ्क्तिमै पर्छ । यसो हुनुपछाडि संविधानले देशभित्र रहे/भएका विविधता अनि असमानता तथा विभेदहरूलाई उचित सम्बोधन गर्न नसक्दा पनि एकपछि अर्को संविधान बनाउने कार्यमा गुज्रिनुपरेको हो भन्ने एकथरी निष्कर्ष निकाल्दा अन्यथा हुँदैन । यो परिच्छेदमा नेपालले हालसम्म बनाएका संविधान र तीभित्र अटेका दास प्रथा तथा दासत्व व्यवहारलाई सम्बोधन गर्नेगरी व्यवस्थित प्रावधानहरूको चर्चाको प्रयास गरिएको छ ।

३.१ नेपाल सरकार वैधानिक कानुन, २००४

नेपाल सरकार वैधानिक कानुन, २००४ नेपालको पहिलो संविधान हो । यो संविधान जारी त भयो तर राणा परिवारको बेमेलका कारण लागु हुन भने पाएन । उक्त संविधानमा दास तथा दासत्व व्यवहारलाई सम्बोधन गर्ने प्रत्यक्ष कुनै व्यवस्था नभए पनि व्यक्तिगत स्वतन्त्रता र समानताको हकको विषय मौलिक हकअन्तर्गत

समेटिएको थियो। साथै उक्त संविधानले व्यवस्थापिका-संसद्मा श्रमजीवीहरूबाट १ जनाको प्रतिनिधित्व रहने व्यवस्था परिकल्पना गरेको थियो। उक्त व्यवस्था समाजमा विद्यमान सबैखाले श्रमिकहरूको सम्मान र श्रमिकबीच हुने असमानता अन्त्यको अभिप्रायले व्यवस्थित भएको हुनुपर्छ। अर्थात उतिखेरका विधायकहरूले उक्त संविधान तर्जुमा गर्दा श्रमिकहरूको सम्मान गर्न नसके देश विकास हुन सक्दैन भन्ने निष्कर्ष निकालेको हुनुपर्छ। तर उक्त संविधान कार्यान्वयनमा आउन नसक्दा सम्बन्धीत व्यवस्थाको नतिजा देख्न भने पाइएन।

३.२ नेपाल अन्तरिम शासन विधान, २००७

नेपालमा दोस्रो संविधानका रूपमा जारी भएको संविधान हो- नेपालको अन्तरिम शासन विधान, २००७। यो संविधान वि.सं. २०१६ को असारसम्ममा छैटौँपटकसम्म संशोधन भई लागु भएको भेट्टाइन्छ। यो संविधानको धारा ४ मा उल्लिखित व्यवस्था हेर्दा जनताको सुरक्षालाई बढी ध्यान दिन खोजेको पाइन्छ।[१] त्यस्तै '**मजदूर, स्त्री-पुरुषको स्वास्थ्य र बल तथा केटाकेटीहरूको कलिलो उमेरको दुरूपयोग हुन नदिने र नागरिकहरूलाई आर्थिक परिस्थितिले निजहरूको उमेर वा बललाई नसुहाउने रोजगार गर्न बाध्य गर्न नदिने**'[२] भन्ने व्यवस्था गरेको पाइन्छ। उक्त व्यवस्थाले कसैलाई बाध्यात्मकरूपमा श्रममा लगाउने विषयलाई उतिखेरै निषेध गर्न खोजेको पाइन्छ। त्यस्तै उचित जीवन निर्वाहका लागि आवश्यक पर्ने तलब तथा सामाजिक-सांस्कृतिक अवसर दिने प्रत्याभूति पनि उक्त संविधानमा पाउन सकिन्छ।[३] सरकारले विशेष ध्यान दिएर निर्बल वर्गका लागि शिक्षा र आर्थिक हित बढाउने र उनीहरूलाई सामाजिक अन्याय र सबै किसिमको शोषणबाट रक्षा गर्नेछ भन्ने व्यवस्था धारा ११ मा पाइन्छ। सम्पूर्ण जनताको आर्थिक-सामाजिक पक्षको संरक्षण नगरी देश समृद्ध नहुने विषय राज्यले उतिखेरै स्वीकार गरेको देखिन्छ। र, यसका लागि सरकार नै मुख्य जिम्मेवार हो भन्ने अवधारणामा सो बेलाका संविधान निर्माताहरू छर्लङ्ग भएको पाउन सकिन्छ। यो व्यवस्था हेर्दा नेपालमा कानुनी व्यवस्थाको कमी हैन कि कार्यान्वयन पक्ष नै कमजोर रह्यो भन्ने तथ्य पुनः प्रमाणित हुन्छ।

१ **सामाजिक व्याख्या** : सरकारले सकेसम्म प्रभावपूर्णरूपले राष्ट्रिय जीवनका संस्थाहरूमा सामाजिक, आर्थिक र राजनीतिक, न्यायपूर्ण भएको सामाजिक व्यवस्था र सुरक्षा गरी जनताको कल्याण बढाउने कोसिस गर्नेछ।

२ धारा ५(ङ)

३ धारा ९

नेपालको अन्तरिम विधान, २००७ को दास प्रथासँग प्रत्यक्ष सम्बन्ध राख्ने व्यवस्थाका रूपमा धारा २० लाई भेट्टाउन सकिन्छ। उक्त धाराको उपधारा (१) मा **मानिसको बेचबिखन तथा बेठबेगारसम्बन्धी व्यवस्थाअन्तर्गत मानिसको बेचबिखन र बेठबेगार तथा यस्तै प्रकारका अरू जबर्जस्ती काम गराउन मनाही गरिएको छ। कसैले यसको बर्खिलाप गरेको ठहरिए ऐनबमोजिम सजाय हुनेछ** भन्ने बलियो व्यवस्था भएको पाइन्छ। साथै सोही धाराको उपधारा (२) मा **लोक प्रयोजनका लागि काम अनिवार्य गर्न राज्यलाई बाधा अड्काउ हुने छैन। यसो गर्दा धर्म, जाति, जात (वर्ण) वा वर्ग इत्यादि कुनै पनि कुराको कारणबाट भेदभाव गरिने छैन** भन्ने अविभेदसम्बन्धी प्रष्ट व्यवस्था भएको पाइन्छ। हालसम्म बाँधा श्रमविरुद्ध केही कानुन तथा नीतिहरू व्यवस्थित भए पनि हरवा/चरवाका लागि स्पष्ट कानुनी व्यवस्था भने हुन सकेको छैन। कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ मा हरवा/चरवालाई कमैया श्रमिकअन्तर्गत पारिए पनि उनीहरूका निम्ति कुनै कार्यक्रम तय गरिएनन्। फलस्वरूप हरवा/चरवाहरू आज पनि दोस्रो दर्जाको नागरिकका रूपमा जीउन बाध्य छन्।

३.३ नेपाल अधिराज्यको संविधान, २०१५

यो संविधानको धारा ३ मा **वैयक्तिक** स्वतन्त्रताको विषयलाई निकै गम्भीरताका साथ व्यवस्थित गरिएको पाइन्छ। यसको उपधारा (१) मा **कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण नहुने** भनेको छ तापनि आजसम्म सयौँ मानिस पहिल्यै लिएको ऋण र सोको ब्याज चुक्ता गर्न ऋण दिने धनीको घरमा हरवा/चरवाको काम गर्न बाध्य छन्। त्यस्तै उपधारा (२) मा मानिसको बेचबिखन, दासत्व र कुनै किसिमको जबर्जस्ती काम गराउन निषेध गरिएको भनिएको छ। समाजमा व्याप्त दासत्व व्यवहार नियन्त्रण गर्न धेरै समयपछि कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ जारी भए तापनि थारू समुदायका लागिमात्रै कार्यान्वित हुँदै आयो। उक्त ऐन हरवा/चरवाका लागि कार्यान्वयन हुन नसक्दा हरवा/चरवा२००४ सालदेखिकै संवैधानिक प्रयासहरूले वर्जित गरेको दासत्व व्यवहार भोग्न आज पनि बाध्य छन्। जुन कारण नेपाल अधिराज्यको संविधान, २०१५ को धारा ४ ले परिकल्पना गरेको सबै नागरिक कानुनको समान संरक्षणको हकदार हुने तथा सामान्य कानुन प्रयोगमा कुनै पनि नागरिक माथि ...वर्ण, जात, जातिका आधारमा भेदभाव नगरिने भन्ने व्यवस्थाको पनि उपहास आजसम्म भइराखेको छ।

३.४ नेपालको संविधान, २०१९

यो नेपालमा चौथो संविधानका रूपमा राजा महेन्द्रले बहुदलीय प्रजातान्त्रिक शासन व्यवस्थालाई विस्थापित गरी पञ्चायती शासन व्यवस्था सुहाउँदो व्यवस्था गर्न ल्याएका थिए। नेपालमा सबैभन्दा बढी (२८ वर्ष) टिकेको संविधान हो यो। निर्दलीय पञ्चायती शासन व्यवस्था, मुलुकको सार्वभौमसत्ता र राजकीय सत्ता श्री ५ मा निहित, नेपाल हिन्दु अधिराज्य यो संविधानका प्रमुख विशेषता थिए। उपरोक्त विशेषता भएको संविधानमार्फत बन्ने सरकार र तिनले बनाउने नीति नियमबाट दासत्वविरुद्ध खासै सकारात्मक अपेक्षा गरिहाल्न सक्ने अवस्था भने थिएन। तत्कालीन सरकारले दासत्वविरुद्ध के/कस्ता उपया अवलम्बन गरेको थियो भन्नेतर्फ छुट्टै अध्ययनको आवश्यकता होला। तथापि उक्त संविधानले दासत्वविरुद्ध केही सकारात्मक व्यवस्था भने गरेको थियो।

यो संविधानको मौलिक हकअन्तर्गत समेटिएको समानताको हकमा **सबै नागरिक कानुनको समान संरक्षणका हकदार हुनेछन्**[४] भन्ने कुरा उल्लेख थियो। त्यस्तै दासत्वविरुद्ध प्रत्यक्ष व्यवस्थाका रूपमा **मानिसको बेचबिखन, दासत्व र मानिसलाई कुनै किसिमको जबर्जस्ती काम गराउन निषेध गरिएको छ**[५] भन्ने व्यवस्था राखिएको थियो। जुन व्यवस्था हरवा/चरवाको पनि संरक्षण गर्न आएको थियो तर व्यवस्था केवल व्यवस्थामै सीमित रह्यो। कार्यान्वयन भएको यदि हुन्थ्यो भने हरवा/चरवाअहिलेको जस्तो दयनीय अवस्थामा बाँच्न पक्कै पर्ने थिएन। उक्त संविधानले **व्यापक राष्ट्रिय दृष्टिकोणबाट विभिन्न वर्ग र व्यवसायको हितमा सामञ्जस्यता ल्याइ एउटा प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र** शोषणरहित **समाजका सिर्जना गरी जनकल्याण अभिवृद्धि गर्नु पञ्चायत प्रणालीको उद्देश्य हुनेछ**[६] भन्ने अत्यन्त प्रगतिशील व्यवस्था पञ्चायत प्रणालीका निर्देशक सिद्धान्तमा आत्मसात गरेको पाइन्छ। उक्त व्यवस्थाले सरकारका नीति तथा कार्यक्रममा कति परिवर्तन भए भन्ने सन्दर्भमा विश्लेषण गर्दा नेपालमा हालसम्म दास प्रथा कायम रहनुले सहजै अनुमान लाउन सकिन्छ कि उक्त व्यवस्थाले कार्यक्रमगत रूप धारण गर्न भने सकेन।

४ नेपालको संविधान, २०१९, धारा १०

५ नेपाल अधिराज्यको संविधान, २०४७, धारा १३, शोषणविरुद्धको हक।

६ नेपालको संविधान, २०१९, भाग ४, पञ्चायत प्रणालीको निर्देशक सिद्धान्त, धारा १९, **उद्देश्य र लक्ष्य**, उपधारा (१)

३.५ नेपाल अधिराज्यको संविधान, २०४७

एकतन्त्रीय पञ्चायती शासन व्यवस्थाका विरुद्ध वि.सं. २०४६ सालमा भएको नेपाली कङ्ग्रेस र संयुक्त वाम मोर्चाको जनआन्दोलनमार्फत मुलुकमा बहुदलीय शासन व्यवस्था पुनर्स्थापनापश्चात २०४७ साल कात्तिकमा राजा वीरेन्द्रबाट नेपाल अधिराज्यको संविधान, २०४७ जारी भएको हो। यो संविधानले पहिलोपटक सार्वभौमसत्ता जनतामा रहने प्रत्याभूति गऱ्यो। साथै आधारभूत मानव अधिकारको प्रत्याभूति गरिने कुरा उक्त संविधानले शङ्खघोष गरेको थियो। सुरुवाती दिनमा प्रस्तुत संविधानलाई विश्वकै उत्कृष्टमध्येको संविधानका रूपमा प्रचारप्रसार गरिए पनि २०५२ सालबाट प्रारम्भ भएको 'जनयुद्ध' सँगै विवादमा पर्न थाल्यो र अन्ततः व्यवस्था परिवर्तन हुनुपर्ने आवश्यकता बोध भएसँगै २०६३ सालमा आएर नेपालको अन्तरिम संविधान, २०६३ जारी भएको पाइन्छ।

उक्त संविधानले पनि **सबै नागरिक कानुनको दृष्टिमा समान**[७] रहने व्यवस्था गरेको थियो। त्यस्तै **राज्यले नागरिकबीच धर्म, वर्ण, लिङ्ग, जात, जाति वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराका आधारमा भेदभाव गर्ने छैन** भन्ने व्यवस्था धारा ११(३) ले गरेको थियो। यसै धाराको प्रतिबन्धात्मक व्याक्यांशले '**तर महिला, बालक, वृद्ध वा शारीरिक वा मानसिकरूपले अशक्त व्यक्ति वा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण वा विकासका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिनेछ**' भनी जुनसुकै कारण पछि परेका भए पनि उनीहरूको संरक्षण र विकासका लागि राज्यले अनिवार्यरूपमा योजना तर्जुमा तथा कार्यान्वयन गर्नुपर्छ भनी निर्देश गरेको पाइन्छ।

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २० (१) ले **मानिसलाई बेचबिखन गर्न, दास तुल्याउन, बाँधा बनाउन वा कुनै किसिमले निजको इच्छाविरूद्ध काम गराउन निषेध गरिएको छ। र, त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुनेछ** भन्ने व्यवस्था गरेको थियो। यसै व्यवस्थाको जगमा उभिएर कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ जारी भए तापनि हरवा/चरवाको संरक्षण तथा विकासको पक्षमा उक्त ऐनबमोजिम कुनै पनि योजना तर्जुमा भई कार्यान्वयन हुन नसक्दा हालसम्म पनि हरवा/चरवादासत्व व्यवहारको सिकार हुनुपरिरहेको छ।

७ नेपाल अधिराज्यको संविधान, २०४७, धारा ११(१)

त्यस्तै भाग-४ राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू, धारा २६(१०) मा व्यवस्थित आर्थिक तथा सामाजिकरूपले पिछडिएका समुदायको उत्थानका लागि राज्यले शिक्षा, स्वास्थ्य र रोजगारीमा विशेष नीति अबलम्बन गर्नेछ भन्ने व्यवस्था भए पनि हरवा/चरवाका लागि हालसम्म राज्यले कुनै पनि विशेष नीति अपनाएको छैन। हरवा/चरवाहरू दयनीय अवस्थामा बाँचिरहेका छन् भन्ने तथ्य सरकारलाई थाहा नभएको भने हैन। बरु दास प्रथा दासत्व व्यवहार अन्त्यको काम गर्न राज्यसँग इच्छाशक्ति नभएर दासत्व व्यवहार खेप्न बाध्य छन् हरवा/चरवाआज पनि। तर समाजमा रहेका असमानता र विभेद पूर्णरूपमा नष्ट नहुञ्जेल सरकारको समृद्धिको सपना कोरा कल्पनामा मात्रै हुने निश्चितप्रायः छ। त्यसैले राज्य यसतर्फ संवेनदशील हुनैपर्छ।

३.६ नेपालको अन्तरिम संविधान, २०६३

वञ्चितीकरणमा परेका उत्पीडित वर्ग समुदायलाई अधिकार सम्पन्न बनाउँदै समृद्ध मुलुक निर्माण गर्ने भनी सुरु भएको माओवादी सशस्त्र विद्रोह चरमोत्कर्षमा पुग्दै गर्दा र २०५८ सालमा राजा वीरेन्द्रको समूल वंश नाश हुनेगरी भएको राजदबार हत्याकाण्डपछि उत्पन्न भएका राजनीतिक परिघटनाहरूको जगमा वि.सं. २०६२/६३ मा १९ दिने दोस्रो जनआन्दोलन हुन पुग्यो। उक्त जनआन्दोलन राजसंस्था विरोधी आन्दोलनका रूपमा संस्थागत भयो। जहाँ तत्कालीन कङ्ग्रेस, एमालेसहित ७ राजनीतिक पार्टी र तत्कालीन नेकपा (माओवादी) ऐक्यबद्ध भई अघि बढेका थिए। उक्त आन्दोलनले २४० वर्षे लामो राजतन्त्र बिदाइ गर्दै तथा देश विकासका नयाँ योजनाहरू सार्वजनिक गर्दै तत्कालीन राजनीतिक दलहरूले सङ्घीय, लोकतान्त्रिक, गणतन्त्रात्मक मुलुक बनाउने अभिप्रायले विभिन्न कार्यक्रम तय गऱ्यो। यसैबीच १० वर्षे सशस्त्र सङ्घर्ष अन्त्यको घोषणा पनि भएको थियो।

यसरी अघि बढेको राजनीतिक परिवेशलाई टुङ्गोमा पुऱ्याउन अन्तरिम संविधानको खाँचो हुँदा सो खाँचो टार्दै संविधान सभामार्फत संविधान निर्माण गरिछाड्ने अभिप्रायले नेपालको अन्तरिम संविधान, २०६३ तर्जुमा भई २०६३ माघ १ गतेदेखि लागु भयो। यसरी लागु भएको संविधान १२ पटक संशोधन हुँदै वि.सं. २०७२ साल असोज ३ गतेसम्म जीवित रह्यो। र, नेपालको संविधान (२०७२) वि.सं. २०७२ साल असोज ३ गते लागु भएलगत्तै यो संविधान पनि खारेजीमा पऱ्यो। अन्तरिम नै भए पनि प्रस्तुत संविधान नागरिकहरूका अधिकार रक्षा गर्ने सवालमा निकै अग्रपङ्क्तिमा रहेको पाइन्छ।

यो संविधानको प्रस्तावनामै अग्रगामी आर्थिक-सामाजिक परिवर्तनलाई मुलुकको केन्द्र भागमा राखिने कुरा स्वीकार गरिएको थियो। **कुनै पनि नागरिकलाई राज्यले कुनै पनि अवस्थाको आधारमा भेदभाव नगरिने**[८] **तर महिला, दलित, आदिवासी जनजाति, मधेसी वा किसान, मजदूर वा आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएको वर्ग वा बालक, वृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिकरूपले अशक्त व्यक्तिको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन**[९] भन्ने व्यवस्था गरिएको पाइन्छ। उक्त व्यवस्थाको जगमा आर्थिक, सामाजिकरूपमा पछाडि परेको हरवा/चरवाका लागि कुनै ठोस नीति तथा योजना बन्लान् भन्ने आशा हरवा/चरवाले गरेका थिए तर आशामा तुषारापात भयो। कुनै योजना उनीहरूका लागि बनेनन्।

त्यस्तै उक्त संविधानमा सामाजिक न्यायको हकअन्तर्गत **आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी समुदाय, उत्पीडित वर्ग, गरिब किसान र मजदूरलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुनेछ**[१०] भन्ने व्यवस्था राखिएको पाइन्छ। उपरोक्त व्यवस्थालाई कार्यरूप दिने सन्दर्भमा धारा ३५ (राज्यका नीतिहरू) को उपधारा (१५) मा **मुक्त कमैयाको सङ्ख्या यकिन गरी उनीहरूको बसोबासका लागि आधारभूत भूमि र रोजगारीको व्यवस्था गर्ने नीति राज्यले अवलम्बन गर्नेछ** भन्ने व्यवस्था छ। तर आजसम्म देशभरि हरवा/चरवाको जनसङ्ख्या कति छ भन्ने तथ्याङ्कसमेत राज्यस्तरबाट तयार हुन नसक्दा उनीहरू राज्यका संरचनाहरूमा सहभागी हुन सक्ने अवस्थै आएन। त्यसैले हरवा/चरवाहरू कहाँ कहाँ कति कति सङ्ख्यामा छन् भन्ने तथ्याङ्क राज्यस्तरबाट आउन जरुरी छ।

मौलिक हकअन्तर्गत उपरोक्त उल्लिखित व्यवस्थाका साथै शोषणविरुद्धको हकले **प्रत्येक व्यक्तिलाई शोषणविरुद्धको हक हुनेछ**[११] भन्ने व्यवस्था गरेको छ। त्यस्तै **प्रथा, परम्परा र प्रचलनका नाममा वा कुनै पनि किसिमले कसैलाई शोषण गर्न पाइने**

८ नेपालको अन्तरिम संविधान, २०६३, धारा १३(३)

९ ऐ. धारा १३(३) को प्रतिबन्धात्मक व्यवस्था

१० ऐ. धारा २१

११ नेपालको अन्तरिम संविधान, २०६३, धारा २९(१)

छैन[१२] र **मानिसलाई बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन**[१३] भन्ने पनि व्यवस्था व्यवस्थित छ। उपरोक्त व्यवस्थाहरू कति परिपालना भए भन्ने सन्दर्भमा दृष्टिगत गर्दा आजसम्म हरवा/चरवाप्रथा उन्मूलनको घोषणा छुट्टै नहुनु (जसरी कमैया, कमलरी तथा हलिया प्रथा उन्मूलन भए) बाटै प्रष्ट हुन्छ कि हरवा/चरवाका विरुद्ध हुने शोषण सम्बन्धमा राज्य संवेदनशील छैन। शोषणविरुद्धका हकले हरवा/चरवाको जीवनमा कुनै सकारात्मक असर गर्न सकेन। फलस्वरूप उनीहरू आज पनि गैरकानुनी व्यवहारबाट शोषित छन्। बाँधा श्रमिकका रूपमा दासत्व जीवन यापन गर्नुपर्दा हरवा/चरवाआर्थिक-सामाजिकरूपमा अत्यन्तै पछाडि परेका छन्।

त्यस्तै धारा ३० मा रहेको श्रमसम्बन्धी हकले प्रत्याभूत गरेको **प्रत्येक कामदारलाई उचित श्रम अभ्यासको हक हुनेछ** भन्ने व्यवस्था पनि व्यवस्थामा मात्रैमा सीमिति रह्यो। हरवा/चरवाको जीवनमा यसले पनि केही फरक पारेन। किनभने हरवा/चरवाहरू बिनाज्याला बाबु/बाजेले लिएका पुरानो ऋण र सोको ब्याज चुक्ता गर्न ऋण दिने धनीको घरमा बाध्य भएर दासका रूपमा काम गरिरहेका छन्। त्यसैले हरवा/चरवाप्रथा शोषणविरुद्धको हक तथा श्रमसम्बन्धी हकको समेत विरुद्ध हुँदा यस सम्बन्धमा राज्यले अति संवेदनशील भई काम गर्न अति जरुरी छ। किनभने संवैधानिक व्यवस्था कार्यान्वयनको जिम्मेवारी राज्यकै हो। यदि यसतर्फ ध्यान दिई काम नगर्ने हो भने समाजमा शान्ति कायम हुन सक्दैन। साथसाथै हरवा/चरवाआफैँ तथा सरोकारवालाहरूले पनि अधिकारप्रति चनाखो भई गतिविधि सञ्चालन गर्नुपर्छ।

यस संविधानमा हरवा/चरवाको सामाजिक सुरक्षासम्बन्धी व्यवस्थातर्फ हेर्दा भाग ४ को राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरूअन्तर्गत धारा ३३(झ) मा **सुकुमबासी, कमैया, हलिया, हरवा/चरवालगायतका आर्थिक-सामाजिकरूपले पछाडि परेका वर्गलाई जग्गालगायत आर्थिक-सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिने** दायित्व राज्यको हुनेछ भनिएको छ। तर कुनै पनि हरवा/चरवाले राज्यबाट सामाजिक सुरक्षाका कुनै सुविधा पाएका छैनन् र सोसम्बन्धी कुनै नीति पनि हालसम्म बनेका छैनन्। यी उदाहरण हेर्दा हरवा/चरवाप्रति राज्य अनुदार देखिन्छ। त्यस्तै **राज्य पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि/सम्झौताको प्रभावकारी कार्यान्वयन गर्ने दायित्व** यस भागमा उल्लिखित भए पनि हरवा/चरवाका समस्या

१२ ऐ. धारा २९(२)

१३ ऐ. धारा २९(३)

हालसम्म ज्युँका त्युँ हुनुले मानव अधिकार तथा दासत्वविरुद्धका अन्तर्राष्ट्रिय सन्धि/सम्झौताको कार्यान्वयन प्रभावकारीरूपमा भएको छैन भनी ठोकुवा गर्न सकिन्छ। तर राज्यले अन्तर्राष्ट्रिय स्तरमा जनाएका प्रतिबद्धता पूरा गरे/नगरेकोतर्फ पनि अध्ययन गरी सरकारलाई सुझाव दिनुपर्ने अवस्था छ।

नेपालको अन्तरिम संविधान, २०६३ प्रचलनमा रहँदासम्म दास तथा दासत्व प्रथाविरुद्ध केही कार्य सरकारीतवरबाट नभएको भन्ने पक्कै हैन। तर हरवा/चरवाहरूले भने कुनै परिवर्तन महसुस गर्न नपाएको पुष्टि तथ्यहरूले गरेका छन्। त्यसैले व्यवस्था परिवर्तन भएर मात्रै भइहाल्ने केही हैन। राज्यका निकायले कार्यशैलीमा फरकपना अपनाउनुपर्छ। यसका लागि तथ्यगत अर्थात प्रमाणमा आधारित प्रभावकारी वकालत नै हरवा/चरवाहरूका लागि आजको महत्तम खाँचोको विषय हो। किनभने तल चर्चा गरिने वर्तमान संविधानमा पनि दासत्वविरुद्ध धेरै व्यवस्था छन् तर शासकहरूको मानसिकतामा परिवर्तन ल्याउन सकिएन भने ती व्यवस्था पनि कार्यान्वयन हुने छैनन् अर्थात व्यवस्थामै सीमित रहन सक्छन्।

३.७ नेपालको संविधान, २०७२

वि.सं. २०६५ सालमा गठन भएको जनअपेक्षित पहिलो संविधान सभा ४ वर्षसम्म कठिन मेहनत गर्दागर्दै पनि संविधान जारी गर्न नसक्दा २०६९ सालमा विघटन हुन पुग्यो। तर दोस्रो जनआन्दोलनको म्यान्डेट देशमा व्याप्त असमानता हटाउँदै समृद्ध र समावेशी मुलुक निर्माणको लागि संविधान सभामार्फत नै संविधान बनाउनु थियो। उक्त म्यान्डेट जसरी पनि पूरा गर्नुपर्ने हुँदा वि.सं. २०७० मा पुनः दोस्रो संविधान सभाको निर्वाचन भयो। दोस्रो संविधान सभाले ३ वर्ष लगाएर नेपालको संविधान २०७२ साल असोज ३ गते जारी गऱ्यो। हाल यही संविधान प्रचलनमा छ। यो संविधानले हालसम्म प्रचलनमा आएकामध्ये बढी लोकतान्त्रिक, प्रगतिशील, समावेशी र जनतालाई बढी अधिकार सम्पन्न बनाउन विभिन्न व्यवस्था प्रत्याभूत गरेको छ। उक्त कुरा संविधानले आफ्नो प्रस्तावनामै **पहिलाका सामन्ती राज्य व्यवस्थाले सिर्जना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा समाजमा दिगो शान्ति, सुशासन, विकास, आर्थिक समानता र समृद्धिको जनआकाङ्क्षा पूरा गर्न यो संविधान जारी भएको हो** भन्नेबाट पनि प्रमाणित हुन्छ।

संविधानमा भएका व्यवस्था आफैं कार्यान्वयन हुन सक्दैनन् । संविधानका व्यवस्था कार्यान्वयनका लागि संसद् र सरकारले कानुन निर्माण गर्नुपर्छ । अहिले संसद् र सरकार विभिन्न संवैधानिक व्यवस्थाहरू कार्यान्वयन गर्नका लागि विभिन्न कानुन बनाउने चरणमा छ । प्रस्तुत संविधानले दासत्वविरुद्ध निम्न व्यवस्था प्रत्याभूत गरेको हुँदा सोको कार्यान्वयनमा हरवा/चरवाअधिकारकर्मीहरू चनाखो हुनुपर्ने आवश्यकता छ ।

प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हकको प्रत्याभूति प्रस्तुत संविधानको धारा १६(१) मा छ । हरवा/चरवाहरूले सम्मानपूर्वक बाँच्न यस कारण सकिरहेका छैनन् कि उनीहरूले पहिला लिएको ऋण रकम र सोको ब्याज चुक्ता गर्न पुस्तौंदेखि बिनाज्याला वा न्यूनतम ज्यालामा धनीको घरमा हरवा/चरवाका रूपमा बसी काम गर्न बाध्य छन् । त्यसैले राज्यले सर्वप्रथम अन्य दास प्रथाहरू (जस्तो- कमैया, कमलरी र हलिया प्रथा) उन्मूलन गरेजसरी नै हरवा/चरवाप्रथा उन्मूलनको घोषणा गर्नुपर्छ । त्यस्तै धारा १७ स्वतन्त्रताको हकको (१)(च) मा भएको **व्यवस्था पेशा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता**को हकलाई र धारा २९ (शोषणविरुद्धको हक) को उपधारा (५) मा भएको कसैले कसैलाई दासत्व व्यवहार गर्छ भने उसले **दण्ड भोग्नुपर्ने र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने** जस्ता अति प्रभावकारी व्यवस्था कार्यान्वित बनाउन कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ लाई समयानुकूल परिमार्जन गर्दै हरवा/चरवाको व्यवहार गर्नेहरूलाई दण्डित गरी उनीहरूलाई उचित न्याय तथा क्षतिपूर्तिको व्यवस्था गर्नुपर्नेछ ।

त्यसैगरी धारा १८ (समानताको हक) को उपधारा (३) मा अविभेदसम्बन्धी व्यवस्था उल्लेख गर्दै यसैको प्रतिबन्धात्मक व्यवस्थामा राखेको सामाजिक वा सांस्कृतिकरूपले उत्पीडित वर्ग, पिछडा वर्ग, किसान, श्रमिक...नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भन्ने व्यवस्था छ (पूरा व्यवस्था फुटनोटमा हेर्नुहोस) ।[१४] यो

१४ **धारा १८ : समानताको हक** : उपधारा (३) राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन ।
तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिकरूपले विपन्न खस आर्यलगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।

व्यवस्थाबमोजिम खास वर्ग तथा समुदायका लागि विशेष व्यवस्थाहरू गर्न सरकार बाध्य छ र त्यस्ता नीतिहरू बनाउँदै पनि छ सरकार। त्यसैले बन्दै गरेका र पछि बन्ने नीतिहरूमा हरवा/चरवाका लागि विशेष व्यवस्था गराउन हरवा/चरवास्वयं सचेत भई रणनीतिक वकालत गर्नुपर्नेछ। अन्यथा हरवा/चरवाको अवस्थाबारे सरकार स्वयंले जानकारी लिई नीति तथा योजना बनाउँदैन किनभने व्यवस्था फेरिए पनि शासकको मानसिकता, कार्यशैलीहरू फेरिएका छैनन्।

यो संविधानले राखेको एउटा नयाँ र हरवा/चरवाका लागि पनि सम्बन्धीत रहेको व्यवस्था भनेको अपराध पीडितको हक[१५] हो। अन्तर्राष्ट्रिय कानुन, प्रस्तुत संविधान तथा कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ ले हरवा/चरवाराख्ने कार्यलाई अपराधीकरण गरिसकेको परिप्रक्ष्यमा कसैले कसैलाई हरवा/चरवाको व्यवहार गर्छ भने त्यो अपराध हो। त्यसैले हरवा/चरवाले सामाजिक पुनर्स्थापना र क्षतिपूर्तिसहितको न्याय पाउनुपर्ने कानुनी हक छ। यसतर्फ राज्यको ध्यान आकृष्ट गर्नुपर्छ। किनभने हरवा/चरवाहरू कानुनद्वारा प्रतिबन्धित व्यवहारको अझै सिकार हुनु दण्डहीनता हो। यसबाट उनीहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार उल्लङ्घन भएको छ।

प्रत्येक व्यक्तिलाई शोषणविरुद्धको हक हुने व्यवस्था यो संविधानले पनि गरेको छ। प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा कसैले कसैलाई शोषण गर्न नपाइने व्यवस्थाका साथसाथै कसैलाई दास वा बाँधा बनाउन नपाउने र कसैको इच्छाविरुद्ध पनि काममा लगाउन नपाइने निकै प्रगतिशील व्यवस्था प्रस्तुत संविधानले मौलिक हकका रूपमा व्यवस्थित गरेको छ।[१६] हरवा/चरवाहरू यो

१५ **धारा २१. अपराधपीडितको हक** : (१) अपराधपीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाहीसम्बन्धी जानकारी पाउने हक हुनेछ।
(२) अपराधपीडितलाई कानुनबमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्तिसहितको न्याय पाउने हक हुनेछ।

१६ **धारा २९ : शोषणविरुद्धको हक** : (१) प्रत्येक व्यक्तिलाई शोषणविरुद्धको हक हुनेछ।
(२) धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन।
(३) कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन।
(४) कसैलाई पनि निजको इच्छाविरुद्ध काममा लगाउन पाइने छैन। तर सार्वजनिक प्रयोजनका लागि नागरिकलाई राज्यले अनिवार्य सेवामा लगाउन सक्ने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन।
(५) उपधारा (३) र (४) विपरीतको कार्य कानुनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई पीडकबाट कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

संवैधानिक व्यवस्थाका बाबजुद पनि शोषित हुनुपरिरहेको विद्यमानताले संविधानको पालना नभई उल्लङ्घन गरिरहेको छ। यसका लागि प्रचलित कानुनमा उचित संशोधन गरी प्रभावकारी कार्यान्वयन हुनुपर्छ। दासत्व तथा शोषणविरुद्ध उचित कानुन निर्माण गर्न तथा प्रचलित कानुनमा समायानुकूल संशोधन, परिमार्जन एवं थप गर्ने प्रयोजनका लागि सरकार, संसद् तथा सम्बन्धित अन्य सरोकारवालाहरूसँग समन्वय र सहकार्य नगरे हरवा/चरवाको आवरणमा अझै धेरै नागरिकले अमर्यादित दासत्व जीवन भोग्नुपर्नेछ। यो काम गर्ने उचित बेला पनि यही नै हो।

प्रस्तुत संविधानको धारा ३३(२) ले **प्रत्येक नागरिकलाई रोजगारी छनोट गर्न पाउने हक हुनेछ** भनेको छ एकातर्फ भने अर्कोतर्फ हरवा/चरवाहरू बाँधा श्रमिकका रूपमा काम गरिरहेका छन्। यो अवस्था रोजगारी छनोट गर्न पाउने मौलिक हकविरुद्धको कार्य हुँदा हरवा/चरवाहरू प्रस्तुत हकको प्रचलनका लागि रिट क्षेत्राधिकारमार्फत अदालत जानसक्ने बाटो पनि खुला छ। त्यस्तै धारा ३४, श्रमको हकमा **प्रत्येक श्रमिकले उचित श्रम अभ्यास गर्न पाउने, प्रत्येकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ** भन्ने व्यवस्था हुँदा सरकारको ध्यान यसतर्फ आकृष्ट गर्दै उल्लिखित व्यवस्थाबमोजिम हरवा/चरवाहरूले उचित श्रम अभ्यास गर्ने र पारिश्रमिक पाउने हक सुरक्षित गराउँदै उनीहरूको आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकारको प्रचलन गराउनुपर्छ।

हरवा/चरवाजातका आधारमा मात्रै तय हुने गरेको छैन। जुनसुकै जातको मानिस पनि हरवा/चरवाबस्नुपर्ने हुन सक्छ। र, भइरहेको पनि यही हो। यति हुँदाहुँदै पनि धरैजसो हरवा/चरवादलित समुदायका व्यक्ति नै छन्। यसको कारण अरू केही नभई गरिबी र उनीहरूको सामाजिक संरक्षणको अवस्था कमजोर हुनु नै हो। हरवा/चरवाबस्न इन्कार गर्न, सोविरुद्ध आवाज उठाउन दलितहरू सक्दैनन्। हरवा/चरवाको आन्दोलनले बृहत् रूप लिन नसक्नुपछाडिको कारणमध्ये एक दलितहरू नै अरूभन्दा बढी सङ्ख्यामा हरवा/चरवाभएर पनि हुन सक्छ। संविधानको धारा ४० मा दलितको हक[१७] र त्यस्तै धारा ४२ मा सामाजिक न्यायको

१७ धारा ४० : दलितको हक : (१) राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ। सार्वजनिक सेवालगायत रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानुनबमोजिम विशेष व्यवस्था गरिनेछ।
(२) दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानुनबमोजिम छात्रवृत्तिसहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ। प्राविधिक र व्यावसीयक उच्च शिक्षामा दलितका लागि कानुनबमोजिम विशेष व्यवस्था गरिनेछ।

हक[१८] को व्यवस्था छ। जहाँ **राज्यका निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकाय तथा सार्वजनिक सेवामा सहभागिता जनाउन एवं प्रतिनिधित्व गराउनका लागि सशक्तीकरण गर्न कानुनद्वारा विशेष व्यवस्था गरिनेछ** भन्ने व्यवस्था उल्लेख छ। साथै **प्राथमिक तहदेखि उच्च शिक्षासम्म कानुनबमोजिम छात्रवृत्तिसहित निःशुल्क शिक्षा** दिइने साथै **प्राविधिक र व्यावसायिक विषयमा विशेष व्यवस्था कानुनले गर्नेछ** भनिएको छ। दलितलाई स्वास्थ्य तथा सामाजिक सुरक्षा प्रदान गर्न विशेष व्यवस्था गरिनेछ भनिएको छ। साथै दलित समुदायले अपनाउँदै आएका मौलिक पेशाको संरक्षण र विकास तथा आधुनिकीकरणमा प्राथमिकता दिई आवश्यक सिप र स्रोत उपलब्ध गराउने विषयलाई प्राथमिकताका साथ धारा ४० ले व्यवस्थित गरेको छ।

धारा ४० मै **भूमिहीन दलित समुदायलाई कानुनबमोजिम एकपटक जमिन उपलब्ध गराउनुपर्ने** र **आवासबिहीन दलितलाई बसोबासको व्यवस्था गर्ने प्रबन्ध गर्नुपर्ने** भन्ने अन्त्यन्तै लोककल्याणकारी व्यवस्थाको परिकल्पना छ। साथसाथै यो धाराबमोजिम प्रदत्त हुने सुविधा दलित समुदायका महिला एवं दलित समुदायभित्रका सबै जातका दलितले समानुपातिकरूपमा प्राप्त गर्नेगरी न्यायोचितरूपमा वितरित हुनुपर्छ भन्ने विषय अत्यन्त संवेदनशीलताका साथ उठान गरेको छ। त्यसैले दलितको हक कार्यान्वयनका लागि कानुन बन्दा हरवा/चरवा(जो दलित समुदायबाट प्रतिनिधित्व

---

(३) दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानुनबमोजिम विशेष व्यवस्था गरिनेछ।
(४) दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सिप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुनेछ। राज्यले दलित समुदायका परम्परागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सिप र स्रोत उपलब्ध गराउनेछ।
(५) राज्यले भूमिहीन दलितलाई कानुनबमोजिम एकपटक जमिन उपलब्ध गराउनुपर्नेछ।
(६) राज्यले आवासविहीन दलितलाई कानुनबमोजिम बसोबासको व्यवस्था गर्नेछ।
(७) दलित समुदायलाई यस धाराद्वारा प्रदत्त सुविधा दलित महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिकरूपमा प्राप्त गर्नेगरी न्यायोचित वितरण गर्नुपर्नेछ।

१८ **धारा ४२ : सामाजिक न्यायको हक** : (१) सामाजिकरूपले पछाडि परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेसी, थारू, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, सीमान्तीकृत, मुस्लिम, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ।
(२) आर्थिकरूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ।

गर्छन्) का लागि विशेष ध्यान दिई मस्यौदा हुनुपर्छ। यसका लागि सरकार, खासगरी दलित समुदायबाट सङ्घीय तथा प्रादेशिक सभाहरूमा प्रतिनिधित्व गर्ने सांसदहरू एवं दलितको हक कार्यान्वयनका लागि कानुन तर्जुमा सम्बन्धमा काम गर्दै आएका अधिकारकर्मी एवं सङ्घ/संस्थासँग निरन्तर समन्वय एवं सहकार्य गर्नु आजको टड्कारो आवश्यकता हो।

त्यसैगरी धारा ४३ ले **आर्थिकरूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका नागरिकलाई समाजिक सुरक्षाको हक हुनेछ** भनेको छ। यो धाराबमोजिम बन्ने नीति तथा कानुन पनि हरवा/चरवाले भोग्दै आएको चरम शोषणसमेतलाई दृष्टिगत गरी बन्न अत्यन्त जरुरी छ। माथि पनि उल्लेख गरिएको छ कि संविधानमा भएका व्यवस्था आफैँ कार्यान्वयन हुन सक्दैनन्। यसको कार्यान्वयनका लागि कानुन, नीति तथा योजनाहरू सरकारले तय गर्ने गर्छ/गनुपर्छ। खासगरी संविधानको मौलिक हकमा उल्लिखित व्यवस्थाहरूको कार्यान्वयन सरकारले गरेन भने धारा ४४ बमोजिम मौलिक हक कार्यान्वयन नगरेको प्रश्न उठाइ सर्वोच्च अदालत (धारा १३३) तथा उच्च अदालत (धारा १४४) अदालतहरूमा सरकारविरुद्ध मुद्दा हाल्न सकिन्छ। जसलाई संवैधानिक उपचारको हक भन्ने गरिन्छ। तर प्रस्तुत संविधानमा व्यवस्थित मौलिक हकका सम्बन्धमा २०७५ असोज ३ गतेभन्दा अगाडि भने मुद्दा हाल्न सकिँदैन। किनकि धारा ४७ ले यो संविधान प्रारम्भ भएको मितिले ३ वर्षभित्र राज्यले कानुनी व्यवस्था गर्नेछ भनेको छ। यदि हरवा/चरवाका समस्या आगामी असोज ३ गतेभित्र बन्ने कानुनहरूले सम्बोधन गर्न सकेनन् भन्ने सरकारविरुद्ध रिट हालेर भए पनि सम्बोधन गराइछाड्न हरवा/चरवातथा हरवा/चरवाअधिकारकर्मीहरू तयार रहनुपर्नेछ।

संविधानले नागरिकका सबै समस्या मौलिक हकबाटै सम्बोधन गर्न सक्दैन। मौलिक हक लेखन राज्यको सामर्थ्य लेखाजोखा गरेरमात्र गर्ने गरिन्छ भन्ने सिद्धान्त छ। कारण मौलिक हकमा राखिएका हक अधिकार कार्यान्वयन भएनन् भने अदालतले सरकारलाई कार्यान्वयनका लागि आदेश दिन सक्छ। त्यतिखेर आफूसँग सामर्थ्य नहुँदा कार्यान्वयन गर्न सकिँदैन भनेर सरकार उम्कन सक्दैन। प्रस्तुत संविधानमा व्यवस्थित मौलिक हकहरू सरकारको सामर्थ्य विश्लेषण नगरी लेखिए भन्ने विचारहरू पनि प्रस्तुत भइरहेका छन्। तर सरकार अब पछि हट्न सक्दैन। यहाँ व्यवस्थित हकहरू ढिलोचाँडो सरकारले कार्यान्वयन गर्नैपर्छ। मौलिक हकका अलावा नागरिकका कतिपय अधिकार संविधानले राज्यको नीति, निर्देशक सिद्धान्त तथा दायित्वअन्तर्गत राख्ने गर्छ। जहाँ उल्लिखित व्यवस्थाहरू सरकारले आफ्नो सामर्थ्य र आवश्यकताबमोजिम क्रमशः नीति, कार्यक्रम तथा कानुनहरू तर्जुमा गरी

कार्यान्वयन गर्दै जान्छ। यस भागमा उल्लिखित विषयलाई अदालतले कार्यान्वयन गर्न बाध्य गराउन सक्दैन।

भाग ४ धारा ५१ ले मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्दै विधिको शासन कायम राख्ने[१९] र नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि/सम्झौता कार्यान्वयन गर्ने राज्यको नीति हुनेछ भनेको छ। त्यसैगरी समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्याय अन्त गर्ने विषय पनि धारा ५१(ख)(५) मा समेटिएको पाइन्छ। यीमध्ये कतिपय विषय कुनै कुनैरूपमा मौलिक हकअन्तर्गत पनि समेटिएका कारण समानता, अविभेदित, शोषणरहित समाज निर्माणका लागि अदालतमा जान सकिने नै छ तथापि उस्तै विषय राज्यका नीति तथा निर्देशक सिद्धान्तअन्तर्गत समावेश भएका हुँदा सरकारका निकायहरूसँग समन्वय गरी हरवा/चरवाका सम्बन्धमा उचित नीतिगत व्यवस्था गर्न लबिङ गर्न सकिने कुराको पनि मार्गप्रशस्त भएको मानी कार्य गर्नुपर्ने अवस्था छ। त्यसैगरी कृषि र भूमि सुधार नीतिअन्तर्गत किसानको हक हित संरक्षण गर्ने नीति यस भागमा समेटिएको छ (धारा ५१.ङ.३)।

भाग ४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वअन्तर्गत समावेश राज्यका नीतिहरूभित्र श्रम र रोजगार[२०] सम्बन्धी नीतिको पनि व्यवस्था समेटिएको पाइन्छ। यसले श्रम शोषणका सबै रूपको अन्त्य गर्ने तथा श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै उनीहरूलाई सामाजिक सुरक्षा प्रत्याभूत गर्न मर्यादित श्रम अभ्यासको थालनी गर्ने नीति राज्यले लिनुपर्छ भनी संविधानले सरकारलाई निर्देश गरेको छ।

त्यस्तै सामाजिक न्याय र समावेशीकरण[२१]प्रदान गर्दा सम्बन्धित वर्ग/समुदायका

१९ **धारा ५१. राज्यका नीतिहरू** : (ख) राजनीतिक तथा शासन व्यवस्थासम्बन्धी नीति :
(२) मानव अधिकारको संरक्षण र संवर्धन गर्दै विधिको शासन कायम राख्ने
(३) नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि/सम्झौताहरूको कार्यान्वयन गर्ने

२० **धारा ५१ (झ) श्रम र रोजगारसम्बन्धी नीति** : (२) मर्यादित श्रमको अवधारणाअनुरूप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने
(३) बालश्रमलगायत श्रम शोषणका सबै रूपको अन्त्य गर्ने

२१ **ऐ.(ञ) सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीति** : (६) मुक्त कमैया, कमलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुमबासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने,
(१२) सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिकरूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने,

आर्थिक विपन्नलाई प्राथमिकता दिनुपर्छ भनेको छ। हरवा/चरवाहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने नीति अवलम्बन गर्नु राज्यको दायित्व हुने विषयसँग सम्बन्धित हो यो। संविधानमा उल्लिखित व्यवस्था राज्यले कार्यान्वयन गरिदिने हो भने अब हरवा/चरवाका दुःखका दिन जान्छन्। तर मूल विषय यी व्यवस्था कार्यान्वयन गर्न सरकारले कति गम्भीरता तथा संवेदनशीलता प्रकट गर्छ भन्नेमा भर पर्छ। त्यो भने हेर्न बाँकी छ। सरकारलाई दायित्व बोध गराउन रणनीतिकरूपमा प्रभावकारी वकालत गर्नैपर्ने हुन्छ। संविधान हरवा/चरवाको पक्षमा छ। हरवा/चरवाका समस्या समाधानमा संविधान पहिलोपटक यति सकारात्मक देखिएको हो। संवैधानिक व्यवस्था व्यवहारमा कार्यान्वयन गराइ हरवा/चरवालाई सम्मानित जीवन बाँच्न पाउने अवस्था सिर्जना गर्ने यही उपयुक्त समय हो, मौका चुकाउनु हुँदैन।

संविधानमा उल्लिखित नागरिकका हक अधिकार तथा राज्यका नीतिहरूलाई कार्यरूप दिन सरकारले कानुन, नीति तथा योजनाहरू बनाउने गर्छ। जसका माध्यमद्वारा नागरिकका हक कार्यान्वयन भई उनीहरू अधिकार सम्पन्न हुँदा नै देशमा शान्ति, न्याय तथा विकास कायम हुन्छ। आशा गर्नैपर्छ, संविधानको अक्षरशः पालना गर्दै देश समृद्धिको यात्रामा सरकार अगाडि बढ्छ। अहिलेलाई संवैधानिक व्यवस्थाका सन्दर्भको छलफललाई यहीँ बिट मार्दै दास प्रथालाई उन्मूलन, निषेध तथा न्यूनीकरण गर्ने सम्बन्धमा नेपालले गरेका प्रयासहरूबारे यसभन्दा पछि छलफल गरिनेछ। कानुनी व्यवस्थाहरूको विद्यमानता हुँदाहुँदै पनि केही त्यस्ता दास प्रथा तथा दासत्व व्यवहार नेपाली समाजमा ज्युँदा छन् जुन अत्यन्तै अमानवीय हुन्। यसो हुनुपछाडि पक्कै धेरै कारण छन्। तीमध्ये केही कारणसहित यस सम्बन्धमा राज्यले गरेका नीतिगत केही प्रयासको तलको भागमा चर्चा गरिएको छ। यो नै अन्तिम दस्तावेज हैन। यसमा जति गहिरिएर छलफल हुनुपर्थ्यो त्यति नभएको हुन सक्छ। पाठकबाट आएका सुझावका आधारमा यसलाई अझ समृद्ध, परिष्कृत र परिमार्जित बनाउँदै लगिनेछ।

भाग-४

दास प्रथाविरूद्ध नेपालको नीतिगत प्रयास

दास प्रथा कहिलेबाट सुरु भयो एकिन साथ भन्न सकिँदैन। माथि परिचय खण्डमै पनि उल्लेख गरिएको छ कि दास प्रथा समाज विकास क्रमसँगसँगै सुरु भएको हुनुपर्छ। नेपालमा पनि यही मितिदेखि दासत्व व्यवहार प्रचलनमा आयो भन्न सकिने तथ्यहरू फेला नपरेरै होला इतिहासकारहरूले पनि समय किटान गरी लेख्न सकेका छैनन्। जे होस्, दासत्व व्यवहार निकै पुरानो तर अमानवीय प्रथा भएका कारण हाल आएर सबैखाले दास प्रथा तथा दासत्व व्यवहारहरू संसारभर निषेधित व्यवहारका रूपमा मानिन्छन्।

जयस्थिति मल्लको मानव न्यायशास्त्र (न्याय विकासिनी) को १५ नं. मा **मालिकको आज्ञा नपाइ दासले गरेको काम प्रामाणिक ठहर्दैन किनभने दास आफैँ मालिक हैन** भन्ने कुरा उल्लेख भएको पाइन्छ। त्यसैगरी ९७ नं. मा **दास...साक्षी हुन सक्दैनन्** र १४८ नं. मा **...कमारा(दास) पन्ध्र प्रकारका हुन्छन् भनी विद्वान्हरूले बताएका छन्**... भन्ने कुरा उल्लेख छ। साथै जयस्थिति **मल्लको सुधार** नामक दस्तावेजमा **जातअनुसारको काम गर्नुपर्ने, नगरे दण्डित हुने** बाध्यात्मक व्यवस्था पाइन्छ। ती दासत्व व्यवहारहरू तत्काल सिर्जना भएको नभई तत्कालीन समाजमा प्रचलनमै रहेका व्यवहारहरूलाई संहिताबद्ध मात्रै गरेको हुनुपर्छ। किनभने मानव न्यायशास्त्र लेखनको मूल आधार मनुस्मृति थियो भनी जानकारहरू भन्ने गर्छन्।

नेपालको पहिलो लिखित कानुन वि.सं १९१० को मुलुकी ऐनलाई मानिन्छ। यही मुलुकी ऐन, १९१० ले दास प्रथालाई कानुनी मान्यता दिएको रहेछ। उक्त ऐनको

बाधा कमारा भगाउन्याको, **कमारा कमारी बेच्दाको**, **ज्यू मासन्या बेचन्याको**, **बालख र आमा छुट्याइ बेचञ्याको** तथा **बिरामी चाकर निकाल्न्याको** महलमा उल्लिखित समाजमा कमारी कमारी राख्न पाउने, कमारा कमारी बेच्न पाउने, अझ कमारा कमारी बेच्दा दाजुभाइबीच सल्लाह गरेरमात्र बेच्नुपर्ने, दान बकसमा कमारा कमारीहरू लिनदिन पाउनेलगायतका विभिन्न व्यवस्थाले पुष्टि गर्छन् *(प्रस्तुत ऐनको विद्युतीय प्रति नेपाल कानुन आयोगको आधिकारिक वेभसाइट www. lawcommissio.gov.np मा लगइन गरी कानुन सङ्ग्रह भन्ने कोलमको ऐनहरू लेखिएको ठाउँमा क्लिक गर्दा यद्यपि पाउन सकिन्छ । यो कार्यका लागि पछिल्लो पटक २० साउन, २०७५ मा यो वेभसाइट प्रयोग गरिएको थियो) ।*

समाजमा यसरी संस्थागत भई प्रचलनमा रहेको प्रथा अन्त्य हुनु सजिलो थिएन तैपनि वि.सं. १९८१ मा चन्द्रशमशेरले दास प्रथा उन्मूलनको घोषणा गरे । तर यो कुसंस्कारको जरा यति गहिरिएको र फैलिएको थियो कि समाजमा यसका अवशेष अझ पनि विभिन्नरूपमा देखा परिरहेका छन् । तीमध्ये हरवा/चरवापनि दासत्व व्यवहारको बिस्तारित एक स्वरूप हो । दासत्वविरुद्ध नेपालले अन्तर्राष्ट्रिय कानुनमा हस्ताक्षर गर्नेदेखि विभिन्न राष्ट्रिय नीति पनि बनाएको पाइन्छ । तिनीहरूमध्ये केही राष्ट्रिय नीतिगत व्यवस्थाको चर्चा यस भागमा गरिएको छ :

४.१ कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८

आफू वा आफ्नो परिवारका कुनै सदस्यले लिएको वा पुर्खाले लिएको वा ऋणदातासमक्ष श्रमिकको जमानी बसेकामा त्यस्तो ऋण वा सोको ब्याज चुक्ता गर्नका लागि बिनाज्याला वा न्यूनतम ज्यालामा ऋणदाता वा जमानी बसिदिनेका लागि गर्नुपर्ने श्रम वा सेवा कमैया श्रम हो ।[१] कमैया श्रम अभ्यास नेपालका विभिन्न भागमा विभिन्नरूपमा पाइने गरेको छ । नेपालको प्रदेश नं. ७ को खासगरी पहाडी भेगतिर हलिया, प्रदेश नं. ५,६, र ७ मा कमैया, कमलरी र प्रदेश नं. २ का विभिन्न जिल्लामा हरवा/चरवातथा सबै प्रदेशका पहाडी भेगतिर हली, गोठालो, बालिघरे प्रथा आज पनि कायमै छन् । यस्ता प्रथा (जो मानव सभ्यताको कलङ्क हो) को समूल अन्त्य गर्ने अभिप्रायले नेपाल सरकारले २०७५ सालमा कमैया मुक्तिको घोषणा गऱ्यो । मुक्तिको घोषणा हुनु एउटा सकारात्मक पक्ष हो, सबैथोक भने हैन ।

१ मुक्त कमैया पुनःस्थापना तथा वृत्ति विकास कार्यक्रम, बार्षिक प्रतिवेदन, आ.व.२०७३/७४ पृ. ३

तर उक्त घोषणा कार्यान्वयनमा सरकार चुकेको छ। फलस्वरूप हरवा/चरवाहरूको जीवनमा उक्त घोषणाले कत्ति पनि तात्विक भिन्नता ल्याउन सकेको छैन।

कमैया (श्रम निषेध) गर्नेसम्बन्धी ऐन, २०५८ दास प्रथा तथा दासत्व व्यवहारको कार्यलाई नियन्त्रण, निषेध तथा मुक्त कमैयालाई व्यवस्थित गर्न आएको पहिलो विशिष्ट कानुन हो। यो ऐनले हरवा/चरवालाई कमैयाका रूपमा परिभाषित गरे पनि ऐनबमोजिम हरवा/चरवाका लागि कुनै पनि योजना सरकारीतवरबाट नबनेका कारण उनीहरूको हकमा यो ऐन कार्यान्वयन हुनै सकेन। यसपछाडिको महत्वपूर्ण कारण भनेको कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ हरवा/चरवाको हकमा पनि लागु हुन्छ भनी सरकारले कुनै दिन हरवा/चरवालाई सचेत/जानकारी गराएन। ऐन/कानुन बन्नुमात्रै सबैथोक हैन। बनेका ऐन/कानुन सम्बन्धित कानुनका उपभोक्ताहरूसमक्ष पुऱ्याउनु पनि सरकारको दायित्व हुन्छ। छलफल भइरहेको यो ऐन सम्बन्धमा मात्रै हैन, बनेका प्रायः ऐन/कानुन सम्बन्धमा यो दायित्वबाट सरकार पछि नै रहेको देख्न पाइन्छ। कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ मा निम्नलिखित विशेषता पाइन्छ :

(क) कमैया श्रम,[२] कमैया श्रमिक,[३] कमैया ऋण,[४] मुक्त कमैया[५]को परिभाषा गरेको छ।

(ख) कमैया श्रमिकहरूलाई मुक्त घोषणा गरेको छ।[६]

(ग) कमैया ऋण तिर्नु नपर्ने, लिखत वा सम्झौता भए रद्द हुने तथा बन्धक वा

२ **दफा २ : परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा- (क) 'कमैया श्रम' भन्नाले देहायका कारणबाट बिनाज्याला वा न्यून ज्यालामा ऋणदाताका लागि गर्नुपर्ने श्रम वा सेवा सम्झनुपर्छ,
(१) आफू वा आफ्नो परिवारले लिएको ऋण वा सोको ब्याज चुक्ता गर्नका लागि,
(२) पुर्खाले लिएको ऋण वा सोको ब्याज चुक्ता गर्नका लागि,
(३) ऋणदातासमक्ष कुनै कमैया श्रमिकको जमानी बसेकोमा त्यस्तो कमैया श्रमिकको कमैया ऋण चुक्ता गर्नका लागि,

३ **दफा २ : (ख)** 'कमैया श्रमिक' भन्नाले भैंसवार, गैवार, वर्दिकार, छेकरवार, हरवा/चरवा, हली, गोठालो, कमलरिया वा अन्य यस्तै नामबाट कमैया श्रम गर्ने व्यक्ति सम्झनुपर्छ।

४ **दफा २ : (ग)** 'कमैया ऋण' भन्नाले ऋणदाताबाट कमैया श्रमिकले लिएको नगदी, जिन्सी वा वस्तु सम्झनुपर्छ र सो शब्दले सौकी वा अन्य ऋणसमेतलाई जनाउँछ।

५ **दफा २ (च)** 'मुक्त कमैया' भन्नाले दफा ३ बमोजिम मुक्त भएको कमैया श्रमिक सम्झनुपर्छ।

६ **दफा ३. कमैया श्रमिकबाट मुक्त हुने** : यो ऐन प्रारम्भ हुँदाका बखत कमैया श्रमिकको रूपमा काम गरेको व्यक्ति यो ऐन प्रारम्भ भएपछि कमैया श्रमिकबाट स्वतः मुक्त हुनेछ।

जमानत लिएको सम्पत्ति भए फिर्ता गर्नुपर्ने व्यवस्था छ।[७]

(घ) मुक्त कमैया पुनर्स्थापना जिल्लास्तरीय समितिको परिकल्पना गरेको छ (दफा ८ र ९ अनुसार समितिको अध्यक्षता जिल्ला समन्वय समितिका प्रमुखले गर्छन्। जहाँ बढीमा १६ जना सदस्य हुने व्यवस्था छ)।

(ङ) मुक्त कमैयाको लगत लिनेलगायत समितिले लाए/अराएको काम गर्न कल्याणकारी अधिकृतको व्यवस्था छ (दफा १० र ११)।

(च) मुक्त कमैयाको हकहित सम्बन्धमा आवश्यक काम गर्नका लागि कोष हुने व्यवस्था छ (दफा १२)।

(छ) मुक्त कमैयालाई बसोबास, रोजगार तथा आयआर्जनको व्यवस्था गर्नेछ भन्ने व्यवस्था छ (दफा १४)।

(ज) उजुरी र सजायको व्यवस्था गर्दै मुद्दा हेर्ने अधिकारीका रूपमा प्रमुख जिल्ला अधिकारी तोकेको छ (दफा १५, १६ र १७)।

उपरोक्तबमोजिमका व्यवस्थालाई यस ऐनको प्रमुख विशेषताको रूपमा लिई छलफल गर्दा परिभाषा खण्डमा उल्लिखित कमैया श्रम, कमैया श्रमिक, कमैया ऋण र मुक्त कमैयाको परिभाषाले हरवा/चरवाहरूलाई पनि समेटेकै देखिन्छ। परिभाषामा धेरै अल्मलिनुभन्दा पनि समस्या समाधानतर्फ बढी जोड दिइ छलफल गर्न आवश्यक छ। त्यसैले हरवा/चरवाहरूले ऋण लिएका भए यो ऐन प्रारम्भ भएको मितिबाटै उक्त ऋण मिनाहा भएको अवस्था हुँदा अब कसैले पनि हरवा/चरवाको काम गरिराख्नुपर्ने अवस्था छैन। यदि कसैले कसैलाई ऋण दिएको आधारमा हरवा/चरवाको काम गराइराखेका भए यो ऐनबमोजिम कारबाही हुन्छ। तर प्रस्तुत ऐनमा उल्लिखित दण्ड सजायको व्यवस्था अपर्याप्त छ। साथै कार्यविधिगत व्यवस्था पनि मिलेको छैन।

७ **दफा ५.** कमैया ऋण तिर्नु नपर्ने : कमैया श्रमिकले ऋणदातासँग लिएको कमैया ऋण यो ऐन प्रारम्भ भएपछि ऋणदातालाई तिर्नुपर्ने छैन।
दफा ६. लिखत वा सम्झौता रद्द हुने : प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि ऋणदाता र कमैया श्रमिकबीच कमैया ऋण लिने/दिने सम्बन्धमा भएको लिखत वा लिखित वा अलिखित सम्झौता यो ऐन प्रारम्भ भएपछि स्वतः रद्द हुनेछ।
दफा ७. बन्धक वा जमानत लिएको सम्पत्ति फिर्ता गर्नुपर्ने : ऋणदाताले कमैया श्रमिकलाई कमैया ऋण दिँदा कुनै सम्पत्ति बन्धक वा जमानतमा लिएको भए यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र बन्धक वा जमानत लिएको सम्पत्ति सम्बन्धित व्यक्तिलाई फिर्ता गर्नुपर्नेछ।

प्रमुख जिल्ला अधिकारी (जो कार्यप्रकृतिका हिसाबले न्यायिक पृष्ठभूमिका हुँदैनन्) ले दासत्व व्यवहार जस्तो गम्भीर प्रकृतिको अपराधमा न्याय सम्पादन गर्न मिल्दैन। त्यसैले यस ऐन विपरितको कसुरले सरकारवादी मुद्दाको स्वरूप ग्रहण गर्नुपर्छ अनिमात्रै हरवा/चरवाले आफूविरुद्ध भएको दासत्व व्यवहारविरुद्ध न्याय अनुभूत गर्न सक्छन्। विभिन्न परिघटनाको असरका कारण न्यायालयप्रतिको जनआस्था खस्किँदो भए पनि गम्भीर प्रकृतिका मुद्दामा अर्धन्यायिक निकायबाट कानुनी उपचार सम्भव छैन। ऐनले पीडितलाई क्षतिपूर्तिको व्यवस्था अटाएको छैन। क्षतिपूर्तिको विषय ऐनमा व्यवस्थित नहुने हो भने हरवा/चरवाले मुद्दा अगाडि बढाउन सक्दैनन्। तसर्थ अपराध, दण्ड, सजाय तथा क्षतिपूर्तिको हकमा यसै ऐनमा परिमार्जन, संशोधन तथा थप गरी पुनर्लेखन हुन नित्तान्त जरुरी छ।

पुनर्स्थापनासम्बन्धी समितिको संरचना बढी भद्दा देखिन्छ। साथसाथै समितिले हरवा/चरवाको प्रतिनिधित्वको परिकल्पना गर्न सकेको छैन। त्यसैले बढी ब्युरोक्रेटिक संरचना फेरबदल गर्दै हरवा/चरवासमेतको उपस्थिति हुनेगरी समिति पुनर्संरचना हुन आवश्यक छ। साथै यो संरचनाले हरवा/चरवाको तथ्याङ्क सङ्कलन गर्न स्थानीय तहसँग समन्वय गर्न पाउनुपर्छ। सङ्कलित तथ्याङ्क सम्बन्धित स्थानीय तहको सभाबाट अनुमोदित हुने व्यवस्था गर्न सकियो भने वास्तविक हरवा/चरवाको सङ्ख्या पहिचान भई पुनर्स्थापनाको काम सहज बनाउन सहयोग गर्छ। साथै कल्याणकारी अधिकृत स्थानीय तहमा रहने प्रबन्ध हुन सकेमा हरवा/चरवाले आफ्नो समस्या राख्न सहज हुने थियो।

कोषसम्बन्धी व्यवस्था निकै लोकप्रिय जस्तो त देखिन्छ तर सञ्चालन केन्द्रीकृत देखिँदा त्यसलाई परिमार्जन गरी स्थानीय तहले समेत खर्च गर्न पाउनेगरी कोष सञ्चालन कार्यविधि बनाइनुपर्छ। मुक्त कमैयालाई बसोबास, रोजगार तथा आयआर्जनको व्यवस्था तोकिएबमोजिम गर्ने भनिए पनि नियमावलीले समेत यसमा प्रष्ट पार्न सकेको छैन। त्यसैले नियमावली पनि समयानुकूल परिवर्तन हुन आवश्यक छ।

यो ऐन तर्जुमा हुँदाका बखत सबैखाले दासत्व व्यवहारलाई समेटी लेखन गर्न खोजिएको देखिए तापनि कार्यान्वयनमा जाँदा सबै समेटिन सकेका छैनन्। यो विषय सर्वोच्च अदालतले पनि आफ्ना फैसलामा उल्लेख गरिसकेको छ। कुनै निश्चित समूहलाई मात्रै लक्षित गरी ऐन कार्यान्वयन गर्न खोजिनुहुँदैनथ्यो। त्यहाँनेर सरकारले गम्भीर त्रुटि गरेको छ। साथै कमैया श्रमिक (हरवा/चरवासमेत) को

समस्या विभिन्न निकायसँग अन्तरसम्बन्धित तथा बहुआयामिक हुँदाहुँदै कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ ले निर्दिष्ट गरेका नीतिहरूको तर्जुमा र कार्यान्वयन गर्नका लागि भूमि सुधार तथा व्यवस्थापन मन्त्रालयले मात्रै जिम्मेवारी पाउँदा सबै पक्ष सम्बोधित हुन पाएनन् । उक्त मन्त्रालयको दृष्टि कमैयाहरूका समस्याका सबै आयाममा पुग्न सकेन । त्यसो हुनु स्वाभाविकै पनि हो । किनभने एउटै निकायले आफ्नो अनुभव र दक्षताअनुसारको मात्रै काम गर्न सक्छ ।

४.२ कमैया श्रम (निषेध गर्ने) सम्बन्धी नियमावली, २०६८

खासगरी नियमावलीहरू सम्बन्धित ऐन कार्यान्वयनका लागि बन्ने गर्छन् । नियमावली बनाउने काम विशुद्ध सरकारको हो । यसमा व्यवस्थापिका अथवा संसद्को कुनै प्रत्यक्ष सरोकार रहँदैन । ऐन जारी भएको १० वर्षपछि मात्रै नियमावली बन्नुले कमैया श्रमिकहरूउपर सरकारको संवेदनशीलता, मानसिकता र इच्छाशक्ति मापन गर्न सकिन्छ । ऐन जारी भएको १० वर्षसम्म कमैया व्यवस्थापनका काम कति भए होलान् भनी अनुमानमात्रै गर्ने हो भने पनि पक्कै धेरै भएन भन्ने निष्कर्ष निकाल्न असहज छैन । यसो हुनुपछाडि धेरै कारण हुन सक्छन् । तीमध्ये एक कारण जो दासत्व व्यवहार कहिल्यै भोगेकै छैनन्, उनीहरूको मात्रै सरकारमा उपस्थिति रहनु पनि हो । जसले दास प्रथाबाट समाज र सम्बन्धित व्यक्तिमा पर्ने नकारात्मक असर बुझेका पनि हुँदैनन् र सरकारले बुझाउने प्रयत्न पनि गर्दैन । दासत्व व्यवहारको पीडाले दुख्ने व्यक्ति यदि सत्तामा हुन्थ्यो भने उसले पक्कै अलि छिटो नियम तथा कार्यविधि तर्जुमाको पहल गर्थ्यो । जे होस्, ढिलै भए पनि नियमावली आयो । नियमावलीका मुख्य व्यवस्था निम्न छन् :

नियमावलीले कमैया वर्गीकरण गर्ने र वर्गीकरणका आधारमा परिचयपत्र दिने व्यवस्था गरेको छ । नियमावलीले ऐनमा व्यवस्थित समितिलाई जग्गा सिफारिस गर्ने कार्यविधि र कमैयालाई उपलब्ध गराइने जमिनको हद तय गरिदिएको छ । त्यस्तै कमैयालाई दिइने जग्गाको प्रयोग र स्वामित्व सम्बन्धमा व्यवस्था गरेको पाइन्छ । घर बनाउने निर्माण सामग्री र घर निर्माणका लागि रकम नेपाल सरकारले निर्णय गरेबमोजिम दिने भन्ने कुरा नियमावलीले उल्लेख गरेको छ । कल्याणकारी अधिकृतको काम, कर्तव्य र अधिकारलाई अझ बढी प्रष्ट्याएको छ । साथै नियमावलीले आयआर्जनसम्बन्धी क्रियाकलापका लागि कमैयाले बचत समूह गठन गर्ने, वैदेशिक रोजगारीमा सहयोग गर्ने तथा कमैयालाई जग्गा खरिद गर्न तथा

व्यवसाय सञ्चालन गर्नेलगायत कार्यमा ऐनबमोजिमको कोषबाट ऋण उपलब्ध गराउन सकिने भनेको छ।

नियमावलीमा उल्लिखित व्यवस्थाहरू दृष्टिगत गर्दा नियमहरू तराईकेन्द्रित देखिन्छन्। जस्तो- वितरित हुने भनिएको जग्गा कठ्ठामा मात्रै उल्लिखित हुँदा पहाडी भेगका ऐनबमोजिम परिभाषित कमैया (हलिया, हली, गोठाला) ले जग्गा पाउने अवस्था देखिँदैन। त्यसैले ऐन परिमार्जनका साथसाथमा प्रस्तुत नियमावली पनि संशोधन/परिमार्जन हुन जरुरी छ। हरवा/चरवाहरू पनि नियमावली संशोधन गरी प्रयोगमा ल्याउँदा बढी लाभदायी हुन्छन्।

४.३ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

सामान्यतया मानव बेचबिखन तथा ओसारपसार भन्नाले शोषण गर्ने उद्देश्यले करकापमा पारी, बाध्य गराइ मानिस किन्ने/बेच्ने तथा एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याउने कार्यलाई जनाउँछ। नेपालमा प्राचीन समयमा मानव बेचबिखनको कार्य खासगरी राजा/महाराजाहरूको सौखका लागि गरिन्थ्यो। त्यतिखेर मानवको खरिद-बिक्री सम्पत्तिसरह मानिने भएकाले निषेधित थिएन। वर्तमान समयमा पनि कतिपय प्रथा/परम्पराको आडमा कुनै न कुनै रूपमा मानव खरिद-बिक्रीको कार्य हाम्रो समाजमा कायमै छ। कसैको ऋण खाएबापत उसका दरसन्तान कसैको घरमा हरवा/चरवाका रूपमा काम गर्नु शोषण हो। अझ कुनै एक व्यक्तिले ऋण लिँदा जमानी बसिदिएबापत उक्त जमानी बसिदिने मानिसको घरमा समेत हरवा/चरवाभई काम गरिदिनुपर्ने कार्यलाई पनि शोषणका रूपमा लिइनुपर्छ।

मुलुकी ऐन २०२० ले जीउ मास्ने/बेच्नेको महलअन्तर्गत मानव बेचबिखनलाई दण्डनीय अपराध मानेको थियो। यसका अलावा, राज्यले मानव बेचबिखनलाई अझ कडा दण्डनीय बनाउँदै जीउ मास्ने/बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ प्रचलनमा ल्यायो। २०४३ को ऐनले पनि मानव बेचबिखनविरुद्ध प्रभावकारी हुन नसक्दा खारेज गरी **मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४** हाल प्रचलनमा छ।

प्रस्तुत ऐनले **शोषण गर्नु भनेको दास तुल्याउने, बाँधा बनाउने कार्यसमेत सम्झनुपर्छ** भनी परिभाषित गरेको छ (दफा २ खण्ड (ङ)। त्यस्तै **शोषण गर्ने उद्देश्यले नाजुक**

स्थितिको फाइदा उठाइ, शक्तिको दुरूपयोग गरी तथा करकापमा पारी कुनै कार्य गर्नु/गराउनु मानव बेचबिखन तथा ओसारपसार गर्नु हो भनेको छ (दफा ४.२)। यस्तो कार्य गर्नेलाई यो ऐनको दफा १५(१)(छ) ले ७ देखि १० वर्षसम्म कैद सजाय हुने व्यवस्था गरेको छ।

कसैले कसैलाई हरवा/चरवाको काममा लगाउनुपछाडिको उद्देश्य शोषण गर्नु हो। त्यसैले शोषण गर्ने कार्य मानव बेचबिखन तथा ओसारपसारभित्र पर्छ भन्ने व्याख्या गरी हरवा/चरवाबनाइ शोषण गर्नेलाई यस ऐनबमोजिमको दायित्व बहन गराउन सकिने अवस्था छ। हरवा/चरवाराख्ने कार्यलाई यो ऐनको परिधिभित्र पारी पीडितले न्याय प्राप्त गर्ने विषय तत्कालीन कानुन कार्यान्वयनका संरचनाबाट सहज भने छैन। सङ्गठित भई कोसिस गर्दै जाने र कतै न कतै प्रस्तुत ऐन आकर्षित गराई पीडकलाई यो ऐनबमोजिमको दायरामा ल्याइ कारबाही गराउन सकियो र त्यो परिणामको प्रभावकारी प्रचारप्रसार हुन सक्यो यदि भने कसैले कसैलाई हरवा/चरवाका रूपमा काम गराउन कम आँट गर्ने थिए। यहाँ **कम आँट** किन भनियो भने धेरै दण्ड सजाय निर्धारण गरी अपराधीकरण गरिएका कार्य पनि समाजमा घटिरहेकै छन्। तर अन्य अपराध र हरवा/चरवाराख्ने विषय अलि फरक भने छ।

४.४ श्रम ऐन, २०७४

श्रम ऐन, २०७४ श्रमिकको हक, हित तथा सुविधाको व्यवस्था गर्न तथा श्रम शोषणका सबै अवस्था अन्त्य गर्न आएको हो भन्ने प्रस्तावनाबाटै छर्लङ्ग हुन्छ। खासगरी यो ऐन श्रमिक र रोजगारदाताबीच सुमधुर सम्बन्ध स्थापना गर्ने अभिप्रायले बनेको हो। दासत्व व्यवहारलाई श्रम ऐन आकर्षित गर्दै हरवा/चरवाको कार्यलाई मर्यादित बनाउन सक्ने हो भने पनि हरवा/चरवाका समस्या समाधान हुने थिए। त्यसैले यो ऐनका व्यवस्थालाई यहाँ छलफलका लागि ठाउँ दिइएको हो।

यस ऐनको दफा ४ (१) मा **कुनै श्रमिकलाई प्रत्यक्ष वा अप्रत्यक्षरूपमा बाँधा श्रममा लगाउन हुँदैन** भन्ने व्यवस्था छ ('बाँधा श्रम' भन्नाले कुनै श्रमिकलाई कुनै काम वा सेवा नगरेमा कुनै किसिमको आर्थिक, शारीरिक वा मानसिकरूपमा कारबाही गर्ने डर त्रास देखाइ निजको इच्छाविपरीत कुनै काम वा सेवा गराउने कार्य सम्झनुपर्छ)। हरवा/चरवाबाँधा श्रमको एक स्वरूप हो। कसैले कसैलाई हरवा/चरवाराख्न यो ऐनले पनि वर्जित गरेको छ। सजाय कति हुने भन्नेचाहिँ उल्लेख छैन।

प्रस्तुत ऐनले कसैले कसैलाई कुनै काममा लगाउँदा सम्झौता नगरी लगाउन हुँदैन भनेको छ। हरवा/चरवालाई ऋण दिने धनीहरूले कुनै पनि प्रकारको सम्झौता नगराइ काममा लगाइरहेका छन्। सम्झौता नगरी काममा लगाउनु ऐनको बर्खिलाप भई हरवा/चरवाहरूविरुद्ध अपराध हुनुका साथसाथै शोषण भइरहेको छ। त्यस्तै यो ऐनले बिनापारिश्रमिक काम लगाउन नपाउने व्यवस्था गरेको छ तर हरवा/चरवाहरू पहिलाको ऋण र सोको ब्याज चुक्ता गर्न भन्दै रातोदिन बिनापारिश्रमिक वा न्यूनतम ज्याला (जसले जीवन निर्वाह गर्न पुग्दैन) मा काम गरिरहेका छन्। ऐनले दैनिक काम गर्ने समय ८ घण्टा र सोभन्दा बढी समय काम गरे अतिरिक्त सुविधा प्राप्त गर्ने कुरा उल्लेख गरेको भए पनि हरवा/चरवाहरू ८ घण्टाभन्दा बढी समय काम गरिरहेका छन्। अतिरिक्त सुविधाबारे त सुनेकासम्म छैनन् हरवा/चरवाले।

ऐनले घरेलु श्रमिकको सार्वजनिक बिदा, साप्ताहिक बिदा र त्यससम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ भनेको छ। नयाँ नियम अहिलेसम्म बनेको छैन। हरवा/चरवालाई बिदा कुन चरीको नाम हो भन्ने थाहासम्म छैन। संस्कृति, कुल, धर्म, परम्पराअनुसारको चाडपर्व मान्न घरेलु श्रमिकले पाउनुपर्ने व्यवस्था ऐनमा भए पनि व्यवहारमा भने हरवा/चरवासबै दिन उस्तै काम गरिरहेका हुन्छन्।

रोजगारदाताले कामदारप्रति सुरक्षा र स्वास्थ्यमा उचित प्रबन्ध गर्नुपर्ने कुरा ऐनमा व्यवस्थित छ तर हरवा/चरवाहरू कार्यस्थलमा असुरक्षित हुनुका साथै स्वास्थ्य उपचार अभावमा औसतभन्दा कम आयु बाँचिरहेका छन्। श्रमिकले रोजगारदातासँग अधिकारका विविध विषयमा सौदाबाजी गर्न पाउने चलन छ र ऐनमा पनि सौदाबाजीको प्रावधान राखिएको छ। हरवा/चरवाहरू अति सीमान्तकृत समूह हुँदा सङ्गठित बनी सौदाबाजी गर्न पनि सकिरहेका छैनन्।

४.५ जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८

नेपाली समाज अझै यति धेरै खतरनाक छ कि कुनै खास जात, जाति, वंशको वा कुनै खास पेशा अपनाउने समुदायको कुनै सदस्य भएर जन्मेकै कारण एउटा मान्छेले अर्को मान्छेलाई भेदभाव गर्छ, छुवाछूत गर्छ, कुनै खास काम गर्न बाध्य तुल्याउँछ। यी र यस्तै कारण सम्बन्धित व्यक्ति तथा समग्र देशलाई परेको असरको अन्दाजसम्म पनि कसैले गर्न सक्ने अवस्था छैन। फलस्वरूप आजसम्म देश अविकसित छ, समाजमा शान्ति कायम हुन सकेको छैन, जताततै अन्याय छ,

शोषण छ। जुन अत्यन्त अमानवीय र निकृष्ट व्यवहार हो। कानुनद्वारा निषेधित भए पनि व्यवहारमा प्रचलित छ। यसको नियन्त्रण तथा उन्मूलनका लागि कानुनी संयन्त्रका रूपमा जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८ प्रचलनमा भए पनि जातीय भेदभाव तथा छुवाछूतले समाज अझै आक्रान्त छ। प्रस्तुत ऐन अस्तित्वमा आउनुअघि मुलुकी ऐन, अदलको महलको १०क नं. मा व्यवस्थित सङ्क्षिप्त व्यवस्थाले जातका आधारमा हुने छुवाछूत तथा भेदभावका व्यवहार भएमा सो कार्य गर्ने व्यक्तिलाई दण्ड सजाय र पीडितलाई न्याय गर्ने काम न्यायालयबाट हुने गरेको थियो।

जातकै आधारमा कुनै काम गर्न कसैलाई बाध्य तुल्याउने कार्य गर्नु पनि दासत्वको व्यवहार गर्नु हो। प्रस्तुत ऐनले **कसैले कुनै पनि व्यक्तिलाई जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा कुनै पनि पेशा वा व्यवसाय गर्न प्रतिबन्ध वा रोक लगाउने** वा **कुनै पनि व्यक्तिलाई कुनै पेशा वा व्यवसाय गर्न बाध्य पार्न हुँदैन** भन्ने व्यवस्था गरेको छ। यदि कसैले उक्त कार्य गरेमा **तीन महिनादेखि तीन वर्षसम्म कैद वा १ हजार रुपियाँदेखि २५ हजार रुपियाँसम्म जरिबाना वा दुवै सजाय** हुन्छ भन्छ। कार्यान्वयन कति भयो भन्नेतर्फ छुट्टै अध्ययन हुन आवश्यक होला/गर्नु पनि पर्छ। हरवा/चरवाहरू बढी सङ्ख्यामा दलित नै छन्, अघिल्ला लेखहरूमा भेटिन्छ यो तथ्य। दलितहरू आर्थिक विपन्न, भूमिहीन, अशिक्षित भई बेरोजगार हुँदा उनीहरू हरवा/चरवाबस्न बाध्य छन्। यदि कसैले कसैलाई दलित भएकै कारण हरवा/चरवाबस्न बाध्य पार्छ भने यो ऐनबमोजिम पनि उपचार खोज्न सकिने प्रशस्त ठाउँ छ।

४.६ मुलुकी अपराध (संहिता) ऐन, २०७४

१६५ वर्षसम्म कार्यान्वयनमा आएको मुलुकी ऐन २०७५ साल भाद्र १ गतेदेखि प्रतिस्थापित भएको छ। यसको ठाउँमा विभिन्न ५ कानुन प्रयोगमा आएका छन्, ती हुन्- (क) मुलुकी अपराध (संहिता) ऐन, २०७४, (ख) मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४, (ग) फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४, (घ) मुलुकी देवानी (संहिता) ऐन, २०७४ र (ङ) मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४। २०७५ साल भाद्र १ गते अर्थात २०७५ साउन ३१ गतेसम्म दर्ता भएका मुद्दाका सन्दर्भमा ती मुद्दाको अन्तिम टुङ्गो नलागेसम्म भने मुलुकी ऐन नै प्रयोग हुनेछ। अर्थात केही समय मुलुकी ऐन र नयाँ

संहिताहरू दुवैको एकैसाथ प्रयोग गर्नेछन् अदालत तथा सम्बन्धित निकायहरूले ।

मुलुकी अपराध (संहिता) ऐन, २०७४ ले जबर्जस्ती काममा लगाउन, बाँधा श्रमिकका रूपमा राखी व्यवहार गर्न, दास प्रथा तथा दासत्व व्यवहार गर्ने कार्यलाई प्रतिबन्धित गरेको छ। यो ऐनले कसैले कसैलाई इच्छाविरुद्ध काममा लगाउन नपाउने विषयलाई कसुर मान्दै त्यस्तो काम गर्ने/गराउने दुवैलाई ३ महिनासम्म कैद वा ५ हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरेको छ।[८]

त्यसैगरी कसैले कसैलाई दास वा कमारा कमारी बनाउने, दास वा कमारा कमारीको हैसियतमा राख्न तथा दाससरहको कुनै पनि व्यवहार गर्नुहुँदैन भनी ऐनले प्रष्ट पारेको छ। यदि त्यस्तो कार्य कसैले गर्छ भने त्यस्तो कार्य गर्ने व्यक्तिलाई ५ देखि १० वर्षसम्म कैद र ५० हजारदेखि १ लाख रुपियाँसम्म जरिवाना हुने भनी घोषणा गरेको छ।[९] साथै कुनै प्रकारको प्रतिफलबापत, कमैया राख्न, बन्धक बनाइराख्न, बाँधा राख्न वा यस्तै प्रकारका अन्य कुनै कार्य कसैले गरे/गराएमा त्यस्ता व्यक्तिलाई ३ वर्षदेखि ७ वर्षसम्म कैद र ३० हजारदेखि १ लाख रुपियाँसम्म जरिवाना हुने व्यवस्था यस ऐनले उल्लेख गरेको छ।[१०]

यो ऐन जारी भएको जानकारी समुदायमा प्रभावकारीरूपमा हुन सकेको छैन। यसतर्फ राज्य तथा सरोकारवालाहरूले ध्यान केन्द्रित गर्नुपर्नेछ। अब कसैले कसैलाई हरवा/चरवाराख्यो भने यो ऐनमा व्यवस्थित उक्त प्रावधानहरू पनि

८ **दफा १६२. जवर्जस्ती काममा लगाउन नहुने** : (१) कसैले कसैलाई निजको इच्छाविरुद्ध काममा लगाउन हुँदैन। तर सार्वजनिक कामका लागि कानुनबमोजिम श्रममा लगाउन यस दफाले बाधा पुऱ्याएको मानिने छैन।
(२) उपदफा (१) बमोजिमको कसुर गर्ने वा गराउने व्यक्तिलाई तीन महिनासम्म कैद वा पाँच हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

९ **दफा १६३. दास बनाउन नहुने** : (१) कसैले कुनै व्यक्तिलाई दास वा कमारा, कमारी बनाउन, त्यस्तो हैसियतमा राख्न, काममा लगाउन वा सोसरहको अन्य कुनै पनि व्यवहार गर्न वा गराउन हुँदैन।
(२) उपदफा (१) बमोजिमको कसुर गर्ने वा गराउने व्यक्तिलाई पाँचदेखि दश वर्षसम्म कैद र पचास हजारदेखि एक लाख रुपियाँसम्म जरिवाना हुनेछ।

१० **१६४. बन्धक बनाउन वा बाँधा राख्न नहुने** : (१) कसैले कुनै व्यक्तिलाई कुनै पनि प्रकारको प्रतिफलबापत कमैया राख्न वा बन्धक बनाउन वा बाँधा राख्न वा बाँधाको हैसियतमा काममा लगाउन वा सो सरहको अन्य कुनै पनि प्रकारको व्यवहार गर्न वा गराउन हुँदैन।
(२) उपदफा (१) बमोजिमको कसुर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षदेखि सात वर्षसम्म कैद र तीस हजार रुपियाँदेखि एक लाख रुपियाँसम्म जरिवाना हुनेछ।

आकर्षित हुने स्थिति छ। उपरोक्त व्यवस्थाहरूमा पीडितले क्षतिपूर्ति तथा राहत प्राप्त गनुपर्ने विषय भने मौन छ। हरवा/चरवाहरूको आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकार खोसिएकाले उनीहरूले क्षतिपूर्ति प्राप्त गर्दा बढी न्याय पाएको अनुभूति गर्न सक्छन्। सम्भव भएसम्म पीडकबाट यदि पीडक असमर्थ भयो भने राज्यकोषबाटै भए पनि क्षतिपूर्तिको व्यवस्था भएको भए हरवा/चरवालगायतका दासत्व व्यवहारका पीडितहरूले राहत प्राप्त गर्ने थिए।

इच्छाशक्ति, मानसिकताका तथा संरचनाका कारण विगतमा देखिएका कानुन कार्यान्वयनको फितलोपना प्रस्तुत संहिता कार्यान्वयनमा पनि नदेखिएला भन्न सक्ने अवस्था छैन। कार्यान्वयनको कसीमा समग्र ऐनहरू कत्तिको खरो उत्रन्छन् त्यसकै अनुपातमा यो सम्बन्धित संहिता पनि कार्यान्वयनमा आउने हो। यसका लागि न्याय तथा कानुनका उपभोक्ता नै बढी सचेत र सक्रिय हुनुपर्ने हुन्छ।

४.७ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय स्वायत्त शासन ऐन, २०५५ लाई खारेज गर्दै सङ्घीयता कार्यान्वयनका लागि बनेको यो ऐनलाई निकै महत्वका साथ हेर्ने गरिएको छ। यसले स्थानीय तहको स्वायत्तता र काम, कर्तव्य तथा अधिकार तोकेको छ। खासगरी जनाताका नागरिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको प्रचलन न्यायोचित र पहुँचयोग्य बनाउन यो ऐन तर्जुमा भएको पाइन्छ। स्थानीय स्तरका राजनीतिक विषयसम्बन्धी अधिकार पनि यसभित्र समेटिएका छन्।

१५ परिच्छेद र १२१ दफा भएको प्रस्तुत ऐनको परिच्छेद-३ को दफा १२ मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारहरूको व्यवस्था छ। त्यसमध्ये दफा १२(४)(च) ले सामाजिक सुरक्षा र गरिबी निवारणको काम गर्न स्थानीय तहलाई अधिकार दिन्छ। जसमध्ये सामाजिक सुरक्षा तथा गरिबी निवारणसम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान गर्ने कुरा दफा १२(४)(च)(१) मा समेटिएको छ। हरवा/चरवाहरूको सामाजिक संरक्षणको अवस्था अन्त्यन्त नाजुक हुँदा र हरवा/चरवाहरूको विपन्नतालाई समाधान गर्न प्रस्तुत दफाबमोजिम अध्ययन गरी नीति तथा मापदण्ड तयार गर्न सक्ने अवस्था छ।

दफा १२(४)(च)(२) ले लक्षित समूहसम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन गर्न गाउँपालिका तथा नगरपालिकाले सक्ने व्यवस्था गरेको हुँदा हरवा/चरवारहेका जिल्लाका गाउँपालिका तथा नगरपालिकामा लक्षित समूहका रूपमा उनीहरूको व्यवस्थापनका लागि योजना बनाई स्रोत परिचालन गर्न आवस्यक छ। गरिब घर परिवार पहिचानसम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन स्थानीय तहले गर्न सक्ने व्यवस्था दफा १२(४)(च)(३) मा हुँदा हरवा/चरवाको वास्तविक तथ्याङ्क सङ्कलन भई उनीहरूको व्यवस्थापनमा सहज वातावरण तय गर्न सकिने अवस्था छ।

ऐनले सुकुमबासी पहिचान, अभिलेख व्यवस्थापन र सुकुमबासीसम्बन्धी जीविकोपार्जन र बसोबास व्यवस्थापन दफा १२(४)(च)(१) र (२) मार्फत स्थानीय तहले गर्न सक्ने व्यवस्था गरेको छ। बढीभन्दा बढी हरवा/चरवाहरू भूमिहीन हुँदा उनीहरूको पहिचान गरी स्थानीयतवरबाटै उनीहरूको व्यवस्थापन गर्न स्थानीय तह अधिकार सम्पन्न हुँदा यो ऐनको प्रस्तुत व्यवस्थाको प्रभावकारी प्रचारप्रसार आवश्यक छ। साथै स्थानीयस्तरमा रहेका अव्यवस्थित बसोबास व्यवस्थापन गर्न सक्ने अधिकार गाउँपालिका तथा नगरपालिकामा रहेको हुँदा र हरवा/चरवाहरूको बढी बसोबास अव्यवस्थित हुने भएकाले सो व्यवस्था पनि निकै महत्वपूर्ण देखिन्छ। तर स्रोत, साधन, ज्ञान, सिप, इच्छाशक्ति आदि अभावमा प्रस्तुत व्यवस्था कार्यान्वयन हुनेमा शङ्का छ, भए पनि स्थानीय तहलाई प्राप्त अधिकार प्रयोग गर्न सबैले उत्प्रेरणा दिई सहयोग गर्नुपर्छ। अन्यथा सङ्घीयता कार्यान्वयनमा आएको एक प्रमुख कानुन प्रभावकारीरूपमा कार्यान्वयन हुन नसकी सङ्घीयताको उपलब्धि नै ओझेलमा पर्न सक्छ।

४.८ भूमिहीन मुक्त कमैयालाई जग्गा खरिद गर्न अनुदान रकम दिनेसम्बन्धी कार्यविधि, २०६८

कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ ले हरवा/चरवालाई पनि कमैया श्रमिकका रूपमा परिभाषित गरिसकेको छ। सरकारलाई थाहा छ- हरवा/चरवाहरू प्रदेश नं. २ का केही जिल्लामा मात्रै अभ्यासमा छ। तर प्रस्तुत कार्यविधिको प्रस्तावनामै 'बर्दिया र कैलालीका केही मुक्त कमैयालाई पुनर्स्थापना गर्ने कार्य बाँकी रहेकाले तिनीहरूलाई जग्गा उपलब्ध गराउन नसकिने देखिएकाले जग्गा खरिद गर्न अनुदानका रूपमा रकम नै दिई यथाशीघ्र पुनःस्थापना गराउन...जग्गा खरिद गर्न

अनुदान रकम दिई मुक्त कमैयाको समस्या समाधान गर्न वाञ्छनीय भएकाले' भनी हरवा/चरवालाई ऐनबमोजिम पुनर्स्थापित गर्नुपर्ने दायित्व नजरअन्दाज गर्दै असमान व्यवहार प्रदर्शन गरेको छ।

हरवा/चरवापनि भूमिहीन नै हुन्। उनीहरूलाई भूमि वितरण गरी पुनर्स्थापना गर्नु राज्यको दायित्व हो। प्रारम्भमै हरवा/चरवाको सवाल छुट्टै प्रस्तुत कार्यविधिको भित्री भागमा हरवा/चरवासम्बन्धी कुनै व्यवस्था हुने नै भएन र छैन पनि। त्यसैले राज्यले ऐनले चिनाइदिएका कुनै कमैयालाई काखा र कुनैलाई पाखा गर्न पाउँदैन। उस्तै नागरिकमध्ये कसैलाई न्याय र कसैलाई अन्याय गर्ने चरित्र राज्यको हुनुहुँदैन। समान व्यवहार गरिनुपर्छ। हरवा/चरवाको संरक्षक राज्यभन्दा अर्को हुनै सक्दैन र हैन पनि। त्यसैले भूमिहीन हरवा/चरवालाई जमिन वितरण गर्ने नीति राज्यले अविलम्ब तय गर्नुपर्छ। यदि सोतर्फ राज्यले कदम उठाएन भने वा उदासीनता प्रदर्शन गऱ्यो भने उस्तै अवस्थाका नागरिकबीच असमान व्यवहार गरेको विषय सार्वजनिक विवादको विषयका रूपमा उठान गरी अदालतको ढोका ढक्ढक्याउनुको विकल्प हरवा/चरवासँग छैन।

४.९ मुक्त कमैया पुनर्स्थापना समस्या समाधान आयोग, गठन आदेश, २०६५

दासत्व व्यवहार भोग्दै आएका नागरिकहरूका लागि राज्यले केही गर्दै नगरेको पक्कै हैन। केही गरेकै छैन भन्दै गोश्वारारूपमा आलोचना गर्न पनि हुँदैन। केही त गरेकै छ र गर्दै पनि छ। तर कति प्रभावकारी, कति व्यावहारिक र कति न्यायपूर्ण छ भन्ने कुराको विश्लेषण नगरे समस्या समाधानको तहसम्म पुग्न कठिन हुन्छ। यसरी विश्लेषण गर्दै वकालतको रणनीति तय गर्न सकियो भने राज्यको ध्यान आकृष्ट भई सहजरूपमा लक्षित समुदायको विकास तथा संरक्षणको काम पनि हुन सक्छ। मुक्त कमैया समस्या समाधान आयोग सरकारले गठन गऱ्यो, प्रशंसनीय काम हो। तर यो आयोगको पनि ध्यान भने दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमै सीमित रहन गयो। यसले आयोगको कार्यक्षेत्र निर्धारण गर्दा उक्त कुरा उल्लेख गरेको छ (कार्यविधिको दफा ४)। जुन कुरा व्यावहारिक भएन किनभने कमैया श्रम ऐनबमोजिमका मुक्त कमैयाहरू उक्त ५ जिल्लामा मात्रै सीमित छैनन्। देशभरका विभिन्न जिल्ला तथा भेगमा विभिन्न स्वरूपमा छन्।

प्रस्तुत आयोगको संरचना केन्द्रीकृत छ। भूमि सुधार मन्त्री अथवा भूमि सुधार राज्य मन्त्रीको अध्यक्षतामा गठन हुने समितिमा अन्य मन्त्रालयका सचिवै सचिव सदस्य र सरकारभन्दा बाहिरबाट १ महिलासहित ३ जना सदस्य राख्न सकिने गरी १४ जनाको समिति परिकल्पना गरिएको छ। मन्त्री तथा सचिवहरू (खासगरी सचिव जो जिम्मेवारीका हिसाबमा) अन्यत्रै ब्यस्त हुने हुँदा आयोगलाई समयसम्म दिन भ्याउँदैनन्। समावेशिताको दृष्टिकोणबाट पनि आयोग पूर्ण छैन। १४ जना सदस्य रहने ठाउँमा १ जना महिला सदस्य हुनु न्यायिक हैन। अरू बहिष्करणमा परेका समुदायको उपस्थितिको सम्भावना कम छ। पाँचवटै जिल्लाका मुक्त कमैयाका लागि मात्रै काम गर्ने भए पनि केन्द्रीकृत तथा असमावेशी आयोगले उचित पुनर्स्थापना गर्न सक्छ जस्तो लाग्दैन। यदि सक्ने भए ती पाँच जिल्लाका मुक्त कमैयाको समस्या आयोग गठन भएको १० वर्षसम्म समाधान भइसक्नुपर्ने थियो। त्यसैले उक्त आयोगको संरचना कामयावी नभएको प्रमाणित भएकै छ। केहीलाई मात्रै समेटी अन्य कमैयालाई ध्यानै नदिइ पुनर्स्थापना गर्न भनी ऐनसँग बाझिएर गठन भएको आयोगको औचित्यता त्यत्ति धेरै देखिँदैन। त्यसैले हरवा/चरवासहित सबैखाले कमैयालाई पुनर्स्थापना गर्नका लागि समावेशी, चुस्त र स्थानीय तहसम्म फैलिएको आयोग गठन भई काम गरेमात्रै सही मानेमा कमैया पुनर्स्थापना हुने हुँदा सरकारले सङ्घीयताको ढाँचामा काम गर्नेगरी प्रभावकारी आयोग गठन गर्दै हरवा/चरवालगायतका सबै कमैयाको पुनर्स्थापनाको काम अविलम्ब अगाडि बढाउनुपर्छ।

४.१० नीति तथा कार्यक्रम र आवधिक योजना

४.१०.१ नीति तथा कार्यक्रम

सरकारले वर्षभरि के के काम गर्ने भन्ने सन्दर्भमा हरेक वर्ष नीति तथा कार्यक्रमहरू सार्वजनिक गर्ने गर्छ। आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रममा **यो सरकार सामाजिक न्याय र समानताको पक्षपोषण गर्छ** भनिएको छ। साथै **सबै प्रकारका भेदभाव र अन्यायको अन्त्य, न्यायको प्राप्ति र सबैका लागि समृद्धि यस सरकारको नीति हुनेछ**। त्यसैगरी **अवसरमा पछि परेका समुदायलाई अगाडि ल्याउन यो सरकार दृढ छ** भनी नीति तथा कार्यक्रममा उल्लेख भएको पाइन्छ।

त्यसैगरी श्रमलाई सम्मानित बनाउन श्रम कानुनलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गरिनेछ, श्रम क्षेत्रमा आउने गुनासा र विवादलाई तत्काल समाधान गर्न अर्धन्यायिक

निकाय स्थापना गरिनेछ, अनौपचारिक क्षेत्रमा कार्यरत सबैलाई **योगदानमा आधारित सामाजिक सुरक्षा उपलब्ध गराउने** व्यवस्था गरिएको छ भनेको छ। साथै विपन्न तथा सीमान्तकृत समुदायलाई सामाजिक संरक्षण प्रदान गरिनेछ भन्ने कुरा पनि नीति तथा कार्यक्रममा परेको छ।

नीति तथा कार्यक्रमहरू सरकारले आवश्यकताबमोजिम पूरा गर्दै जाने कुरा हो। सरकार आफैँ हरवा/चरवाको समस्याको भुक्तभोगी हैन। हरवा/चरवाको चौतर्फी विकास जरुरी छ भनी आवश्यकता बोध गराइदिने काम अधिकारकर्मीहरूको हो। यस वर्षको नीति तथा कार्यक्रममा उल्लिखित उक्त नीतिहरू हरवा/चरवासँग अन्त्यन्तै नजिकको सम्बन्ध राख्छन्। हरवा/चरवाशब्द नै नीति तथा कार्यक्रममा पर्नुपर्छ भन्ने तर्क राख्नुहुन्न। यथार्थवादी भएर गरिएको तर्कमा बल हुन्छ। अहिले बहुमतको सरकार छ। प्रभावकारी वकालत गर्न सक्ने हो भने हरवा/चरवाले भोगिरहेको समस्या तत्काल समाधान हुन सक्छ। सबैका लागि समृद्धि भन्ने नाराले हरवा/चरवालगायतका कमैयाहरू समृद्ध हुन सकेमात्र सार्थकता पाउँछ। अन्यथा नारामै सीमित रहन्छ।

४.१०.२ आवधिक योजना

नेपालमा योजनाबद्ध विकास सुरु भएको ६ दशक भएछ। सीमान्तकृत वर्ग, समुदायलाई लक्षित वर्ग मानी कार्यक्रमहरू नवौँ योजनाताकादेखि सुरु भएको पाइन्छ। सरकार अहिले चौधौँ योजना कार्यान्वयनको चरणमा छ। यो योजनाले **सामाजिक न्यायसहितको लोककल्याणकारी राज्य हुँदै मध्यम आय भएका मुलुकको स्तरमा पुग्ने बृहत् लक्ष्य** लिएको छ भने **न्यायपूर्ण वितरण, गरिबी न्यूनीकरण तथा आर्थिक सामाजिक रूपान्तरणलाई बृहत् उद्देश्य** बनाएको छ। प्रस्तुत योजनाले मुक्त कमैयाको मुद्दालाई भूमि सुधारसँग जोडेर यसको समाधानसम्बन्धी सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा कार्यक्रमहरू तय गरेको छ। तर **भूमिको पहुँच कृषकसम्म अभिवृद्धि गर्ने कार्य, सुकुमबासी समस्या समाधान, मुक्त कमैयालाई गर्नुपर्ने शीघ्र व्यवस्थापनका काम**लाई यो योजनाले पनि चुनौतीका रूपमा लिएको छ।

यो योजनाले **सामाजिक न्यायमा आधारित भूस्वामित्व** हुनुपर्ने सोच राखेको छ। उक्त सोचमा पुग्न **भूमि तथा भूमि स्रोतको न्यायोचित वितरण**लाई उद्देश्य तथा **आर्थिक सामाजिकरूपले पछाडि परेका गरिब भूमिहीन वर्गको भूमिमा पहुँच बढाउने**

कार्यलाई रणनीतिका रूपमा लिएको छ। उपरोक्त सोच उद्देश्य र रणनीतिलाई प्राप्ति गर्न भूमि नीति तथा भूउपयोग ऐन तर्जुमा गरी कार्यान्वयन गर्नेलगायत **मुक्त कमैयाको पुनर्स्थापनाको कार्य सम्पन्न गर्ने** रणनीति लिएको छ। त्यस्तै नेपाली समाजमा भूमिसँग जोडिइ अभ्यासमा रहेका दास प्रथा तथा दासत्व व्यवहार अन्त्य गर्न मुक्त कमैया र हलियाहरूको पुनर्स्थापना र ती परिवारलाई सिपमूलक एवं व्यावसायिक तालिम दिने, **बँधुवा मजदूर निषेधसम्बन्धी कानुनको कार्यान्वयन र हरवा/चरवाको पुनर्स्थापना**[११] लाई कार्यक्रमका रूपमा अघि सारेको छ। आवधिक योजनामा उपरोक्त विषयहरू त्यति सजिलै परेका हैनन्। भूमिलगायतका अधिकारकर्मीहरूको थकानबिहीन खटाइको प्रतिफलस्वरूप योजनामा कमैया, हलिया, हरवा/चरवाका विषय समेटिएका हुन्। आवधिक योजनामा कुरा पर्नुमात्रै सबै थोक हैन। आवधिक योजनामा परेको कार्यक्रम सञ्चालन गर्नु/गराउनु ठूलो कुरा हो।

योजना आयोगले प्रकाशन गरेको चौधौँ योजनाको पुस्तकमा उल्लेख भएका बुँदाहरूलाई आधार बनाइ योजना कार्यान्वयनका लागि सरकारसमक्ष कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ को समयानुकूल संशोधन, परिमार्जन तथा थप गर्दै प्रभावकारी कार्यान्वयन र हरवा/चरवालाई पुनर्स्थापनाका लागि नीति तथा योजना तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गराउन अहिले उचित अवसर छ।

११ चौधौँ योजना, आर्थिक वर्ष २०७३/०७४-२०७५/०७६, नेपाल सरकार, राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौँ, पृ.८९

भाग-५

निष्कर्ष

दास प्रथा तथा दासत्व व्यवहारसँग सम्बन्धित सबैखाले स्वरूपको सम्बन्ध मानव जीवनको कुनै एक पक्षसँग मात्रै सीमित छैन। यसले व्यक्तिको आर्थिक, सामाजिक, सांस्कृतिकका साथसाथै नागरिक तथा राजनीतिक अधिकारलाई समेत प्रत्यक्षरूपमा असर पारेको हुन्छ।

कमैया, हलिया, कमलरीहरू मानवता विरोधी व्यवहार हुँदा यसको अन्त हुनुपर्ने देखी उनीहरूको मुक्तिको घोषणा राज्यले गऱ्यो। केही संरक्षण तथा विकासका योजना पनि अगाडि बढायो। तर व्यवहारमा न कमैया, न हलिया तथा न कमलरीहरू नै अधिकार सम्पन्न भएका छन्। हरवा/चरवाहरू जसलाई कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ ले सम्बोधन गरे पनि उनीहरूले हरवा/चरवाको कामबाट मुक्ति पाएका छैनन्। देशका लागि यो एउटा ठूलो चुनौती हो। जसले अन्तर्राष्ट्रियस्तरमा नेपालको शीर उचो हुन दिँदैन। देशलाई विकास, समानता, समृद्धिमा पुऱ्याउन बाधा पुग्नेछ। हरवा/चरवालगायत सबैखाले दास प्रथा तथा दासत्व व्यवहार अन्त्यका लागि निम्न कदम उठाउनु आवश्यक छ :

- हरवा/चरवाको सम्पूर्ण ऋण मिनाहा भएको घोषणा गर्ने। स्थानीय सरकारको अगुवाइमा हरवा/चरवाको सवालमा कार्य गरेका नागरिक सङ्गठनसँग समेत मिलेर हरवा/चरवाको लगत तयार पार्ने।
- हरवा/चरवाको लगत तयार पारेपछि प्रदेश सरकारको समन्वयमा पुनर्स्थापनाको कार्यक्रम तयार पारी कार्यान्वयन गर्ने।

- प्रायः हरवा/चरवाभूमिहीन तथा आवासविहीन भएको हुँदा उनीहरूलाई जीविकोपार्जनका लागि पुग्ने जमिन र बासका लागि उपयुक्त आवासको व्यवस्था गर्ने । उचित पारिश्रमिकसहित मर्यादित पेशा, व्यवसाय गर्न काम गर्न पाउने संवैधानिक हकको कार्यान्वयनका लागि हरवा/चरवालाई सरकारले विभिन्न प्राविधिक तथा व्यावसायिक तालिमहरू प्रदान गर्ने ।
- कमैया श्रम (निषेध) गर्नेसम्बन्धी ऐन, २०५८ कार्यान्वयन गर्न सर्वोच्च अदालतबाट भएका आदेशहरू कार्यान्वयन गर्दा हरवा/चरवालाई पनि समेट्ने । साथै प्रस्तुत ऐनको समयानुकूल संशोधन तथा परिमार्जन गरी कार्यान्वयन गर्ने ।

अनुसूची-१

निर्णय नं. ७८९५, ने.का.प. २०६४, अङ्क १०
सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री बलराम के.सी.
माननीय न्यायाधीश श्री राजेन्द्रप्रसाद कोइराला
संवत् २०६१ सालको रिट नं. ३२०९
आदेश मिति : २०६४/१/३/२

मुद्दा : परमादेश ।

निवेदक : नेपाल राष्ट्रिय दलित समाज कल्याण सङ्घ केन्द्रीय कार्यसमिति ललितपुरको तर्फबाट आफ्नो हकमा समेत सो सङ्घको केन्द्रीय अध्यक्ष उत्तर टमटा समेत.....१

विरुद्ध

विपक्षी : नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेत.....१

- **सबै मुक्त कमैयाहरूको संरक्षण सशक्तीकरण र विकासको लागि कानुन बनाइ विशेष व्यवस्था गर्नका साथै त्यस्ता वर्गको उत्थानको लागि विशेष आर्थिक कार्यक्रम एवं नीति बनाइ लागु गर्नुपर्ने प्रमुख कर्तव्य राज्यको हुने ।**

- **राज्यको निर्दिष्ट सिद्धान्तको व्यवस्थालाई ध्यानमा राखी कुनै खास जातिका आधारमा भेदभाव नगरी मुक्त कमैयाहरूको सशक्तीकरण र विकास तथा Rehabilitate समेत गर्न समिति गठन गर्नुपर्ने।** (प्रकरण नं. ६)
- **संविधान र कानुनले कमैया प्रथा मुक्त गर्दैमा मुक्त कमैयाहरू सबै हक अधिकार एवं स्वतन्त्रता उपभोग गर्न सक्षम नहुने र शताब्दिऔँअगाडिदेखि शोषित र हक अधिकारबाट वञ्चित, एवं शिक्षा हासिल गर्नबाट वञ्चित वर्गलाई केही अवधिसम्म राज्यको संरक्षणको आवश्यकता पर्ने।**
- **तत्कालीन संविधानको धारा ११ को प्रतिबन्धात्मक वाक्यांश र वर्तमान संविधानको धारा १३ लगायतका धाराहरूमा राज्यले मुक्त कमैयाहरूलाई विशेष सुरक्षित वर्ग मानी त्यस्ता वर्गको हितको लागि विशेष व्यवस्था गरेको हो तर देशभरका सबै कमैयाहरूको लागि समितिसमेत गठन भएको देखिँदा संविधान र ऐनको उद्देश्य प्राप्तिको लागि कमैया जातिलगायत कुनै पनि जातिलाई भेदभाव नहुनेगरी सबै जिल्लाका सबै वर्गलाई समावेश गर्नेगरी देशको अन्य भागमा समेत समितिहरू बनाइ उल्लिखित वर्ग र जातको उत्थानको लागि संविधानले संरक्षण दिएबमोजिम आवश्यक कारबाही गर्नू भनी परमादेशको आदेश जारी हुने।** (प्रकरण नं. ७)

निवदेक तर्फबाट विद्वान् अधिवक्ताहरू : धर्मनन्द जोशी, अर्जुनकुमार वगाले, राजुप्रसाद चापागाईं, टेक ताम्राकार, रमेश खनाल र भक्तबहादुर विश्वकर्मा र त्रिलोचन बि.क.

विपक्षीतर्फबाट उपस्थित : विद्वान् सहन्यायाधिवक्ता नरेन्द्र पाठक

अवलम्वित नजीर :

आदेश

न्यायाधीश बलराम के.सी.नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ र ८८(२) अन्तर्गत दायर हुन आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य एवं ठहर यसप्रकार छ :

नेपाल अधिराज्यको संविधान, २०४७ मा नेपाल अधिराज्यभित्र कमैया श्रम वा वाँधा श्रम (हलिया समेत) सिद्धान्ततः उन्मूलन भएको भए तापनि व्यवहारतः कमैया

श्रम समाजमा यथावत रहिरहेको हुनाले विपक्षी सरकारले मिति २०५७/४/२ मा कमैया मुक्तिको घोषणा गऱ्यो । र, संविधानप्रदत्त मौलिक हकको उपभोग गर्न २०५८ सालमा कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन जारी भयो । जसले कमैया मुक्ति गर्नुका साथै दफा २९ख ले कमैया श्रमको परिभाषा गर्दै सो शब्दले हलिया श्रमिकसमेतलाई समावेश गर्दै मुक्त कमैया पुनर्स्थापना तथा अनुगमन गर्न विपक्षी सरकारले तोकिदिएको जिल्लामा सोसम्बन्धी समिति ऐनको दफाबमोजिम गठन गर्ने तथा सो समितिले मुक्त कमैया पुनर्स्थापना सम्बन्धमा ऐनको दफा ९ बमोजिम कार्यसमेत गर्नेगरी तोकिदिएको अवस्थामा विपक्षी मन्त्रिपरिषद् र मन्त्रालयका मुक्त कमैया पुनर्स्थापनासम्बन्धी निर्णय र कार्यक्रमहरू केवल तराई क्षेत्रका थारू कमैयाहरूको पुनर्स्थापनामा मात्र लक्षित गरी केवल दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर गरी जम्मा ५ जिल्लामा मात्र सो समिति गठन गरी विपक्षी सरकारको अन्यायपूर्ण कार्यले गर्दा सुदूरपश्चिमका अन्य पहाडी जिल्लाहरू दार्चुला, बैतडी, डडेल्धुरा, डोटी, अछाम, बझाङ र बाजुराका सयौँ हलिया घर/परिवारको मुक्ति तथा पुनर्स्थापनासम्बन्धी कार्य हुन सकेको छैन । उक्त जिल्लास्तरीय मुक्त कमैया पुनर्स्थापना तथा अनुगमन समितिको गठन अभावले मुक्त हलिया पुनर्स्थापनासम्बन्धी कार्य प्रारम्भ नै हुन नसकेकाले वस्तुतः हालसम्म पनि हलिया बाँधा श्रमको नारकीय जीवन बिताउन बाध्य भएका छन् । कमैया श्रम (निषेध गर्ने) ऐन, २०५८ को दफा २ ले कमैया श्रमभित्र हलियासमेत समावेश गरेको अवस्थामा उक्त समिति गठन गरिएका ५ जिल्ला दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा समेत मुक्त हलियासमेत समावेश गरेको अवस्था विद्यमान हुँदाहुँदै पुनर्स्थापना कार्यक्रमबाट मुक्त हलियालाई वञ्चित गरिएको छ । थारू (चौधरी) मुक्त कमैयाले विपक्षीहरूले सञ्चालन गरेका वा सञ्चालन गर्न सहयोग समन्वय गरिएका पुनर्स्थापनाका कार्यक्रमहरूको फलस्वरूप प्रत्येक मुक्त कमैया (थारू) परिवारले १० कठ्ठा जमिन, विपक्षी वन तथा भू-संरक्षण मन्त्रालयबाट आवासको लागि काठ, विपक्षी स्थानीय विकास मन्त्रालयबाट ट्युबवेल धारा तथा अन्य विपक्षी मन्त्रालयहरूबाट आवश्यक सहायता पाइरहेको अवस्थामा मुक्त हलिया मुक्त कमैया नै होइन भन्ने जस्तो गरी उक्त जिल्लाहरूमा समेत मुक्त हलियाले न्यूनतमरूपमा गाँस, बास, कपास स्वास्थ्य, शिक्षा र सुरक्षासमेत पाइरहेका छैनन् । उक्त ऐनको प्रस्तावनाले कमैया श्रम (निषेध गर्ने) मुक्त कमैयालाई पुनर्स्थापन गर्न तथा सामाजिक न्याय प्रवर्धन गर्नकै लागि सो ऐन जारी गरेको उल्लेख गरेको भए तापनि सो ऐनले परिभाषित गरेका कमैया र तिनीहरूको पुनर्स्थापनाका लागि जिल्लास्तरीय मुक्त कमैया पुनर्स्थापना तथा अनुगमन समिति गठन गरी पुनर्स्थापना र सोको अनुगमन गर्नुपर्ने प्रावधान सो ऐनको क्रमशः दफा ८ र ९ ले स्पष्ट

व्यवस्था गरेको भए तापनि उल्लिखित ५ जिल्लामा मात्र उक्त समितिको गठन गरिएको त्यसभित्रै पनि मुक्त कमैया, (थारू कमैया) भन्दा ऐनले परिभाषित गरेको हलियाका सम्बन्धमा कुनै पनि कार्य नभएको सु.प. क्षे. का अन्य ७ जिल्लामा मुक्त हलियाको ठूलो सङ्ख्या रहेको भए तापनि विपक्षी सरकारले ऐनबमोजिम मुक्त कमैया हलिया पुनर्स्थापना तथा अनुगमन समिति गठन नगर्ने, विपक्षी जिल्लास्थित सरकारी कार्यालयहरूसमेतले यससम्बन्धी कुनै पनि कार्य नै नगर्ने विपक्षी मन्त्रिपरिषद् र मन्त्रालयहरूसमेतले ऐनबमोजिम हलिया पुनर्स्थापनासम्बन्धी कुनै पनि काम कारबाही सञ्चालन नै नगर्ने जस्ता भेदभावपूर्ण गैरकानुनी र अन्यायपूर्ण विपक्षीहरूका उल्लिखित गैरजिम्मेवारपूर्ण काम कारबाहीहरूले गर्दा वस्तुतः (De Facto) हलियाहरूको मुक्ति र पुनर्स्थापना हुन सकेको छैन। जसको फलस्वरूप हलियाहरूको आधारभूत मानव अधिकारको प्रत्याभूतिसमेत हुन नसकी नेपाल अधिराज्यको संविधान, २०४७ को भावना विपरीत भई मानिसको बाँच्न पाउने अधिकार (Right to Life) समेत कुण्ठित हुन पुगेको छ। विपक्षीहरूका उल्लिखित गैरजिम्मेवारपूर्ण, गैरसंवैधानिक, गैरकानुनी एवं भेदभावजनक काम कारबाहीहरू विपक्षी सरकार आफैँले प्रतिबद्धता गरेका मानव अधिकारसम्बन्धी सन्धि, महासन्धि प्रोटोकलसमेतको विपरीत भई त्रुटिपूर्ण, अन्यायपूर्ण र भेदभावजनक छन्।

विपक्षीहरूका उल्लिखित काम कारबाहीहरूमाथि उल्लेख गरेबमोजिम साह्रै भेदभावजनक, गैरजिम्मेवारपूर्ण र अन्यायपूर्ण भई नेपाल अधिराज्यको संविधान, २०४७ को प्रस्तावना धारा ११, १२, १७, १८ र २० द्वारा प्रत्याभूत मौलिक हकहरूका साथै मुक्त कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ को दफा २, ८, ९, १०, ११, १२, १३ र १४ ले प्रदत्त कानुनी हकमा समेत आघात परेकोले सार्वजनिक सरोकारको विवादअन्तर्गत नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ र ८८९२० बमोजिम हामी निवेदकहरू मुक्त हलियाको पुनर्स्थापनाको लागि सुदूर पश्चिमाञ्चलका बाँकी ७ जिल्लासमेत मुक्त कमैया पुनर्स्थापना तथा अनुगमन समिति गठन गर्न, गठित र गठन हुने उक्त समितिलाई भेदभावरहित ढङ्गले संविधान/कानुनबमोजिम पुनर्स्थापनाका काम कारबाहीहरू गरी ऐनले परिभाषित गरेका हलियाका साथै सम्पूर्ण मुक्त कमैयाहरूलाई समानरूपले पुनर्स्थापन गर्न तथा मुक्त कमैयाको पुनर्स्थापनाका लागि कार्यक्रम सञ्चालन गर्नु/गराउनु कमैया श्रम (निषेध गर्न) सम्बन्धी ऐन, २०५८ को भावना र प्रावधानहरूबमोजिम काम गर्नू/गराउनू भनी विपक्षीहरूका नाउँमा परमादेशलगायत जुनसुकै उपयुक्त आदेश जारी गरिपाऊँ। साथै प्रस्तुत प्रश्न सार्वजनिक सरोकारको विषय भएको र त्यसमा पनि उत्पीडित दलित बाँधा श्रमिक हलियाको मुक्ति र पुनर्स्थापनासम्बन्धी भएकाले

हलियाको आधारभूत मानव अधिकारको समेत हनन भएको अवस्थामा २१७६ हलिया घर परिवार र १५०७७१ जनसङ्ख्याले पाशविक जीवन व्यतीत गरिरहनु परिरहेकोले गर्दा ढिलाइ भएमा समाजको ठूलो हिस्सा हलिया परिवारले थप दुःख हैरानी र अन्यायसमेत बेहोर्नुपर्ने भएकाले प्रस्तुत निवेदन पत्रलाई अग्राधिकार दिई सुनुवाइ गर्ने आदेशसमेत जारी गरिपाऊँ भन्ने निवेदन दावी ।

यसमा के/कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र सम्बन्धित मिसिल साथ राखी महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पठाउनू भनी विपक्षी भूमि सुधार तथा व्यवस्था मन्त्रालय सिंहदरवारसमेतलाई सूचना पठाइ त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयमा पठाइदिनू ।

निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ लिई आफैँ वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुनु भनी विपक्षी मुक्त कमैया पुनर्स्थापना तथा अनुगमन समिति बाँके, बर्दिया, कैलाली, कञ्चनपुरलाई सम्बन्धित जिल्ला अदालतमार्फत सूचना पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि पेश गर्नू । प्रस्तुत निवेदन नेपाली नागरिकमध्ये हलिया वर्गसम्बन्धी कुरामा परेको कारण यस्तो मुद्दाको शीघ्र किनारा हुन आवश्यक भएकाले अग्राधिकारसमेत दिई पेश गर्नू भन्ने यस अदालतको आदेश ।

कमैया श्रमलाई निषेध गर्ने र मुक्त कमैयाहरूलाई पुनर्स्थापनको उपयुक्त व्यवस्था मिलाउन सरकारले कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ जारी गरी तद्नुरूप पुनर्स्थापनसम्बन्धी कार्यक्रम सञ्चालन गर्दै आएको छ । यस मन्त्रालय र अन्तर्गत कार्यालयबाट आफ्नो यो मौलिक हक वा उपचारविहीन कानुनी हक अधिकार हनन भएको भनी उल्लेख नगरी केवल काल्पनिक कुराहरूलाई आधार बनाइ दिएको प्रस्तुत रिट निवेदनको संवैधानिक तथा कानुनी आधारसमेत नभएकोले सो रिट निवेदन खारेज गरिपाउँ भन्ने गृह मन्त्रालय, सिंहदरबारको लिखित जवाफ ।

विपक्षी रिट निवेदकले यस कार्यालयको के/कस्तो काम कारबाहीबाट निजको के/कस्तो हक अधिकारको हनन भएको हो ? त्यसको स्पष्ट जिकिर नलिइ बिनाआधार र कारण यस कार्यालयसमेतलाई प्रत्यर्थी बनाइ दिएको रिट खारेज गरिपाउँ भन्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको लिखित जवाफ ।

विपक्षीले निवेदनमा म प्रत्यर्थीको के/कस्तो काम कारबाहीबाट निजको के/कस्तो हक हनन हुन गएको हो, सोको उल्लेख गर्न सक्नुभएको छैन। म प्रत्यर्थीको कुनै काम कारबाहीबाट विपक्षीको कुनै हक हनन भएको छैन। अतः केवल म प्रत्यर्थीलाई विपक्षी बनाएकै कारणले मात्र मेरा नाममा कुनै आदेश जारी हुन नपर्ने हुँदा विपक्षीको आधारहीन निवेदन खारेज गरिपाउँ भन्ने नेपाल राष्ट्रिय दलित समाज कल्याण सङ्घ केन्द्रीय कार्यसमिति ललितपुरको लिखित जवाफ।

नेपाल सरकारको विभिन्न मितिको निर्णयानुसार यस मन्त्रालयबाट तत्काल गर्नुपर्ने भनिएका कामहरू सम्पन्न भएका छन्। जसमध्ये पश्चिम तराई गरिबी निवारण परियोजना र ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरी नयाँ बस्तीको विकास गरी सो नयाँ बस्तीमा खानेपानीका कल जडान, शौचालय निर्माण र सिँचाइका लागि स्यालो ट्युबवेलको व्यवस्था गरेको कुरा विपक्षीले आफ्नो रिट निवेदनमा उल्लेख गर्नु नै भएको हुँदा यस मन्त्रालयको नाममा कुनै आदेश जारी हुनपर्ने होइन। रिट निवेदन खारेज गरिपाउँ भन्ने स्थानीय विकास मन्त्रालयको लिखित जवाफ।

यस मन्त्रालयको के/कस्तो काम कारबाही र निर्णयबाट रिट निवेदकको के/कस्तो प्रकारको मौलिक र कानुनी हक अधिकारको हनन भयो सो स्पष्ट नखोली तथा यस मन्त्रालयलाई विपक्षी बनाउनुपर्ने कुनै स्पष्ट कारणसमेत नखोली यस मन्त्रालयलाई विपक्षी बनाइ रिट निवेदन दायर गरिएको हुँदा रिट निवेदन खारेजभागी छ भन्ने वन तथा भू-संरक्षण मन्त्रालयको तर्फबाट परेको लिखित जवाफ।

निवेदकले यस आयोगको के/कस्तो काम कारबाहीबाट निजको के/कस्तो हक अधिकारको हनन हुन गएको हो भन्ने कुरा स्पष्टरूपमा उल्लेख नै नगरी हचुवाका भरमा यस आयोगका विरुद्ध निवेदन दिएको देखिएकोले यस आयोगको विरुद्ध यो रिट निवेदन लाग्नै नसक्ने हुँदा खारेजभागी छ, खारेज गरिपाउँ भन्ने राष्ट्रिय योजना आयोगको तर्फबाट परेको लिखित जवाफ।

कमैया श्रम निषेध गर्ने सम्बन्धमा व्यवस्था गर्न कमैयालाई पुनर्स्थापना गर्न तथा सामाजिक न्यायको दृष्टिले मुक्त कमैयाको जीवनस्तर अभिवृद्धि गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्नको लागि कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ आएको हो। जसले कमैया श्रमिकले ऋणदातासँग लिएको कमैया ऋण उक्त ऐन प्रारम्भ भएदेखि ऋणदातालाई दिन नपर्ने साथै उक्त कमैयालाई पुनर्स्थापन गर्ने

सम्बन्धमा जिल्लास्तरमा मुक्त कमैया पुनर्स्थापना तथा अनुगमन समितिसमेत रहने व्यवस्था उक्त ऐनले गरेको छ। नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २६ को उपधारा (१) बमोजिम शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी आर्थिक, सामाजिकरूपले पिछडिएको जनशक्ति र समुदायको उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्ने व्यवस्था भएको र रिट निवेदकले उल्लेख गरेबमोजिमको विषयमा सरकारको सीमित साधन र स्रोतले भ्याएसम्म त्यस्ता कार्यहरू गरिँदै आइरहेको छ। शिक्षा ऐन, २०२८ (संशोधनसहित) को दफा १६ (घ) बमोजिम सामुदायिक विद्यालयको प्राथमिक तहका 'शिक्षा निःशुल्क हुने र त्यस्तो विद्यालयमा भर्ना हुने विद्यार्थीलाई निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने व्यवस्था भएबमोजिम त्यस्तो कार्यहरू गरिँदै आएको र हजारौँ बालबालिकाहरू यसबाट लाभान्वित हुँदै आइरहेका छन्। रिट निवेदनमा उठाइएको कतिपय विषयहरू यस मन्त्रालयको तर्फबाट मात्र पूरा गर्न नसकिने हुँदा यसमा सरकारी साधन र स्रोतले भ्याएसम्म पूरा गर्दै जाने हुँदा हाल रिट जारी हुनुपर्ने होइन भन्ने शिक्षा तथा खेलकुद मन्त्रालयको लिखित जवाफ।

कमैया श्रम निषेध गर्न, मुक्त कमैयालाई पुनर्स्थापन गर्न तथा सामाजिक न्यायको दृष्टिले मुक्त कमैयाको जीवनस्तर अभिवृद्धि गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सरकारले कमैया श्रम (निषेध गर्ने) ऐन, २०५८ जारी भएको कुरालाई रिट निवेदकले अन्यथा भयो भन्न नसकेको र यस ऐनको प्रारम्भ भएपछि मुक्त कमैयाको लागिमात्र केही पुनर्स्थापनाको काम कारबाही भई मुक्त हलियाहरूलाई यसप्रकारको कार्यबाट समेट्न नसकेको भन्ने रिट निवेदकले माग दाबी गरेको देखिँदा कमैया श्रम, (निषेध गर्ने) ऐन, २०५८ को दफा ३ ले भैसवार, गैवार, वर्दिकार, छेकवार, हरवा, चरवा, हली, गोठालो, कामलरिया वा अन्य यस्तै नामबाट कमैया श्रम गर्ने व्यक्तिलाई सम्झनुपर्छ भनी स्पष्टरूपले प्रचलित कानुनमा नै परिभाषा गरिसकेको अवस्थामा हलियालाई मात्र पुनर्स्थापन गर्न सकेन भन्ने माग जिकिर कानुनसम्मत छैन। मुक्त कमैयाको पुनर्स्थापना कार्यक्रमहरूमा भेदभावपूर्णरूपमा खास जातिविशेषलाई मात्र समेटी केवल थारू मुक्त कमैयालाई मात्र लक्षित गरी सञ्चालन गर्दै आएको भन्ने रिट निवेदकको माग दाबी तथ्यसम्मत देखिँदैन। कमैया श्रम (निषेध गर्ने) ऐन, २०५८ बमोजिम मुक्त कमैयाको जीवनस्तर अभिवृद्धि गर्दै त्यसरी मुक्ति पाएका कुनै पनि समुदायलाई नसमेटी भेदभाव र पक्षपात हुनेगरी यस मन्त्रालयबाट के/कस्तो काम कारबाही भयो भन्ने सन्दर्भमा रिट निवेदकले स्पष्ट आधारहरूसमेत उल्लेख गर्न नसकेको र कानुनबमोजिम मुक्ति पाएका कुनै पनि जातिविशेषलाई राज्यले आफ्नोतर्फबाट पुऱ्याउने सेवा र सुविधाहरूबाट वञ्चित गराउने भन्ने कुनै प्रश्न नै उठ्दैन। तसर्थ त्यस्ता मुक्त कमैया तथा हलियासमेतलाई

सेवा/सुविधा र पुनर्स्थापना कार्यक्रमबाट वञ्चित नगरिएको हुँदा रिट निवेदकको रिट दावी निरर्थक र निराधार छ। नेपाल अधिराज्यको संविधान, २०४७ र कमैया श्रम (निषेध गर्ने) ऐन, २०५८ विपरीत रिट निवेदकलाई अहित र आघात पुग्नेगरी यस मन्त्रालयबाट कुनै काम कारबाहीसमेत भए/गरेको छैन। रिट निवेदकले पनि यस मन्त्रालयको के/कस्तो काम कारबाहीबाट आफ्नो हक अधिकारमा आघात पुगेको हो सो कुरा कहीँ कतै उल्लेख गर्न नसकेको अवस्थामा रिट निवेदकले यस मन्त्रालयलाई बिनाआधार विपक्षी बनाएको देखिँदा रिट निवेदकको सो निवेदनको दावी निरर्थक भई खारेजभागी छ, खारेज गरिपाउँ भन्ने भौतिक योजना तथा निर्माण मन्त्रालयको तर्फबाट परेको लिखित जवाफ।

सरकारले राष्ट्रमा विपन्न गरिबीको कारणबाट कमैयाको रूपमा जमिन्दारको घरमा कमैया श्रमिकको रूपमा रहने र निज व्यक्तिले लिएको ऋण तिर्न नसकेका कारण निजका सन्तान दरसन्तानसमेत कमैयाको रूपमा जमिन्दारको घरमा वा अधिनमा बस्न परेको कारणबाट तिनीहरूको स्वास्थ्य, शिक्षा र अन्य आयमूलक काम गर्न नसकी सामाजिक उत्पीडनको अवस्थाबाट गुज्रिनुपरेको कारणले सरकारले कमैया प्रथा उन्मूलन कार्यक्रमको घोषणा गरेको हो। यसको प्रभाव विशेषगरी दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा रहेकोले सो क्षेत्रको उक्त समस्या समाधान गर्ने उद्देश्यले पहिलो चरणमा निर्धारित पाँच जिल्लामा उक्त कार्यक्रम लागु गरिएको हो। अन्य जिल्लामा रहेका कमैया र हलिया तथा कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ को परिभाषाभित्र परेका तथा सो ऐनले नसमेटेका सोही प्रकृतिका उत्पीडित वर्गको सहयोगार्थ कार्यक्रम सञ्चालन गरी सामाजिक न्याय दिलाउने दीर्घकालीन लक्ष्य सरकारको भएकोले हलिया प्रथा र क्षेत्रविशेषको समस्यामा केन्द्रित नभई क्रमशः कार्यक्रम लागु गरिनेछ। कमैया श्रम (निषेध) ऐन, २०५८ ले सबै प्रकारका उत्पीडनमूलक श्रमलाई निषेध गर्ने उद्देश्य राखेको छ। सो ऐनले स्वतः उत्पीडन मुक्त गर्ने कुरालाई स्वीकार गरेको छ तर उत्पीडित वर्गको आर्थिक, सामाजिक उत्थानका लागि कार्यक्रम सञ्चालन गर्दा सबै क्षेत्रमा एकैपटक सम्भव नभएकाले अति प्रभावित क्षेत्रलाई प्राथमिकता दिई सरकारले कार्यक्रम सञ्चालन गरेको यो अवस्थामा मानव अधिकारको विश्वव्यापी घोषणापत्र तथा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ विपरीत कार्य गरेको भनी हाल्न मिल्ने अवस्था छैन। अतः लक्षित कार्यक्रम सञ्चालन भएका पाँच जिल्लाको उक्त कार्यक्रम सम्पन्न भएपछि अन्य उत्पीडित वर्गको आयआर्जन कार्यक्रम सञ्चालन गर्ने लक्ष्य भएकोले निवेदकहरूको मागबमोजिम परमादेश आदेश जारी गर्नुपर्ने अवस्था छैन, रिट खारेज गरिपाउँ भन्ने भूमि सुधार तथा व्यवस्था मन्त्रालयको लिखित जवाफ।

विपक्षीले भनेअनुसार कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ मा कमैया श्रमको परिभाषाभित्र हली पनि उल्लेख रहेको एवं मुक्त कमैया पुनर्स्थापना गर्ने सम्बन्धमा जिल्लास्तरमा काम गर्नको लागि पुनर्स्थापना तथा अनुगमन समिति रहने र समितिको काम, कर्तव्य अधिकारको प्रावधान ऐनमा रहेको भए तापनि समिति सरकारले तोकिदिएको जिल्लामा रहने र मुक्त कमैया पुनर्स्थापनाको लागि सरकारले समितिलाई निर्देशन दिन सक्ने र समितिले निर्देशन पालना गर्नुपर्नेबारे पनि सोही ऐनमा प्रावधान रहेको छ। मिति २०५५/४/२ गते कमैया मुक्तिको घोषणापश्चात सरकारले बाँके जिल्लामा मुक्त कमैया पुनर्स्थापना तथा अनुगमन समिति गठन गरेको तथा २०५२ सालमा लिएको कमैया तथ्याङ्कलाई अद्यावधिक गर्न र उनीहरूको पुनर्स्थापन तथा उद्धार र राहत गर्नुपर्ने कार्यको लागि निर्देशन दिनुका साथै घरजग्गाबिहीन कमैयालाई बढीमा ५ कठ्ठासम्म जग्गा उपलब्ध गराउन निर्देशन गरेको। कमैयाहरूको वृत्ति विकास सम्बन्धमा बाँके जिल्लामा पनि २०५२ सालदेखि कार्यक्रम सञ्चालन हुनुपर्ने साथै कमैयाहरूको तथ्याङ्क लिने कार्य भएकोमा उक्त लगतमा प्रारम्भदेखि थारू (चौधरी) समुदायका कमैयाहरू समावेश हुँदै आएको। सरकारले २०५२ सालमा लिएको कमैया तथ्याङ्कलाई नै अद्यावधिक गर्ने र सो मुक्त कमैयालाई नै पुनर्स्थापना गर्न निर्देशन गरेकोले जिल्ला पुनर्स्थापन तथा अनुगमन समितिले भूमि सुधार कार्यालयले २०५२ सालमा तयार गरेको लगत अद्यावधिक गर्दा स्वाभाविकरूपमा थारू (चौधरी) समुदायका कमैयाहरू नै लगतमा कायम भएको र उनीहरूलाई सरकारको निर्देशानुसार पुनर्स्थापना गर्ने कार्य गरेको। पुनर्स्थापनाको सिलसिलामा मुक्त कमैयालाई विपक्षीले जिकिर लिएअनुसार १० कठ्ठा नदिई नीतिअनुसार तोकिएबमोजिम बढीमा ५ कठ्ठासम्म जग्गा उपलब्ध गराएको। जिल्ला पुनर्स्थापना तथा अनुगमन समितिले सरकारको नीति निर्देशनअनुसार मुक्त कमैयाको पुनर्स्थापना कार्य गरेकोमा समितिले ऐनविपरीत अर्थ लगाई भेदभावपूर्ण कार्य गरेको भनी विपक्षीले सत्य तथ्यलाई बङ्याई पेश गरेको बेहोरा झुटा हुँदा विपक्षीको रिट निवेदन खारेजभागी छ। विपक्षीको मागबमोजिम यस समितिउपर परमादेशसहित अन्य कुनै पनि आदेश जारी हुनुपर्ने होइन। रिट निवेदन खारेज गरिपाउँ भन्ने पुनर्स्थापना तथा अनुगमन समिति बाँकेको लिखित जवाफ।

प्रतिनिधि सभामा सार्वजनिक बहसको विषय बनी २०५७ साल साउन २ गते सरकारले सो अवस्थासम्म जमिनदारको घरमा कमैया बसेका बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र दाङ जिल्लाका कमैयाहरूलाई मुक्त गर्ने निर्णय गरेको र सोही सम्बन्धमा कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ जारी भई सोही ऐनले

कमैया श्रमको परिभाषा, कमैया मुक्ति एवं मुक्त कमैयाको पुनर्स्थापना सम्बन्धमा समेत कानुनी व्यवस्था गरेको छ। सोही ऐनबमोजिम सरकारले कमैया श्रमबाट मुक्त कमैयाको पहिचान र पुनर्स्थापनाका लागि एक उच्चस्तरीय केन्द्रीय समिति गठन गरी सो समितिलाई अन्य काम, कर्तव्य र अधिकारका अतिरिक्त मुक्त कमैयाहरूको बसोबासका लागि जमिन वितरण गराउने जिल्लास्तरमा विधि तथा प्रक्रिया निर्धारण गर्ने, जिल्ला समन्वय तथा अनुगमन समितिलाई आवश्यक निर्देशन दिनेलगायतका काम, कर्तव्य र अधिकार तोक्ने व्यवस्था छ। ऐनमा व्यवस्था भएका कुराहरूलाई मध्यनजर राखी माथिल्लो निकायबाट आएका निर्देशनहरूको पालना गर्ने काम जिल्ला अनुगमन समितिको हो।

रिट निवेदकहरूले माग दावी गरेको कुरामा विस्तृतरूपमा विश्लेषण र विवेचना प्रत्यर्थीमा उल्लिखित विभिन्न मन्त्रालयहरूबाट हुने नै छ र सोहीबाट नै सम्पूर्ण कुरा प्रष्ट हुनेछ। यस जिल्लास्तरीय समितिबाट मुक्त कमैयासम्बन्धी काममा ऐन, नियम, नीति र निर्देशनबमोजिम नै काम भइरहेको छ। सोको विपरीत कुनै पनि काम भए/गरेको छैन। सरकारको नीतिबमोजिम ऐनमा व्यवस्था भएअनुसार मन्त्रालयबाट लेखिआएबमोजिम नै मुक्त कमैयासम्बन्धी काममा कमैया श्रम (निषेध गर्ने) ऐन, २०५८ मा व्यवस्था भएअनुसार नै काम कारबाही भएको कामले निवेदकहरूको कुनै पनि संवैधानिक र कानुनी हक अधिकार हनन नभएको हुँदा निवेदकहरूको मागबमोजिम परमादेशलगायत जुनसुकै उपयुक्त आदेश जारी हुनुपर्ने होइन। रिट निवेदन खारेजभागी छ खारेज गरिपाउँ भन्ने मुक्त कमैया पुनर्स्थापना तथा अनुगमन समिति बर्दियाको लिखित जवाफ।

पिछडिएको सुदूर पश्चिमाञ्चल क्षेत्रका नौ जिल्ला दार्चुला, बैतडी, डडेल्धुरा, कञ्चनपुर, कैलाली, डोटी, अछाम, बझाङ, बाजुरा तथा मध्यपश्चिमाञ्चलका बाँके, बर्दियामा दलितहरूको हकमा लुथरन विश्व सेवा, नेपाल राष्ट्रिय दलित समाज कल्याण सङ्घ, कैलाली कार्यसमितिको सहयोग र समन्वयमा हलिया प्रथाको अन्त्य र मुक्त हलियाहरू पुनर्स्थापन गर्न कार्यक्रम सञ्चालन गर्दै आएको छ र तथ्याङ्कसमेत सङ्कलन गरिएको छ भन्ने सम्बन्धमा सरकारले दार्चुला, बैतडी, डडेल्धुरा, डोटी, अछाम, बझाङ, बाजुरामा कार्यक्रम सञ्चालन नगरेकोले उक्त जिल्लाहरूमा मुक्त कमैया पुनर्स्थापना तथा जग्गा दर्ता समितिको काम कारबाही नै नभएकोले हलियाहरूमा भेदभावपूर्ण व्यवहार गरियो भन्ने आरोप झुटा हो। २०५७ साल साउन २ गते सरकारले गरेको कमैया मुक्तिको निर्णय तत्कालीन भूमि सुधार तथा व्यवस्था मन्त्रीबाट प्रतिनिधि सभाको सार्वजनिक महत्वको वक्तव्यमार्फत

उक्त दिनबाटै नेपाल अधिराज्यभरका सारा कमैयाहरू मुक्त घोषणा गरिएको थियो, सोही घोषणाको अन्तरनिहित मर्मअनुरूप, २०५८ सालमा कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ जारी गरियो। श्रमको परिभाषाभित्र परेको हलियाहरूलाई श्रम ऐन, २०५८ बमोजिमको व्यवहार गरिएन भन्ने आरोप झुटा निराधार हो। यस जिल्लाको मुक्त कमैया पुनर्स्थापना तथा जग्गा दर्ता समितिबाट हलियाहरूमा कुनै भेदभाव नराखी जोसुकै जातको हलिया, कमैया भए पनि परिचयपत्र वितरण गरी जग्गा दिने कार्य गरिएको छ। विश्वव्यापी मानव अधिकारको घोषणाअनुरूप मानव अधिकारको स्पष्ट प्रत्याभूति प्रदान गर्न २०५७।४।२ गतेको कमैया मुक्त गर्ने सरकारको निर्णय र सो सम्बन्धमा कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ ले श्रमको परिभाषा, कमैया मुक्ति एवं मुक्त कमैयाको पुनर्स्थापनासम्बन्धी समेत कानुनी व्यवस्था गरेको छ। सो ऐनको दफा ८ अनुसार मुक्त कमैयालाई पुनर्स्थापना गर्ने सम्बन्धमा जिल्लास्तरमा काम गर्नको लागि सरकारले तोकिदिएको जिल्लामा मुक्त कमैया पुनर्स्थापना तथा अनुगमन समिति रहने भएअनुरूप कैलाली जिल्लामा पनि मुक्त कमैया पुनर्स्थापना तथा अनुगमन समितिले मुक्त कमैयाहरूलाई आयआर्जनसम्बन्धी व्यवसाय गर्न आवश्यक पर्ने ऋण रकम उपलब्ध गराउन सिफारिस गर्ने, आवास, शिक्षा, रोजगारीमूलक तालिम वा सिप विकास गर्ने सम्बन्धमा विभिन्न सङ्घ/संस्थासँग समन्वय कायम गर्ने एवं मुक्त कमैयाहरूको हक हित सम्बन्धमा आवश्यक काम गर्ने काम, कर्तव्य र अधिकार सो ऐनको दफा ९ ले स्पष्टरूपमा तोकेको अवस्थामा उक्त समितिले मुक्त कमैयाको हक हित संरक्षण र पुनर्स्थापनाको नाममा थारू समुदायको कमैयामात्र कमैया हो भन्ने अर्थ भेदभावपूर्ण तथा संविधानको भावनाविपरीत ग्रहण गरी तराई क्षेत्रमा प्रचलित रहेको थारू कमैयाहरूको लागिमात्र केही पुनर्स्थापनाको कार्य गरी कमैया पुनर्स्थापना तथा अनुगमन समितिले भेदभावपूर्ण काम कारबाही गरिरहेका छन्। ऐनबमोजिम काम कारबाहीहरूसमेत गरेका छैनन्। जिल्ला जिल्लामा कैयौँ मुक्त हलियाहरू भए तापनि तिनीहरूको पुनर्स्थापनाको कुनै पहल गरिएको छैन भन्ने निवेदकको निवेदनमा उल्लिखित बेहोरा निराधार हो। मुक्त कमैया पुनर्स्थापना तथा अनुगमन समिति कैलालीले यस जिल्लामा जग्गा वितरण गर्दा तथा अन्य सुविधाहरू उपलब्ध गराउँदा थारू, जनजाति, दलित तथा अन्य जात/जातिका कमैया वा हलियाहरूले समानरूपमा सेवा/सुविधा पाएका छन् त्यसको नाम/नामेसीसमेत यस कार्यालयमा मौजुद अवस्थामा छ। तसर्थ श्रम निषेध ऐन, २०५८ को मर्मविपरीत काम कारबाही नगरी सबैमा समान व्यवहार लागु गरी सरकारबाट स्वीकृत भएको कार्यक्रमहरू सञ्चालन गर्ने गरेको हुँदा विपक्षीको मागबमोजिम आदेश जारी हुने होइन। विपक्षी

निवेदकहरूको रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको मुक्त कमैया पुनर्स्थापना तथा अनुगमन समिति कैलालीको लिखित जवाफ ।

यसमा दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा गठित मुक्त कमैया पुनर्स्थापना समितिले कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ को दफा २९ (ख) को कमैया श्रमिक भन्नाले भैसवार, गैवार, छेकवार, हरवा/चरवा, हली, गोठालो, कमलरिया वा अन्य यस्तै नामबाट कमैया श्रम गर्ने व्यक्ति सम्झनुपर्ने परिभाषित गरिएका वर्गका व्यक्तिहरूमध्ये के/कति व्यक्तिको लगत कायम गरी कतिलाई पुनर्स्थापनालगायतका कार्यक्रम सञ्चालन गरियो ? सोको लगत वितरण नाम नामेसी खुलाइ पठाउनू भनी मन्त्रिपरिषद् सचिवालय तथा सम्बन्धित समितिबाट झिकाइ पठाउनू भनी महान्यायाधिवक्ताको कार्यालयलाई लेखिपठाइ जवाफ आएपछि पेश गर्नू भन्ने यस अदालतको आदेश ।

२. नियमबमोजिम दैनिक पेशी सूचीमा चढी यस इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको निवेदनसहितको मिसिल कागजात अध्ययन गरी निवेदकहरूको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू धर्मनन्द जोशी, अर्जुनकुमार वगाले, राजुप्रसाद चापागाईं, टेक ताम्राकार, रमेश खनाल र भक्तबहादुर विश्वकर्मा, त्रिलोचन बि.क.ले कमैया (श्रम निषेध) गर्ने ऐनमा मुक्त कमैयालाई पुनर्स्थापना गर्न तथा सामाजिक न्यायको प्रवर्धन गर्न जारी गरेको भन्ने उल्लेख भए तापनि सुदूरपश्चिमाञ्चलका सात जिल्लामा मुक्त कमैयाको ठूलो सङ्ख्या रहेको तर ऐनबमोजिम मुक्त कमैया हलिया पुनर्स्थापन गर्न अनुगमन समिति गठन गर्नेलगायतका कुनै पनि कार्य भएका छैनन् । जसबाट हलियाहरूको मुक्ति र पुनर्स्थापना हुन सकेको छैन । हलियाहरू Right to life बाट वञ्चित भएका हुँदा निवेदन मागबमोजिम आदेश जारी हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो । त्यस्तै प्रधान मन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेतको तर्फबाट उपस्थित सहन्यायाधिवक्ता नरेन्द्र पाठकले कमैयाको रूपमा जमिन्दारको घरमा कमैया श्रमिकको रूपमा रहेका र निजहरूले लिएको ऋण तिर्न नसकेको कारण निजहरूका सन्तान दरसन्तान कमैयाको रूपमा जमिन्दारको घरमा बस्न परेको कारण कमैया प्रथा उन्मूलन कार्यक्रम घोषणा गरेको र यसको प्रभाव विशेषगरी दाङ, बाके, बर्दिया, कैलाली र कञ्चनपुरमा बढिरहेको पहिलो चरणमा उक्त जिल्लाहरूमा कार्यक्रम सञ्चालन गरिएको हो । अरू जिल्लाहरूमा क्रमशः मुक्त कमैया पुनर्स्थापन कार्यक्रम सञ्चालन गरिँदै लगिने हुँदा मागबमोजिम आदेश जारी हुनुपर्ने होइन भनी बहस प्रस्तुत गर्नुभयो ।

३. अब विद्वान् कानुन व्यवसायीहरूले प्रस्तुत गर्नुभएको उपर्युक्त बहससमेत सुनी इन्साफतर्फ विचार गर्दा निवेदन मागबमोजिम आदेश जारी हुनुपर्ने हो/होइन ? सोही सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

४. यसमा निवेदकको मुख्य माग २०५७।४।२२ मा तत्कालीन सरकारले बाधा श्रम मुक्त घोषणा गऱ्यो र २०५८ सालमा नै कमैया श्रम (निषेध गर्ने) ऐन, २०५८ लागु गऱ्यो । ऐनको दफा ८ र ९ अनुसार मुक्त कमैया पुनर्स्थापन गर्न मुक्त कमैया पुनर्स्थापना तथा अनुगमन समिति गठन गरे पनि उक्त समिति सुदूरपश्चिमाञ्चल क्षेत्रको ५ जिल्ला बाँके, बर्दिया, कैलाली र कञ्चनपुरको लागि मात्र गठन भयो । तर कमैया प्रथाबाट ग्रस्त बाँकी जिल्लाका लागि समिति गठन पनि नभएको र गठित समितिले काम गर्दा मुक्त कमैयामध्येको हलियालाई समावेश नगरी समितिले थारू कमैयालाई मात्र केन्द्रित गरेकोले भेदभाव भयो भन्ने निवेदन जिकिर देखियो ।

५. लिखित जवाफ हेर्दा लिखित जवाफ तथा २०६३।६।६ को भूमि सुधार तथा व्यवस्था मन्त्रालयको पत्रबाट गठित समिति पनि निवेदकले उठाएको दाङ, बर्दिया कैलाली र कञ्चनपुर जिल्लाका मुक्त कमैयाहरूको लागिमात्र गठन भएकोले पुनर्स्थापना कार्य त्यसैअनुरूप भएको भन्ने देखियो । वर्तमान संविधानको पनि धारा १३, १४ तथा भाग ४ ले राज्यका दायित्व तथा निर्देशक सिद्धान्तले समेतले निवेदकले उठाएको वर्गहरूको लागि संविधानले विशेष मौलिक हकको व्यवस्था गरी ती वर्गको लागि विशेष नीति बनाई ती वर्गको उत्थानको लागि विशेष व्यवस्था गर्नपर्ने उल्लेख गरेको देखिन्छ । मानिसलाई दास तुल्याउन, बाँधा बनाउन वा कुनै किसिमले निजको इच्छाविरुद्ध कार्य गराउन निषेध गरी शोषणविरुद्धको हक प्रत्येक नागरिकलाई प्रदान गरेको देखिन्छ । यसैगरी धारा २६९१०० मा आर्थिक तथा सामाजिकरूपले पिछडिएको जनजाति र समुदायको उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्ने स्पष्ट उल्लेख भएको छ । तथा अन्तरिम संविधान, २०६३ को धारा ३५(१५) मा मुक्त कमैयाको सङ्ख्या एकीन गरी उनीहरूको बसोबासका लागि आधारभूत भूमि र रोजगारीको व्यवस्था गर्ने नीति राज्यले अवलम्बन गर्नेछ भन्ने स्पष्ट संवैधानिक व्यवस्था भएको देखिन्छ ।

६. उपरोक्त संवैधानिक र कानुनी व्यवस्था हेर्दा नेपाल अधिराज्यका सबै जिल्लाका सबै मुक्त कमैयाहरू भेदभावमुक्त अवस्थामा राज्यबाट Welfare र

Rehabilitation को हकदार बनेको देखियो । यसमा विवाद भएन । तर संविधान र ऐनका भावनाअनुसार भएको भन्न सक्ने अवस्थाचाहिँ देखिएन । निवेदकले सुदूरपश्चिमको पहाडी जिल्ला दार्चुला, बैतडी, डडेल्धुरा, डोटी, अछाम, बझाङ र बाजुराको लागि समिति नै गठन नभएको भन्ने जिकिर गरेकोमा लिखित जवाफले समेत यो कुरा स्वीकार गरेको देखिन्छ । संविधान र ऐन लागु भएपछि दलित जनजाति हाम्रा परम्परागत कमैया प्रथा जस्ता कुरीतिहरूबाट मुक्त गरी त्यस्तो कार्यलाई प्रतिबन्ध लगाई त्यस्ता कुरीति र कुप्रथाहरू कानुनी एवं व्यावहारिक दुवैरूपले कायम रहन सक्दैनन् । सबै मुक्त कमैयाहरूको संरक्षण, सशक्तीकरण र विकासको लागि कानुन बनाई विशेष व्यवस्था गर्नका साथै ती वर्गको उत्थानको लागि विशेष आर्थिक कार्यक्रम एवं नीति बनाई लागु गर्नपर्ने प्रमुख कर्तव्य राज्यको हो । यी कार्यहरू पूरा गर्नु राज्यको संवैधानिक कर्तव्य हो । ऐन लागु भएको यतिका वर्ष बितिसक्दा पनि सुदूरपश्चिमाञ्चलका दार्चुलालगायतका सात जिल्लामा समितिसमेत गठन नभएको भन्ने देखियो । Rehabilitation को कार्य सुरू नगरेको हुँदा ती सात जिल्लाका मुक्त हलिया, कमैयाहरू आजसम्म पनि यथास्थितिमा रहेको भन्ने देखिन्छ । साथै निवेदनमा थारू जातिलाई मात्र समितिले समावेश गरेको अन्य जातिका हलिया, कमैयाहरूलाई नसमेटेको भन्ने जिकिर लिएको देखिन्छ । त्यसकारण राज्यको उल्लिखित संवैधानिक कर्तव्यलाई र निवेदकले माग गरेको जातिलाई Rehabilitate गर्नपर्ने राज्यको निदृष्ट सिद्धान्तको व्यवस्थालाई ध्यानमा राखी अब बाँकी जिल्लामा कुनै खास जातिका आधारमा भेदभाव नगरी मुक्त कमैयाहरूको सशक्तीकरण र विकास तथा Rehabilitate समेत गर्न समिति गठन गर्नुपर्ने देखिन आउँछ ।

७. संविधान र कानुनले कमैया प्रथा मुक्त गर्दैमा मुक्त कमैयाहरू संविधान र कानुनले दिएको सबै हक अधिकार एवं स्वतन्त्रता उपभोग गर्न सक्षम हुँदैनन् र शताब्दिऔँअगाडिदेखि शोषित र हक अधिकार उपभोग गर्नबाट वञ्चित, शिक्षा हासिल गर्नबाट वञ्चित वर्गलाई केही अवधिसम्म राज्यका संरक्षण आवश्यकता पर्छ । यही कुरालाई ध्यानमा राखी तत्कालीन संविधानको धारा ११ को प्रतिबन्धात्मक वाक्यांश र वर्तमान संविधानको धारा १३ लगायतका धाराहरूमा राज्यले मुक्त कमैयाहरूलाई विशेष संरक्षित वर्ग मानी निज वर्गको हितको लागि विशेष व्यवस्था गर्न सक्ने व्यवस्था गरेको हो तर देशभरका सबै कमैयाहरूको लागि समितिसमेत गठन नभएको भन्ने देखियो । अतः निवेदकले माग गरेअनुसार पहाडी जिल्लाहरूमा समेत संविधान र ऐनको उद्देश्य प्राप्तिको

लागि कमैयालगायत कुनै पनि जातिलाई भेदभाव नहुनेगरी सबै जिल्लाका सबै वर्गलाई समावेश गर्नेगरी देशको बाँकी अन्य भागमा समेत समितिहरू बनाइ उल्लिखित वर्ग र जातको उत्थानका लागि संविधानले संरक्षण दिएबमोजिम आवश्यक कारबाही गर्नू भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ। दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू।

उक्त रायमा सहमत छु।

न्या.राजेन्द्रप्रसाद कोइराला
शाखा अधिकृत- भुवनसिंह थापा
इति संवत् २०६४ साल वैशाख ३ गते रोज २ शुभम.....।

अनुसूची-२

निर्णय नं. ७७०५, ने.का.प.२०६३ अङ्क ५
सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री शारदाप्रसाद पण्डित
माननीय न्यायाधीश श्री बलराम केसी
संवत् २०६१ सालको रिट नम्वर ३२१५
आदेश मिति : २०६३/५/२५/१

विषय :– परमादेशसमेत ।

निवेदक : असहाय नानीहरूको साथी (FNC) संस्था, ल.पु.जि.ल.पु. उ.म.न.पा. वडा नं.४ एकान्तकुना तर्फबाट अख्तियार प्राप्त सचिव सोमप्रसाद पनेरुसमेत १

विरुद्ध

विपक्षी : श्री ५ को सरकार प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवारसमेत.....१

- **कमलरी प्रथाले नेपालले हस्ताक्षर गरेको CRC को धारा ९, १४, १५, १६, १८, १९, २८, २९, ३१ र ३२ समेतका धाराहरूले प्रदान गरेको अधिकारहरूको समेत हनन हुने हुँदा कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन,**

२०५८ को प्रभावकारी कार्यान्वयनको लागि विपक्षी नेपाल सरकारको नाममा परमादेशको आदेश जारी हुने। (प्रकरण नं.४)

- **ऐनहरू बनाएर र ऐनमा व्यवस्था गर्दैमा हाम्रो जस्तो परम्परागत रुढीवादी गरिबी, अशिक्षित, अज्ञानता भएको स्थितिमा पठनपाठनको सुविधा आदि उपलब्ध नहुने यावत् कारणहरूले गर्दा ऐन र CRC को व्यवस्थाले मात्र बालश्रम निर्मूल हुन नसक्ने।**
- **नेपालले हस्ताक्षर गरी अनुमोदन गरेका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरू खासगरी CRC, ICCPR ICESCR जस्ता मानव जीवनका सबै अवस्थालाई समेट्ने अत्यावश्यकीय Convention हरू बालबालिकाको पाठ्यक्रममा नै समावेश गर्न उपयुक्त हुनेतर्फ विपक्षी मन्त्रिपरिषद् र शिक्षा मन्त्रालयको नाममा निर्देशनात्मक आदेशसमेत जारी हुने।**

निवेदकतर्फबाट : विद्वान् अधिवक्ताहरू श्री गीता पाठक सङ्ग्रौला, श्री कृष्ण देवकोटा र श्री प्रकाश के.सी.

विपक्षीतर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री सरोजप्रसाद गौतम

अवलम्वित नजीर :

आदेश

न्या.शारदाप्रसाद पण्डित : नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ र ८८(२) अनुसार यस अदालतमा पर्न आएको प्रस्तुत रिट निवेदनको सङ्क्षिप्त तथ्य एवं ठहर यसप्रकार छ :

२. हामी रिट निवेदनमध्ये असहाय नानीहरूको साथी (Friends of Needy Children) (NC) संस्था जि.प्र.का.ललितपुरमा द.नं.७०२/०५३/०५४ बाट २०५३ सालमा दर्ता भई समाज कल्याण परिषद्सँग आबद्ध छ। निवेदक संस्था विभिन्न स्वदेशी तथा विदेशी दाता (Donor) बाट सामान्य सहयोग जुटाइ नेपालका गरिब, असहाय तथा अभावग्रस्त बालबालिकाहरू (Needy Children) को सहयोग तथा आकस्मिक उद्धार कार्यमा संलग्न रहनुका साथै विगत ५ वर्षदेखि दाङ जिल्लाको थारू समाजमा व्याप्त 'कमलरी'

प्रथाअन्तर्गत घरेलु बाल श्रमिकका रूपमा ७-८ वर्षको उमेरदेखि अर्काको घरमा श्रम गर्न बाध्य बनाइएका बालिकाहरूको उद्धार तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिआएको कारण घरेलु बालश्रमिकहरूको पीडा र समस्याको पहिचान गरी समाधानका सम्भावित उपायहरूको अवलम्बन गर्ने क्रममा प्रस्तुत रिट निवेदन गर्न आएका छौँ र हामी अन्य रिट निवेदकहरू नेपालका बालबालिकाहरूको बालअधिकारको प्रचलन तथा घरेलु बालश्रमिक सम्बन्धमा विशेष अध्ययनरत कानुन सङ्कायको विद्यार्थी हुँदा प्रस्तुत रिट निवेदनको विषयसँग सरोकार एवं गम्भीर अभिरुचि रहेको कारण बालअधिकारको प्रचलनको लागि नेपाल सन्धि ऐन, २०४७ को दफा ९ बमोजिम नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११(१) तथा धारा ११(३) को प्रतिबन्धात्मक खण्डसमेतको आधारमा धारा २३ र ८८(२) अन्तर्गत बालअधिकार जस्तो सार्वजनिक हक वा सरोकार (Pubilc Interest) को विषयमा उपयुक्त आदेश जारी गरिपाउन सम्मानित सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्र ग्रहण गरी प्रस्तुत रिट निवेदन गरेका छौँ ।

३. बालबालिकाको आधारभूत अधिकारको संरक्षणको लागि संयुक्त राष्ट्र सङ्घ महासभाद्वारा सर्वसम्मतरूपमा सन १९८९ नोभेम्बर २० तारेखका दिन राष्ट्रसङ्घीय बालअधिकारसम्बन्धी महासन्धि (Convention on the Rights of the child) (CRC) पारित गरियो । उक्त महासन्धिका प्रावधानहरूको कार्यान्वयनको लागि राज्यले कानुन निर्माण गर्ने क्रममा बालबालिकासम्बन्धी ऐन, २०४८, बालबालिकासम्बन्धी नियमावली, २०५१, बालबालिका (विकास तथा पुनर्स्थापना) कोष नियमावली, २०५३ र बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ (२०५७/३/७ बाट लागु) समेत जारी गरिएको हुँदा हाल यिनै ऐन तथा नियमहरू बालअधिकारको क्षेत्रमा क्रियाशील कानुनी प्रावधानको रूपमा विद्यमान छन् । यद्यपि उल्लिखित कानुनी प्रावधानहरूमध्ये बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ नेपालमा व्याप्त बालश्रमको औपचारिक क्षेत्र (formal Sector) खासगरी कानुनीरूपमा स्थापना र सञ्चालन भएका प्रतिष्ठानहरूमा काम गर्ने १४ वर्ष उमेर पुगेका बालबालिकाहरूको हकमा मात्र आकर्षित हुने देखिन्छ तर बालश्रमको अनौपचारिक क्षेत्र (Informal sector) मा ७-८ वर्षको उमेरदेखि नै घरेलु नोकर वा दासको रूपमा काम गर्न बाध्य बनाइएका अवोध बालबालिकाहरूको हकमा उल्लिखित प्रचलित कानुनी प्रावधान मौन रहेको छ । यसरी अनौपचारिक क्षेत्रमा काम गर्न विवश बालबालिकाहरू ७-८ वर्षको उमेरदेखि आमा/बाबुको संरक्षकत्वबाट

विमुख गराइ घरेलु नोकर वा दासको रूपमा कथित साहू महाजन, होटल वा अर्काको घरमा निकृष्ट बाल श्रमका लागि बाध्य गराइन्छ। यस कार्यबाट बालबालिकाहरूलाई उक्त महासन्धि (CRC) ले प्रत्याभूत गरेका खासगरी निम्नलिखित बालअधिकारको प्रत्यक्ष उल्लघङ्न भइराखेको अवस्था छ :

(**क**) महासन्धिको धारा २ ले प्रत्येक बालक वा उसका बाबु/आमाको वा अभिभावकको जाति, रङ, लिङ्ग, भाषा, धर्मलगायत जातीय वा सामाजिक उत्पत्ति आदि हैसियतको आधारमा भेदभाव नगरी समान प्रत्याभूति दिनुपर्नेछ भन्ने व्यवस्था गरेको छ तर दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुरलगायतका जिल्लाहरूमा बसोबास गर्ने थारू समाजमा व्याप्त कमलरी प्रथा जसमा ७-८ वर्षदेखिका बालिकाहरू हरेक 'माघी' (माघे सङ्क्रान्ति) का दिन आफ्नै बाबु/आमाबाट कथित साहू महाजनको घरमा घरेलु नोकर बस्न पठाइन्छ। सोबापत पशुधन किनबेच गरेसरह बालिकाहरूको अघोषित खरिद-बिक्री गरिन्छ। मोटामोटी अध्ययनको आधारमा उल्लिखित ५ जिल्लाहरूमा मात्र यस्ता कमलरीहरूको सङ्ख्या करिव १० हजार रहेको अनुमान गरिएको छ। यसको प्रत्यक्ष प्रमाणको रूपमा यसै निवेदन साथ संलग्न भि.सि.डी.(नेपाल टेलिभिजनबाट मिति २०६१/६/१९ मा प्रसारित भएको) पेश गरेका छौँ। प्रस्तुत सामग्रीको अवलोकनबाट विपक्षीहरूद्वारा यसप्रकारको निकृष्ट घरेलु बालश्रम निषेध र पुनर्स्थापन गर्ने विषयमा कुनै चासो नदेखाएको पुष्टि हुन आउँछ।

(**ख**) महासन्धिको धारा ७, ९ र ११ द्वारा प्रदत्त बालबालिकालाई बाबु/आमाबाट स्याहार पाउने अधिकार, बालबालिकाले सकेसम्म आफ्ना बाबु/आमासँगै बस्न पाउने अधिकार, बाबु आमालाई प्रत्यक्ष र चाहेको बेलामा भेटघाट गर्न पाउने अधिकार एवं बालबालिकाको अवैध स्थानान्तरण गर्न नपाइने अधिकारको प्रचलन गराउन नेपालमा व्याप्त घरेलु बालश्रमको परम्परागत कुरीतिको अन्त वा उन्मूलन नभएसम्म सम्भव हुने देखिँदैन।

(**ग**) त्यसैगरी महासन्धिको धारा ३१, ३२, ३५ मा उल्लिखित बालबालिकाको आराम गर्ने, फुर्सद लिन पाउने, खेल र मनोरञ्जन गर्ने, स्वास्थ्य, शिक्षा एवं बाल विकासको हकको संरक्षण हुनुपर्ने, रोजगारीको न्यूनतम सर्त वा हद तोकिनुपर्ने र बालबालिकाको बेचबिखन वा सौदावाजी हुन नहुने जस्ता राज्य पक्षले पूरा गर्नुपर्ने कर्तव्य पालनातर्फ घरेलु बालश्रमको विद्यमान अवस्थालाई हेर्दा विपक्षीहरू सचेत रहेको देखिँदैन। जबकि महासन्धिको धारा ३, ४ ले

राज्यको अदालत, प्रशासन वा विधायिकाहरूले बालबालिकाको उच्चतम हितलाई ध्यान दिनेछन् र आवश्यक संरक्षण र स्याहारको व्यवस्था गर्नेछन् र महासन्धिले दिएको अधिकारको कार्यान्वयनको लागि सबै उपयुक्त वैधानिक, प्रशासनिक र अन्य उपाय अपनाउनेछन् भनिएको छ। बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ४ र ५ ले बालबालिका बाबु/आमा वा संरक्षकबाट पालितपोषित हुने अधिकार राख्नेछन् भनिए तापनि घरेलु बालश्रमको अवस्थालाई हेर्दा बालबालिकाको श्रमबाट बाबु/आमा वा संरक्षकहरू नै पालितपोषित हुँदै आएको विपरीत अवस्था विद्यमान छ।

४. बालअधिकारको संरक्षणका लागि सर्वोच्च अदालतद्वारा प्रतिपादित सिद्धान्त ने.का.प.२०५८ नि.नं.७०२० रि.पु.इ.नं १७४ ले महासन्धि (CRC) का धाराहरूले सुनिश्चित गरेको, बाल अधिकारको संरक्षणमा सर्वोच्च अदालतको भूमिकालाई सकारात्मकरूपमा प्रस्तुत गरेको अवस्था छ भने हाम्रो समाजका कथित साहू महाजनमात्र नभई विशिष्ट वर्ग (Eilte Group) मा कहलिएका राष्ट्रसेवक, विभिन्न पेशा/व्यवसायका प्रतिष्ठित व्यक्तिहरू तथा समाजसेवीले समेत बालश्रमलाई सस्तो एवं सुविधाजनक सेवाको रूपमा घर/घरमा भित्राइ आफ्नो इज्जत र प्रतिष्ठाको विषय बनाइआएका परिप्रेक्ष्यमा कमलरीलगायत घरेलु बालश्रमिकको मुक्ति र पुनर्स्थापनाको घोषणाले बालअधिकारको प्रचलनमा महत्वपूर्ण परिवर्तन ल्याउनेछ।

५. विपक्षीहरूबाट श्रम बजारको औपचारिक क्षेत्रमा काम गर्ने १४ वर्षमाथिका बालबालिकाको लागि बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ जारी गरी लागु गरिएको छ तर अनौपचारिक क्षेत्रमा श्रम गर्न बाध्य बनाइएका १४ वर्षमुनिका बालबालिकाहरूको श्रम निषेध र पुनर्स्थापना गर्ने विषयमा कुनै निश्चित कानुनी व्यवस्था वा सरकारी कार्यक्रमसमेत घोषणा हुन सकेको छैन। बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ को दफा ३ र ४ ले कसैले पनि १४ वर्ष उमेर पूरा नगरेका बालकलाई श्रमिकको रूपमा काममा लगाउनुहुँदैन र बालकको इच्छाविरुद्ध काममा लगाउनुहुँदैन भनिए तापनि सो कानुनी प्रावधान घरेलु बालश्रमको अन्त्यको लागि पर्याप्त आधार बन्न सकेको छैन। दास प्रथाको अवशेषको रूपमा रहेको कमलरी प्रथा र घरेलु बालश्रमको सामाजिक अवस्थालाई तुलनात्मकरूपमा हेर्दा विपक्षीहरूबाट निषेधित र मुक्त घोषित कमैया श्रमभन्दा कम नकारात्मक विषय हुन सक्दैन र बालबालिकाहरू कानुनको समान संरक्षणबाट वञ्चित नै भएका छन्।

६. अतः बाल अधिकारसम्बन्धी महासन्धि, बालबालिकासम्बन्धी ऐन र नेपाल अधिराज्यको संविधानका उल्लिखित प्रावधानद्वारा सुनिश्चित गरिएका बालअधिकार प्रचलनका लागि नेपालमा विद्यमान घरेलु बालश्रमको निकृष्ट परम्परागत कुरीतिलाई कानुनीरूपमा निषेध गरी कमलरी प्रथालगायत १४ वर्षमुनिका घरेलु बालश्रमिकलाई तत्काल मुक्त घोषित गर्नु र उनीहरूलाई पुनर्स्थापना गर्ने प्रयोजनका लागि राष्ट्रियस्तरमा कोष (fund) को व्यवस्था गरी सामाजिक न्यायको दृष्टिले घरेलु बालश्रमिकको बालअधिकारको संरक्षण गर्न यथाशीघ्र उचित र पर्याप्त कानुनी एवं प्रशासनिक व्यवस्था गर्नू/गराउनू भनी विपक्षीहरूका नाउँमा परमादेशलगायत जो चाहिने उपयुक्त बेहोराको निर्देशात्मक आदेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको रिट निवेदन ।

७. यसमा के/कसो भएको हो, निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ लिई उपस्थित हुनु भनी विपक्षीलाई सूचना पठाइ लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नू भन्ने यस अदालतको मिति २०६१।८।७।२ को आदेश ।

८. विपक्षी रिट निवेदकहरूले यस कार्यालयको के/कस्तो काम कारबाहीबाट निजको के/कस्तो हक अधिकारको हनन भएको हो ? त्यसको स्पष्ट जिकिर नलिइ बिनाआधार कारण यस कार्यालयसमेतलाई प्रत्यर्थी बनाइदिएको रिट निवेदन खारेजभागी छ । खारेज गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षी श्री ५ को सरकार प्रधान मन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको तर्फबाट पर्न आएको लिखित जवाफ ।

९. रिट निवेदकहरूले रिट निवेदनमा दाबी लिएको विषयवस्तु कुनै ठोस तथ्यमा आधारित नभई केवल अखवारमा प्रकाशित सामाचार र सञ्चारमाध्यममा प्रशारित कार्यक्रमविशेषलाई मात्र आधार बनाइ अनुमानित विषयवस्तु राखी रिट निवेदन दायर गरेको देखिन्छ । ठोस, तथ्य र प्रमाणबेगरको काल्पनिक विषयमा आधारित रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षी संसद् सचिवालयको तर्फबाट पर्न आएको लिखित जवाफ ।

१०. बालबालिकाको हित र कल्याणका लागि श्री ५ को सरकारले आफ्नो स्रोत र साधनले भ्याएसम्म भरपुर प्रयास गर्दै आएको छ । बालबालिकासम्बन्धी ऐन,

२०४८ र बालबालिकासम्बन्धी नियमावली, २०५१ तथा बालबालिकासँग सम्बद्ध अन्य ऐन/कानुनको प्रभावकारीरूपमा कार्यान्वयन गर्न श्री ५ को सरकारका सम्बद्ध निकायहरू क्रियाशील रहेका छन् । श्री ५ को सरकार र बालबालिकासँग सम्बद्ध अन्तर्राष्ट्रिय सङ्घ/संस्थासँग भएको सम्झौताअनुसार राष्ट्रिय कानुनमा तद्नुरूप संशोधन र परिमार्जनसमेत हुँदै आएको सन्दर्भमा प्रस्तुत रिट निवेदनको जिकिर औचित्यहीन भएकोले खारेज गरिपाऊँ भन्नेसमेत बेहोराको विपक्षी श्री ५ को सरकार गृह मन्त्रालयको तर्फबाट पर्न आएको लिखित जवाफ ।

११. बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ४ र ५ ले बालबालिका, बाबु/आमा र संरक्षकबाट पालितपोषित हुने अधिकार राख्नेछन् भनिए तापनि घरेलु बालश्रमको अवस्थालाई हेर्दा बालबालिकाको श्रमबाट बाबु/आमा वा संरक्षकहरू नै पालितपोषित हुँदै आएको विपरीत अवस्था विद्यमान छ भन्ने जिकिरका सम्बन्धमा प्रत्येक बाबु/आमाले आफ्नो आर्थिक अवस्थाअनुसार आफ्ना छोरा/छोरीलाई पालितपोषित गर्दैनन् भन्नु मनोगत तर्कमात्र हो । निवेदकले कुन कुन बाबु/आमाले उक्त दफामा भएको अवस्था उल्लङ्घन गरेका छन् भन्ने कुरासमेत खुलाउन सकेको पनि देखिँदैन । त्यसैगरी कुन बाबु/आमाले आफ्ना छोराछोरीको पालनपोषणमा भेदभाव गरेका छन् सो कुरा पनि खुलाउन सकेको देखिँदैन । केवल कल्पनामा आधारित भएर रिट निवेदन दायर गरेको देखियो । नेपालसमेत पक्ष रही अनुमोदन भइसकेको बालअधिकारसम्बन्धी महासन्धिका प्रावधानहरू क्रमशः लागु गर्ने श्री ५ को सरकारको प्रतिबद्धताअनुरूप बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ लाई श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी लागु गरेको हुँदा उचित र पर्याप्त कानुनी एवं प्रशासनिक व्यवस्था भएन भन्नु मनोगत तर्कमात्रै हो । यसरी बिनाआधार र कारण यस मन्त्रालयसमेतलाई विपक्षी बनाइ दायर गरिएको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षीमध्येको श्री ५ को सरकार महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको तर्फबाट पर्न आएको लिखित जवाफ ।

१२. कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ ले कमैया श्रमिकलाई मुक्त गरी सो ऐन प्रारम्भ भएपश्चात कमैया श्रमिकको रूपमा राख्न नपाउने, कमैयाले लिएको ऋण तिर्नु नपर्ने, लिखत रद्द हुने, बन्धक वा जमानत लिएको सम्पत्ति फिर्ता गर्नुपर्ने जस्ता व्यवस्था गरी कमैयाको पुनर्स्थापनको लागि आवश्यक

सङ्गठनात्मक व्यवस्थाको साथै कसैले कमैयाको रूपमा काममा लगाएमा सजायको समेत व्यवस्था गरी कमलरिया जस्ता कमैया श्रम उन्मूलनका सम्बन्धमा आवश्यक व्यवस्था गरेकोले कमलरिया निषेध गर्ने कानुनको अभाव छ भनी आधारबेगर दायर गरेको रिट निवेदन कानुन र तर्कसङ्गत नदेखिँदा खारेजभागी छ, खारेज गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षी श्री ५ को सरकार कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको तर्फबाट पर्न आएको लिखित जवाफ ।

१३. यस मन्त्रालयले बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ समेतको कार्यान्वयनको सन्दर्भमा विभिन्न साझेदारहरू तथा सरोकारवालाहरूको व्यापक सहभागितामा बालश्रम निवारणका लागि राष्ट्रिय गुरुयोजना तयार गरी कार्यान्वयनमा रहेको छ। जसअनुसार पहिलो पाँच वर्षमा अर्थात सन् २००९ सम्ममा सात किसिमका निकृष्टखालका बालश्रम उन्मूलन गर्ने र अर्को पाँच वर्षमा अर्थात सन् २०१४ सम्ममा सबैप्रकारका बालश्रमलाई उन्मूलन गर्ने लक्ष्य लिइ कार्यक्रम सञ्चालन गरेको छ। जसअनुसार सात किसिमको निकृष्टखालको बालश्रमहरू, जस्तै- घरेलु बालश्रमिक, बँधुवा बालश्रमिक, गलैँचा उद्योगमा काम गर्ने बालश्रमिक, बालभरिया, खाते बालबालिका, गिट्टी कुट्ने, बेचबिखन र ओसारपसारबाट पीडित र उनीहरूका परिवारलाई लक्षित गरेर समयबद्ध कार्यक्रम (Time bound Programme) सञ्चालन गरिएको र तिनीहरूमा केन्द्रित भएर बालश्रमिक रजिस्ट्रेसन गर्ने, औपचारिक तथा अनौपचारिक शिक्षा, सिप विकास Drop–in Centre, आयआर्जनमूलक कार्यक्रम, सचेतनामूलक कार्यक्रमलगायतका कार्यक्रमहरू विभिन्न २२ जिल्लामा सञ्चालन गरिएको छ। अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरूको सम्बन्धमा श्रम ऐन तथा नियमावलीले समेट्न नसकेको परिप्रेक्ष्यमा विभिन्न फोरमहरूमा छलफल भइरहेको निकट भविष्यमै काठमाडौँमा ३ दिने राष्ट्रिय श्रम सम्मेलन आयोजना गरिएको र सोबमोजिम प्राप्त छलफल तथा सुझावहरूका आधारमा नीतिगत तथा कानुनी पूर्वाधारलाई अझ व्यापकरूपमा समेट्ने सोचाइ यस मन्त्रालयको रहेको हुँदासमेत रिट निवेदन खारेजभागी छ भन्नेसमेत बेहोराको विपक्षीमध्येको श्री ५ को सरकार श्रम तथा यातायात व्यवस्था मन्त्रालयको तर्फबाट पर्न आएको लिखित जवाफ ।

१४. नियमबमोजिम दैनिक मुद्दा पेशी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनको सम्पूर्ण मिसिल अध्ययन गरियो ।

निवेदकतर्फबाट विद्वान् अधिवक्ताहरू श्री गीता पाठक सङ्ग्रौला, श्री कृष्ण देवकोटा र श्री प्रकाश के.सी.ले घरेलु बाल श्रम सार्वजनिक जानकारीमा नआउने, लुकेको (Hidden), अदृश्य (Invisible) र कानुनी उपचारमाथि सहजै पहुँच हुन नसक्ने (Inaccessible) अनौपचारिक श्रम हो । Child workers in Nepal (CWIN)Child workers in Nepal (CWIN) का अनुसार झण्डै १४५ बालिकाहरूले आफूमाथि काम गर्न बसेका घरका पुरुष सदस्यहरू, उनीहरूका आफन्त, तथा साथीभाइहरूबाट यौन दुर्व्यवहार हुने बताएका छन् ।

यो तथ्याङ्क बालिकामाथि हुने दुर्व्यवहारको एउटा झलकसम्म मात्र हो । किनकि पर्दापछाडिका बहुसङ्ख्यक यस्ता घटनाहरू विभिन्न कारणवश प्रकाशमा नै आउँदैनन् । अर्कोतर्फ नेपालको पश्चिमी क्षेत्रका विभिन्न जिल्लाहरू दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा बसोबास गरिआएको थारू समुदायका विपन्न परिवारले ७-८ वर्षदेखिका अत्यन्त कलिला बालबालिकाहरूलाई माघे सङ्क्रान्ति (थारू जातिले मनाउने माघी पर्व) मा जिल्लाका कथित साहू महाजन र सहरियाको घरमा नोकर बस्नका लागि पठाइने घरेलु श्रमिक बालिकाहरूलाई कमलरी भन्ने गरेको पाइन्छ ।

यसरी माघे सङ्क्रान्तिको दिन ती बालिका अभिभावकहरू र बालिका लैजाने कथित साहू महाजनहरूका बीचमा अघोषित वा अलिखित वा अनौपचारिक सम्झौता हुने गरेको र त्यसमा दलालहरूसमेत सक्रिय हुने गरेको भन्ने देखिन्छ । अर्थात पशुधन किनबेच गरेसरह बालबालिकाको अघोषित खरिद-बिक्री गरिन्छ ।

१५. साथै बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ को दफा ३(१) ले १४ वर्षमुनिका बालबालिकालाई कसैले पनि काममा लगाउन निषेध गरिएको छ । तर व्यवहारमा हेर्दा यसले औपचारिक क्षेत्र (Formal Sector) को बालश्रमलाई मात्र नियमित गर्नेगरी कानुनमा व्यवस्था गरियो । अनौपचारिक क्षेत्र (Informal Sector) मा काम गर्न बाध्य भएका वा बाध्य गराइएका बालबालिकाको अवैध, अमानवीय एवं निकृष्ट प्रकारका बालश्रम शोषणविरुद्ध उचित कानुन तथा सवल संयन्त्रसमेतको विकास गरी प्रभावकारीरूपमा पूर्णतवरबाट बालबालिकाको संरक्षण गर्न नसक्नु विपक्षीहरूको कमजोरी हो । जसबाट केवल बालबालिकामात्र पीडित नभई समग्र राष्ट्रलाई नै अपूरणीय क्षति (Irreparable Loss) पुग्ने अभिनिश्चित छ । बालअधिकारसम्बन्धी महासन्धि,

१९८९ को धारा २, ३, ४, ५, ६, ७, ८, ९, ११, १२, १३, १५, १९, २७, २८, ३१, ३२, ३४, ३५ र ३७ समेतका धाराहरूअनुरूप कानुनको कार्यान्वयन पनि भएको अवस्था छैन।

साथै, उक्त महासन्धिसँग सम्बन्धित नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ का सम्बन्धित प्रावधानहरूको पनि प्रभावकारी कार्यान्वयन भएको छैन। तसर्थ, घरेलु बालश्रमिकको बालअधिकारको प्रचलन गर्न यथाशीघ्र उचित र पर्याप्त कानुनी एवं प्रशासनिक व्यवस्था गर्नू/गराउनू भनी परमादेशलगायतको आदेश जारी हुनुपर्छ भनी बहस गर्नुभयो। साथै आफ्नो बहसलाई पनि समर्थित हुनेगरी बहसनोट पनि प्रस्तुत गर्नुभयो।

१६. विपक्षीहरूको तर्फबाट महान्यायाधिवक्ताको कार्यालयका सहन्यायाधिवक्ता श्री सरोजप्रसाद गौतमले बालबालिकाको हकहित संरक्षण गरी तिनीहरूको शारीरिक, मानसिक एवं बौद्धिक विकास गर्न भनी बालबालिकासम्बन्धी ऐन, २०४८, बालबालिकासम्बन्धी नियमावली, २०५१ बालबालिका (विकास तथा पुनर्स्थापना) कोष नियमावली, २०५३ र बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ बनी व्यावहारिकरूपमा लागु भइसकेको विद्यमान अवस्था छ। बालश्रम (निषेध र नियन्त्रण गर्ने) ऐन, २०५६ को परिच्छेद २ ले बालकहरूको हकाधिकार सुनिश्चित गर्दै ऐनको दफा ३ को उपदफा १ ले कलिलो उमेरका बालकलाई काममा लगाउन नहुने भन्दै १४ वर्ष उमेर नपुगेका बालकलाई जुनसुकै काममा लगाउन (घरेलु काम) निषेध गर्नुका अतिरिक्त ऐनको दफा ३ को उपदफा ९२० ले खतरनाक काममा लगाउन नहुने भनी कानुनी व्यवस्था गरेबाट कमलरी प्रथालगायतका जुनसुकै बालश्रमलाई पनि निषेधित गरेको पाइन्छ।

पुनः नेपालसमेत पक्ष रही अनुमोदन भइसकेको बालअधिकारसम्बन्धी महासन्धिका प्रावधानहरू क्रमशः लागु गर्नेगरी नेपाल सरकारको प्रतिबद्धता भएअनुरूप समय समयमा बालबालिकासम्बन्धी विभिन्न ऐन, नियमहरू निर्माण गरी लागु पनि भइरहेको अवस्थामा उचित र पर्याप्त कानुनी एवं प्रशासनिक व्यवस्था भएन भन्नु निवेदकहरूको जिकिर तथ्यपरक नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुनुपर्छ भनी बहस गर्नुभयो।

१७. उपर्युक्त पृष्ठभूमिमा दुवै पक्षका विद्वान् कानुन व्यवासायीहरूको बहस जिकिर र बहसनोटलाई समेत मध्यनजर गरी प्रस्तुत रिटमा उठाइएका विवाद समाधानको लागि मुख्यतः देहायका प्रश्नहरूको निरूपण हुनुपर्ने अवस्था देखिन आएको छ :

(१) बालश्रम निषेध गर्ने सम्बन्धमा नेपालमा भएका कानुनी व्यवस्थाहरूको कार्यान्वयन बालअधिकारसम्बन्धी महासन्धि र मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूले समेत निर्धारित गरेअनुसार छ वा छैन ?

(२) निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिल्ने हो वा होइन ?

१८. उपर्युक्त प्रथम प्रश्नको सम्बन्धमा निर्णयतर्फ विचार गर्दा बालअधिकारसम्बन्धी महासन्धि, १९८९, को धारा २, ३, ४, ५, ७, ९, ११, ३१, ३२ र ३५ समेतका प्रावधानहरू बालबालिकासम्बन्धी ऐन, २०४८, कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ र नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११(१) तथा ११(३) को प्रतिबन्धात्मक वाक्यांशसमेतद्वारा सुनिश्चित गरिएका बालअधिकार प्रचलनका लागि नेपालमा विद्यमान घरेलु बालश्रमको परम्परागत कुरीतिलाई निषेध र निर्मूल गरिएको छैन। कमलरीलगायत १४ वर्षमुनिका घरेलु बालश्रमिकलाई तत्काल मुक्त घोषित गर्नु र उनीहरूलाई पुनर्स्थापना गर्ने प्रयोजनका लागि राष्ट्रियस्तरमा कोषको व्यवस्था गरी खास गरेर दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरलगायतका जिल्लाहरूमा बसोबास गर्ने थारू समाजमा व्याप्त कमलरी प्रथामा १०,००० कमलरी भएकोले निर्मूल गराउन, घरेलु बालश्रमिकको बालअधिकारको संरक्षण गर्न उचित र पर्याप्त कानुनी एवं प्रशासनिक व्यवस्था गर्नू/गराउनू भनी विपक्षीहरूका नाममा परमादेशलगायत जो चाहिने उपयुक्त बेहोराको निर्देशात्मक आदेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको रिट निवेदन दावी भएको देखिन्छ।

१९. यसको प्रतिवादमा विपक्षीहरूबाट प्रचलित ऐन/कानुनको कार्यान्वयन गर्ने दायित्व कार्यपालिकाको हो। कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ ले कमलरी र यस्तै अन्य श्रमिकहरूलाई कमैया श्रमिकको रूपमा स्वीकारी बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ को दफा ३ (१) ले १४ बर्ष नपुगेका बालकलाई श्रमिकको रूपमा कहीँकतै पनि काममा लगाउन नहुनेगरी

निषेध गरेको छ। सबै Stakeholders को सहयोगमा बालश्रम निवारणको लागि गुरुयोजना तयार गरी कार्यान्वयनमा रहेको छ। अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरूका सम्बन्धमा श्रम ऐन तथा नियमावलीले समेट्न नसकेको परिप्रेक्ष्यमा विभिन्न फोरमहरूमा छलफल भइरहेको छ। यस स्थितिमा निवेदकले निवेदनमा दावी लिएको विषयवस्तु कुनै ठोस तथ्यमा आधारित नभई केवल अखवारमा प्रकाशित समाचार र सञ्चारमाध्यममा प्रकाशित कार्यक्रमविशेषलाई आधार बनाई अनुमानित विषयवस्तु राखी दायर गरिएको रिट निवेदन खारेज गरिपाउँ भन्ने विपक्षीहरूको लिखित जवाफ भई विवाद उत्पन्न भएको पाइन्छ।

२०. यस सम्बन्धमा विवेचना र विश्लेषण गर्दा बालबालिकाहरूको संरक्षण र विकास नै सवीपरि विकासको मूलाधार हो भन्ने वास्तविकताको आधारमा बालबालिकाको आधारभूत अधिकारको संरक्षणको लागि संयुक्त राष्ट्र सङ्घ महासभाद्वारा सर्वसम्मतरूपमा सन् १९८९ नोभेम्बर २० तारेखका दिन राष्ट्र सङ्घीय बालअधिकारसम्बन्धी महासन्धि (Convention on the Rights of the Child), १९८९ (CRC) पारित भयो। उक्त महासन्धिलाई नेपालले सदस्य राष्ट्रको हैसियतमा १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरिसकेको छ। यसरी नेपालद्वारा अनुमोदित बालअधिकारसम्बन्धी महासन्धिका प्रावधानहरूको तत्काल कार्यान्वयनको लागि सम्बन्धित राज्यले कानुन निर्माण गर्ने क्रममा प्रजातन्त्र पुनर्स्थापनापश्चात तयार भएको नेपाल अधिराज्यको संविधान, २०४७ ले प्रस्तावनामा स्वतन्त्र एवं सक्षम न्याय प्रणालीको आधारमा कानुनी राज्यको अवधारणाअनुरूप न्यायको माध्यमद्वारा सबै नागरिकलाई राज्यले समान अवसर प्रदान गर्दै जाने क्रममा खासगरी बालबालिकाको हकहितको संरक्षणार्थ संविधानको धारा ११ मा समानताको हक, धारा १२ मा वैयक्तिक स्वतन्त्रताको हक, धारा २० मा शोषणविरुद्धको हकको व्यवस्था गरिएको छ। साथै धारा २६ को उपधारा (८) मा 'राज्यद्वारा बालबालिकाको शोषण हुन नदिइ उनीहरूको हक र हितको रक्षा गर्न आवश्यक व्यवस्था गर्नेछ र निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था क्रमशः गर्दै जानेछ' भनी राज्यद्वारा बालबालिकाको हकहितको सफल कार्यान्वयनको लागि प्रतिबद्धतासमेत व्यक्त भएको छ।

२१. त्यसैगरी बालबालिकासम्बन्धी ऐन, २०४८, बालबालिकासम्बन्धी नियमावली, २०५१, बालबालिका (विकास तथा पुनर्स्थापना) कोष नियमावली, २०५३ र बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ र कमैया श्रम (निषेध गर्ने) सम्बन्धी

ऐन, २०५८ समेत जारी गरिएको हुँदा हाल यिनै ऐन तथा नियम बालअधिकारको क्षेत्रमा क्रियाशील कानुनी प्रावधानको रूपमा विद्यमान रहेका छन् ।

२२. यसप्रकार बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा २३ को उपदफा (२) को खण्ड (ख) मा 'बालकको बौद्धिक विकासमा सघाउ पुऱ्याउने किसिमको शिक्षाको प्रबन्ध गर्ने' भन्ने प्रावधान रहेको छ । बालबालिकाको हकहित संरक्षण गरी तिनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकास गर्न भनी बालबालिकासम्बन्धी ऐन आएको छ । उपर्युक्त ऐनको दफा ४ को उपदफा (१) मा 'बाबु/आमाले आफ्नो परिवारको आर्थिक अवस्थाअनुसार प्रत्येक बालकको पालन पोषण गर्नुको अतिरिक्त निजको शिक्षा, स्वास्थोपचार, खेलकुद तथा मनोरञ्जनको सुविधाहरूको व्यवस्था पनि गर्नुपर्छ' भन्ने उल्लेख भएको देखिन्छ । ऐ. दफा ५ मा पालनपोषण आदिमा छोरा वा छोरी तथा छोरा/छोरी वा छोरी/छोरीमा भेदभाव गर्न नहुने भन्ने पनि व्यवस्था रहेको छ । प्रस्तुत ऐनको परिच्छेद २ ले बालकहरूको हकाधिकार सुनिश्चित गरेको पाइन्छ । यसरी ऐनहरू निर्माण भए पनि व्यवहारमा भने लागु भएको अवस्था देखिँदैन । ऐन र नियमका प्रावधानहरू केवल ऐनको दफामा मात्र सीमित रहेको कारण निवेदकहरू अदालत प्रवेश गरेको देखिन्छ । Law in book not in action भन्ने लोकोक्ति र Benjamin Disrael को Justice is truth in action भन्ने उदाहरणअनुरूप व्यवहारमा लागु नभएका कानुनको व्यवस्थालाई लिखित जवाफमा उल्लेख गर्दैमा बालश्रमलगायतका कमलरी प्रथा जस्ता नकारात्मक अवस्थाहरू विद्यमान भएको तथ्यलाई अन्यथा भन्न सकिएन ।

२३. बालबालिकासम्बन्धी ऐनको अतिरिक्त कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ आएबाट नेपालमा विद्यमान रहेको कमैया श्रम निषेध गर्ने, मुक्त कमैयालाई पुनर्स्थापना गर्ने आदि उद्देश्यले कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन बनी लागु भइरहेको अवस्था छ । अर्कोतिर उक्त ऐनको कार्यान्वयन हुन नसकी कमैयाहरूको स्थिति अझ दयनीय बनी उक्त दफा ४ र ५ अनुरूप समेत संरक्षण र पालनपोषण गर्नुपर्नेमा जस्तोसुकै श्रम गर्न पनि बालबालिकाहरू बाध्य भएको अवस्था देखिन आएको छ । साथै, बालबालिकाको लागि बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ को दफा ३ र ४ मा 'कसैले पनि १४ वर्ष उमेर पूरा नगरेका बालकलाई श्रमिकको रूपमा काममा लगाउनुहुँदैन र बालकको इच्छाविरुद्ध काममा लगाउनु हुँदैन' भन्ने सो कानुनी प्रक्रिया घरेलु बालबालिकाको लागि कार्यान्वयन हुन सकेको पाइँदैन ।

२४. उपर्युक्त स्थितिलाई प्रभावकारी कार्यान्वयन गर्न/गराउनको लागि CRC का प्रावधानहरू र यसको कार्यान्वयनको स्थितिमा पनि राज्य बहुतै सक्रिय हुनुपर्ने देखिन्छ।

२५. उक्त CRC को धारा २ ले प्रत्येक बालक वा उसका बाबु/आमाको वा अभिभावकको जाति, रङ, लिङ्ग, भाषा, धर्मलगायत जातीय वा सामाजिक उत्पत्ति आदि हैसियतको आधारमा भेदभाव नगरी समान प्रत्याभूति दिनुपर्नेछ भन्ने प्रावधानहरू रहेको छ।

२६. महासन्धिको धारा ७, ९ र ११ द्वारा प्रदत्त बालबालिकालाई बाबु/आमाको स्याहार पाउने अधिकार, बालबालिकाले सकेसम्म आफ्ना बाबु/आमासँगै बस्न पाउने अधिकार, बाबु/आमालाई प्रत्यक्ष र चाहेको बेलामा भेटघाट गर्न पाउने अधिकार एवं बालबालिकाको अवैध स्थानान्तरण गर्न नपाइने अधिकारको व्यवस्था गरेको छ।

२७. त्यसैगरी महासन्धिको धारा ३१, ३२ र ३५ मा उल्लिखित व्यवस्थाले बालबालिकाको आराम गर्ने, फुर्सद लिन पाउने, खेल र मनोरञ्जन गर्ने, स्वास्थ्य, शिक्षा एवं बाल विकासको शोषणविरुद्धको हकको संरक्षण हुनुपर्ने, रोजगारीको न्यूनतम सर्त वा हद तोकिनुपर्ने र बालबालिकाको बेचबिखन वा सौदावाजी हुन नहुने भन्ने व्यवस्था गरेको छ।

२८. राज्यले उक्त महासन्धिको प्रस्तावनासमेतको सम्पूर्ण व्यवस्थाको कार्यान्वयनको प्रभावकारिताको लागि CRC प्रस्तावनामा उल्लिखित नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (International Covenant on Civil and Political Rights (ICCPR), १९६६ र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (International Covenant on Economic, Social and Cultural Rights) (ECESCR), १९६६ को सम्बन्धित व्यवस्थाहरूको पनि प्रभावकारी कार्यान्वयन गर्नुपर्ने हुन्छ। यी महासन्धिहरूको व्यवस्थाबाट समाजको सम्पूर्ण बालबालिकासहितको परिवारको विकासका लागि प्रत्याभूति दिइएको छ। खास गरेर ICESCR को धारा ११ अनुरूप राष्ट्रहरूले प्रत्येक व्यक्तिको पर्याप्त भोजन, लुगा तथा आवासको एवं परिवारको समेत पर्याप्त जीवनस्तरको तथा जीविकाको निरन्तर सुधारको अधिकारलाई प्रत्याभूति दिनुपर्ने दायित्व रहेको छ। साथै यसै ICESCR को

धारा १३ को उपधारा ९१० को निम्न प्रावधानहरूको उल्लेखन पनि ज्यादै अपरिहार्य भएकोले यहाँ उद्धरण गरिएको छ।

"The State Parties to the present Covenant recognize the right of everyone to education. They agree that education shlal be directed to the flul development of the human personailty and the sense of its dignity, and shlal strengthen the respect for human rights and fundamental freedoms. They further agree that education shlal enable lal persons to participate effectively in a free society, promote understanding, tolorance and friendship among lal nations and lal racial, ethnic or reilgious groups and further the activities of the United Nations for the maintenance of peace."

२९. यस महासन्धिका पक्ष राष्ट्रहरू प्रत्येक व्यक्तिको शिक्षाको अधिकारलाई स्वीकार गर्छन्। मानवीय व्यक्तित्व तथा त्यसको प्रतिष्ठाको विकासतर्फ शिक्षा निर्देशित हुनेछ एवं शिक्षाले मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूप्रतिको सम्मान सुदृढ गर्नेछ भन्ने कुरामा उनीहरू सहमत छन्। स्वतन्त्र समाजमा प्रभावकारी सहभागिता, सम्पूर्ण राष्ट्रहरू तथा जातीय, सामाजिक अथवा धार्मिक समूहहरूबीच समझदारी, सहनशीलता तथा मित्रता प्रवर्द्धन गर्न तथा संयुक्त राष्ट्र सङ्घका शान्ति कायम गर्ने क्रियाकलापहरूलाई अघि बढाउन शिक्षाले सम्पूर्ण व्यक्तिलाई सवल बनाउनेछ भन्ने कुरामा उनीहरू सहमत छन्।

३०. CRC को धारा ७ को उपधारा (२) मा बालबालिकाको अधिकारहरूसँग सम्बन्धित राष्ट्रिय कानुन, सम्बन्धित (Relavent) उपर्युक्त महासन्धिसमेतका अन्तर्राष्ट्रिय दस्तावेजहरूको कार्यान्वयन गर्नुपर्छ भनिएको छ। धारा ६ को उपधारा (२) मा सम्भव अधिकतम हदसम्म बालबालिकाको अतिजीवन र विकास (Survival and Development) सुनिश्चित गरिएको हुनुपर्छ भन्ने उल्लेख भएको छ। Survival®Development अतिजीवन (बढीभन्दा बढी बाँच्ने) र विकासको पूर्णतामा जीवनलाई आवश्यक भौतिक साधनको परिपूर्ति तथा शिक्षा एवं अन्य मनोवैज्ञानिक आवश्यकताहरूमा सूचनाको हक र बौद्धिक विकासमा शिक्षा पनि पर्छन्। उपर्युक्त उल्लिखित ICESCR को धारा ११ र १३ मा परिवार सबैको, Standard या living को उत्तरोत्तर प्रगति (Upliftment), व्यक्तिगत स्वतन्त्रता, मानव जीवनको मर्यादासमेतका बढी बाँच्न पाउने अधिकार एवं शिक्षाको अधिकार सबै समेटिएका छन्।

३१. साथै CRC को धारा ४ मा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको सम्बन्धमा पक्ष राष्ट्रहरूले आ-आफ्नो स्रोतले भ्याएसम्म र आवश्यक भएको अवस्थामा अन्तर्राष्ट्रिय सहयोगको संरचनाभित्र बढीभन्दा बढी मात्रामा उपर्युक्तसमेतका सम्पूर्ण आवश्यकताको परिपूर्तिको उपायहरू अपनाउनुपर्नेछ भनी उल्लेख भएको छ। यस्तै ICESCR को धारा २ को उपधारा (१) अनुरूप पक्ष राष्ट्रहरूले आफ्नो साधनस्रोतले नभ्याएमा विकसित राष्ट्रहरूसँग खास गरेर आर्थिक तथा प्रावधिक सहयोग र सहायता लिनुपर्छ र दिनुपर्छ भन्ने व्यवस्था भएको पनि पाइन्छ। CRC कै धारा ४२ र धारा ४४ को उपधारा (६) मा क्रमशः निम्न व्यवस्था भएकोमा सोअनुरूप हुनु पनि पर्ने हुन्छ।

३२. धारा ४२ State parties undertake to make the principles and provisions of the convention widely known, by appropriate and active means, to adults and children ailke (पक्ष राष्ट्रहरूले महासन्धिका सिद्धान्तहरू र व्यवस्थाहरूलाई विस्तृतरूपले वयस्कहरू तथा बालबालिकाको जानकारीमा उचित र सक्रिय माध्यमद्वारा समानरूपले ल्याउने प्रतिज्ञा गर्छन्।

३३. धारा ४४ को उपधारा (६) State parties shall make their reports widely available to the pubilc in their own countries. पक्ष राष्ट्रहरूले आफ्ना प्रतिवेदनहरू आफ्ना देशमा सर्वसाधारण जनतालाई व्यापकरूपमा उपलब्ध गराउने छन्।

३४. धारा ४३ ९१० अनुरूप स्थापित संयुक्त राष्ट्र सङ्घको बालअधिकारसम्बन्धी समितिले धारा ४४ अनुरूपको पक्ष राष्ट्रहरूबाट प्राप्त प्रतिवेदनहरूउपर धारा ४५ अनुसार समितिले विशिष्टीकृत संस्थाहरू, संयुक्त राष्ट्र सङ्घीय बालकोष तथा अन्य संयुक्त राष्ट्र सङ्घीय अङ्गहरूलाई तिनीहरूको कार्यक्षेत्रहरूमा परेको विषयहरूमा प्रतिवेदन पेश गर्न आमन्त्रण गरेपछि प्राप्त भएका प्रतिवेदनहरूअनुरूपको जानकारीको आधारमा सुझावहरू र सामान्य सिफारिसहरू सम्बन्धित पक्ष राष्ट्रहरूलाई पठाउने व्यवस्था रहेको छ।

३५. उपर्युक्तबमोजिम समितिले पठाएको सुझाव र सिफारिसउपर पक्ष राष्ट्रहरूको टिप्पणी आएमा सोसमेत संयुक्त राष्ट्र सङ्घीय महासभामा प्रस्तुत हुने व्यवस्था पनि रहेको छ। यस्ता उपर्युक्त उल्लिखित सम्पूर्ण प्रतिवेदनहरू, नेपाल कानुन र CRC मा उल्लिखित बालबालिकाका अधिकारहरू तथा अन्य सम्बन्धित

अन्तर्राष्ट्रिय मानव अधिकारका दस्तावेजहरूको सम्बन्धित व्यवस्थाको शिक्षा र ज्ञानको पनि आवश्यकता हुन्छ। यस सन्दर्भमा नेपाल सरकारले CRC कै उपर्युक्त उल्लिखित धारा ४२ समेतको प्रावधानको अक्षरशः पालना गरी शिक्षाको व्यवस्था गर्नुपर्ने अपरिहार्यता भएकोमा सो पनि कार्यान्वयन नभएको अवस्था छ। साथै कमैया (bonded labour) प्रणाली कमैया श्रम (निषेध गर्ने) ऐन, २०५८ द्वारा उन्मूलन भए पनि कार्यान्वयनमा प्रभावकारी भएको छैन्। कमलरी प्रथा अझै विद्यमान रहेको पाइन्छ। कमलरी प्रथाको विद्यमानता रहेकोमा उन्मूलन र निर्मूल नभएको तथा प्रभावकारी कार्यान्वयन नभएको एवं त्यसको उन्मूलन गर्ने विधि र प्रक्रिया प्रभावकारीरूपमा अवलम्बन नभएकोसमेत उपर्युक्त सम्पूर्ण उल्लेखनबाट प्रष्ट/सम्पुष्टि भएको छ।

३६. अब दोश्रो प्रश्न निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिल्ने वा नमिल्ने के हो ? भन्ने सम्बन्धमा हेर्दा निवेदकहरूको मुख्य माग नेपाल अधिराज्यको दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरलगायतका जिल्लाहरूमा थारू समाजमा ७-८ वर्षदेखिका बालिकाहरूलाई माघे सङ्क्रान्तिको दिन बाबु/आमाबाट साहू महाजनको घरमा नोकर बस्न पठाइने कमलरी प्रथा व्यापकरूपमा प्रचलनमा रहेको भन्ने र त्यस्तो कमलरी प्रथामाथि उल्लिखित ५ जिल्लामा मात्र पनि कम्तीमा १०,००० रहेको भन्ने निवेदनमा उल्लेख भएको देखिन्छ।

३७. यस्तो कमलरी प्रथा CRC को धारा ३१, ३२ र ३५ तथा धारा ७, ९ र ११ नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ समेतको विपरीत भएकोले त्यस्तो कमलरी प्रथाबाट पीडित १४ वर्षमुनिका घरेलु बालश्रमिकलाई मुक्त घोषित गरी उनीहरूको पुनर्स्थापनाको लागि कोष (Fund) समेतको व्यवस्था गर्नका लागि विपक्षी नेपाल सरकारको नाममा उपयुक्त आदेश जारी गरिपाउँ भन्ने निवेदकको माग भएको पाइन्छ।

३८. सो सम्बन्धमा लिखित जवाफ हेर्दा विपक्षी श्रम तथा यातायात व्यवस्था मन्त्रालयको लिखित जवाफबाट घरेलु बाल श्रमिक, बँधुवा बाल श्रमिक, गलैँचा उद्योगमा काम गर्नेलगायतका बाल श्रमिकहरूलाई समयबद्ध कार्यक्रम (Timebound Programme) सञ्चालन गरिएको भन्ने उल्लेख भएको छ।

३९. त्यस्तै, विपक्षी कानुन मन्त्रालयको लिखित जवाफबाट सो सम्बन्धमा कानुनी व्यवस्था भइसकेको भन्नेसम्म मात्र उल्लेख छ।

४०. महिला तथा बालबालिकासम्बन्धी मन्त्रालयको लिखित जवाफमा निवेदकहरूले कुन कुन बाबु/आमाले बालबालिकासम्बन्धी कानुनको उल्लङ्घन गरे खुलाउन नसकेको भनेको र प्रत्येक बाबु/आमाले आफ्नो आर्थिक क्षमताले भ्याएसम्म पालनपोषण गर्छन् भनी २०६१ साल पौष महिनामा तत्कालीन सरकारको तर्फबाट लिखित जवाफ परेको अवस्था छ।

४१. उपर्युक्त विवादित तथ्य र कानुनी प्रश्नको परिप्रेक्ष्यमा हेर्दा कमैया श्रम (निषेध गर्ने) ऐन, २०५८ बनी २०५८ साल फाल्गुन ११ देखि नै लागु भएको देखिन्छ। ऐनको दफा २ मा कमलरी प्रथालाई कमैया श्रमिक मानी ऐन लागु भएपछि कमैया श्रमिकसमेत स्वतः उन्मूलन हुने व्यवस्था दफा ३ मा गरिएको छ। दफा ४ मा कमैया श्रमिक निषेध गरिएको प्रष्ट उल्लेख भएको छ तर विपक्षी नेपाल सरकारको लिखित जवाफबाट निवेदनमा उठाइएका कुराहरू हाल प्रचलनमा नरहेको र Fund सम्बन्धमा कुनै कुरा उल्लेख नहुनुका साथै श्रम तथा यातायात व्यवस्था मन्त्रालयको लिखित जवाफमा उल्लेख गरिएको Time bound programme मा पनि कमलरी प्रथाबाट पीडितहरूका लागि कुनै व्यवस्था भएको देखिँदैन। यसबाट ऐन लागु भई ऐनका साथ साथै CRC समेत नेपाल कानुनसरह लागु भए पनि कमलरी प्रथा अझै प्रचलनमा नरहेको भन्ने देखिन आएन।

४२. कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ ले गरेको व्यवस्था र CRC ले गरेको व्यवस्थाअन्तर्गत बालबालिकाको अधिकार संरक्षण गर्नु विपक्षी निकायहरूको कानुनी एवं संवैधानिक दायित्व र कर्तव्य हो। नेपाल सन्धि ऐन, २०४७ र नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२६ नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धतासमेत हो।

४३. अतः कमलरी प्रथाले नेपालले हस्ताक्षर गरेको CRC को धारा ९, १४, १५, १६, १८, १९, २८, २९, ३१ र ३२ समेतका धाराहरूले प्रदान गरेको अधिकारहरूको समेत हनन हुने हुँदा कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ को प्रभावकारी कार्यान्वयनका लागि विपक्षी नेपाल सरकारको नाममा परमादेशको आदेश जारी हुनेछ।

४४. साथै, ऐनहरू बनाएर र ऐनमा व्यवस्था गर्दैमा हाम्रो नेपाल जस्तो परम्परागत रुढीवादी गरिबी, अशिक्षित, अज्ञानता भएको स्थितिमा पठनपाठनको

सुविधा आदि उपलब्ध नहुने यावत कारणहरूले गर्दा ऐन र CRC को व्यवस्थाले मात्र बालश्रम निर्मूल हुन सक्दैन। बालबालिकासम्बन्धी ऐन, कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन र CRC का Stakeholders अथवा Target group बालबालिका नै भएको हुँदा माथिबाट सरकारले Faciltate गर्ने र तलबाट Stakeholders नै आफ्नो अधिकारप्रति चनाखो एवं सजग हुन अति आवश्यक छ। तबमात्र CRC लगायतका बालअधिकार संरक्षण गर्ने महासन्धिहरू एवं बालश्रम (निषेध र नियमित) गर्ने ऐन, २०५६ प्रभावकारीरूपले लागु हुन सक्छ।

४५. तसर्थ, नेपालले हस्ताक्षर गरी अनुमोदन गरेका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरू खासगरी CRC, ICCPR / ICESCR जस्ता मानव जीवनका सबै अवस्थालाई समेट्ने अत्यावश्यकीय Convention हरू बालबालिकाको पाठ्यक्रममा नै समावेश गर्न उपयुक्त हुनेतर्फ विपक्षी मन्त्रिपरिषद् र शिक्षा मन्त्रालयको नाममा निर्देशनात्मक आदेशसमेत जारी गरिएको छ।

मिसिल नियमानुसार गरी बुझाइदिनू।

न्या.श्री बलराम के.सी.

उपरोक्त सहयोगी मा.न्या.को रायसँग सहमत हुँदै निर्देशात्मक आदेश जारी गर्ने सम्बन्धमा देहायको छुट्टै र थप राय व्यक्त गरेको छु :

४६. निवेदकको मुख्य माग नेपालको दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरलगायतको जिल्लाहरूमा बसोबास गर्ने थारू समाजमा प्रचलनमा रहेको कमलरी प्रथालाई निषेध गरी कमलरी प्रथाअन्तर्गत रहेका घरेलु बालश्रमिकलाई मुक्त घोषित गरी उनीहरूको पुनर्स्थापनाको लागि आवश्यक Fund को व्यवस्था गरी बाल अधिकारको संरक्षणको लागि कानुनी एवं प्रशासनिक व्यवस्था गर्न नेपाल सरकारको नाममा परमादेशलगायतका आवश्यक आदेश जारी गरिपाउँ भन्ने रहेछ।

४७. विपक्षी बनाइएको नेपाल सरकारको विभिन्न कार्यालयहरूमध्येमा श्रम तथा यातायात व्यवस्था मन्त्रालयबाहेक अन्य विपक्षीहरूको लिखित जवाफ

हेर्दा निवेदकले उठाएको कुरातर्फ ध्यान नै नदिई Adversary Litigation मा जस्तोगरी सो निवेदन खारेज गर्ने माग गरेको देखियो तर प्रस्तुत निवेदन निवेदकको निजी स्वार्थ समावेश भएको Private Interest Litigation नभई गरिबी, अज्ञानता र शिक्षाको अभावले गर्दा नेपालको परम्परावादी, रुढीवादी, कामको र जातजातिको आधारमा आधारित Discriminatory समाजमा व्याप्त विभिन्न कुप्रथाहरूमध्येको कमलरी प्रथाको अन्त्य गरी त्यस्तो कुप्रथाबाट पीडित बालबालिकाको हितको लागि यस अदालतलाई नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(२) बमोजिम प्राप्त असाधारण अधिकारअन्तर्गत आवश्यक र उचित आदेश जारी गरिपाउन माग गरिएको pro-bono publico यो निवेदन कमलरी प्रथाबाट पीडित, अशिक्षित, गरिब र अज्ञानी सम्पूर्ण बालबालिकाको हितको लागि दायर भएको Social action Litigation हो ।

४८. संविधानको भाग ४ को राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू क्रमिकरूपले क्रमशः लागु गर्ने र खासगरी सो निवेदनसँग सम्बन्धित धारा २५(३(, २६(८)(९) र (१०) तथा भाग ३ को मौलिक हकमध्ये खासगरी धारा २० को शोषणविरुद्धको हक हनन हुन नदिने सङ्कल्प बोकेको सरकारले यस्ता निवेदनहरूमा संविधानले दिएको नागरिकहरूको मौलिक हकको व्यवस्था र नेपालले अनुमोदन गरेको विभिन्न Human rights instrument हरूलाई ध्यानमा राखी यथार्थ कुराको लिखित जवाफ पेश गरी नागरिकहरूको मौलिक हक एवं मानव अधिकारको संरक्षण गर्नको लागि यस अदालतलाई सहयोग गर्नुपर्छ । संविधानको धारा ८८ (२) मा Narrow concept या Locus standi लाई Widen गरी जोसुकै नेपाली नागरिकले निवेदन दिन पाउने गरी उक्त धारा ८८(२) मा Locus standi लाई Widen गर्नुको उद्देश्य नै यही हो ।

४९. Pro-bono publico को लागि परेको प्रस्तुत Social Action Liltigation को निवेदनमा सरकारले Conservative र Narrow outlook ले लिखित जवाफ पेश गर्नुहुँदैन । सरकारको ध्यान नपुगेको वा स्रोत साधनको अभावलगायत अन्य कतिपय कारणहरूले संविधान एवं Human rights instrument हरूले आफ्ना नागरिकहरूलाई प्रदान गरेका अधिकारहरू उपयोग गर्नबाट नागरिकहरू वञ्चित हुनुपरेको पनि हुन सक्छ । यसप्रकारका निवेदनहरूमा सत्यतथ्य लिखित जवाफ पेश गरी अदालतलाई सहयोग गर्न कार्यपालिका कत्ति पनि हिच्किचाउन हुँदैन । यस्ता Pubilc interest Litigation का निवेदनहरूमा

यथार्थ कुराहरूको लिखित जवाफ पेश गरी अदालतलाई सहयोग गर्नु कार्यपालिकाको सवैंधानिक कर्तव्य र दायित्व पनि हो ।

५०. सामाजिक, आर्थिकलगायत जीवनका सबै क्षेत्रमा न्यायपूर्ण समाजमा आधारित लोक कल्याणकारी व्यवस्था अभिवृद्धि गर्नु राज्यको प्रमुख उद्देश्य हुने, आर्थिक एवं सामाजिक असमानता हटाई विभिन्न सम्प्रदायबीच न्याय र नैतिकतामा आधारित स्वस्थ सामाजिक जीवनको स्थापना र विकास गर्ने, बालबालिकाको शोषण हुन नदिई उनीहरूको हक र हितको रक्षा गर्न आवश्यक व्यवस्था गर्ने, शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्थालगायतका अन्य आवश्यक व्यवस्था गरी आर्थिक तथा सामाजिकरूपले पिछडिएका जनजाति र समुदायको उथान गर्ने जस्ता Welfare state बनाउने सिद्धान्त र नीति वर्तमान संविधानको रहेको छ। यसको साथै मानिसलाई बेचबिखन गर्न, दास तुल्याउन, बाँधा बनाउन वा कुनै किसिमले निजको इच्छाविरुद्ध काम गराउन नपाउने गरी नेपालको प्रत्येक नागरिकलाई मौलिक हकको रूपमा शोषणविरुद्धको हक संविधानले प्रदान गरेको छ। राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूमध्येमा सो निवेदनको लागि धारा २६ को उपधारा (८) र (९) महत्वपूर्ण छन् । धारा २६ को उपधारा ८ को उद्देश्य बालबालिकाको शोषण हुन नदिने र बालबालिकाको हक र हितको रक्षा गर्नु हो भने उपधारा ९ को उद्देश्य राज्यले अनाथ बालबालिकाको संरक्षण र उन्नतिको लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्नु सरकारको संवैधानिक कर्तव्य हो ।

५१. नेपालले Convention on the rights of the child, 1989 लाई १४ सेप्टेम्बर १९९० मा अनुमोदन गऱ्यो। उक्त मितिदेखि नेपाल सन्धि ऐन, २०४७ को दफा ९ को व्यवस्थाले गर्दा उक्त Convention नेपाल कानुनसरह भइसक्यो ।

५२. Convention on the rights of the child को धारा २७ को उपधारा ९१० ९२०, धारा २८ को उपधारा १९८०, धारा २९ को उपधारा १९१०, धारा ३२ र ३६ महत्वपूर्ण छन्। बाल शोषण निषेधको लागि CRC का उक्त धाराहरूले बालबालिकाहरूको शारीरिक र मानसिक विकास गर्ने, शिक्षा प्राप्त गर्ने, प्राथमिक शिक्षा अनिवार्यरूपले निःशुल्क अध्ययन गर्न पाउने अधिकार प्रदान गर्छ। साथै उक्त धाराहरूले बालकलाई व्यक्तित्व विकास गर्ने अवसर पाउने, आर्थिक शोषणविरुद्धको हक र पढ्न पाउने अवसरबाट वञ्चित हुन नपर्ने हक प्राप्त गर्नुका साथै तोकिएको उमेरभन्दा कम उमेरका बालबालिकालाई

काममा लगाउन नहुने र काम गर्दा पनि तोकिएको समय र अवधिसम्म मात्र काममा लगाउन सकिने व्यवस्था गरेको छ। Convention ले गरेका उक्त व्यवस्थाहरूलाई कानुन र नीति बनाई लागु गर्ने प्रमुख कर्तव्य सरकारको हो।

५३. संविधानले व्यवस्था गरेका नागरिकका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू र Convention on the rights of the child, 1989 विपरीत हुने कार्य गर्न त कुरै भएन, बालअधिकार सम्बन्धमा उक्त Convention ले गरेका सबै व्यवस्थाहरू र राज्य नीतिका निर्देशक सिद्धान्तहरूलाई समेत समेटने गरी कानुन बनाई लागु गर्ने संवैधानिक कर्तव्य पनि सरकारको नै हो। विपक्षी श्रम तथा यातायात व्यवस्था मन्त्रालयको र कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको लिखित जवाफबाट बालश्रम अन्त्य गर्नेतर्फ सरकारले केही कार्यक्रम २२ जिल्लाहरूमा सञ्चालन गरेको भन्ने देखियो। यसका साथै बालबालिकासम्बन्धी ऐन, २०४८, बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५७ तथा कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ बनी लागु भएको भन्ने पनि देखियो। बाल हितको लागि केही child welfare legislation बनेको देखिन्छ। ती ऐनहरूको व्यवस्था र कार्यक्रम हेर्दा ती कार्यक्रम र ऐनहरूलाई Light at the end of a Long tunnel को रूप सम्ममा मात्र लिनुपर्ने देखिन्छ। कानुन बनाएरमात्र पर्याप्त हुँदैन। खासगरी पीडित र शोषित बालबालिकाको सम्बन्धमा ऐनले कुनै कुरा निषेध गरेर र निषेध गरेको कार्य गरेमा सजाय हुने व्यवस्था गरेर मात्र बालबालिकाको शोषणको समस्या अन्त्य हुने होइन। कानुन महत्वपूर्ण पूर्वाधार नै हो। यसमा विवाद हुँदैन र हुन सक्दैन पनि तर कानुन सबै समस्या र व्यवस्थालाई समेट्ने पूरा कानुन हुनुपर्छ। कानुनको प्रभावकारी कार्यान्वयनको साथै बालबालिकाकेन्द्रित प्रभावकारी आर्थिक योजनासमेत कार्यान्वयन हुन आवश्यक हुन्छ। तबमात्र Convention र संविधानको लक्ष्य र उद्देश्य पूरा हुन्छ।

५४. कानुनकै कुरा गर्ने हो भने सामाजिक व्यवहार सुधार ऐन, २०३३, भिक्षा माग्ने (निषेध) ऐन, २०१८ र चन्दा ऐन, २०३० आदि केही ऐनलाई लिन सकिन्छ। सामाजिक व्यवहार सुधार ऐन लागु भएको आज झण्डै ३० वर्ष भन्दा बढी भइसक्यो होला। ऐन नागरिकहरूलाई विवाह व्रतबन्धमा अनावश्यक खर्च गरी आर्थिक स्थिति खराव नहोस्, नागरिकहरूले अनावश्यक बोझ ऋण बोक्न नपरोस् भन्ने पवित्र उद्देश्यले नागरिकहरूको हितको लागि आएको हो। उक्त ऐनले विवाह व्रतबन्धमा डाक्ने पाहुनाहरूको सङ्ख्यादेखि

लिएर दिइने दाइजोलगायतलाई नियन्त्रण गरेको छ। ऐनको मुख्य उद्देश्य अनावश्यक खर्च रोक्ने नै हो तर ऐन लागु भएको यतिका वर्ष बितिसक्यो, साधारण नागरिकलगायत देशका उच्च ओहदामा बसेका Policy maker हरू beaureaucrats, कानुन लागु गर्न/गराउने कर्तव्य र जिम्मा लिएका सुरक्षा निकायका उच्च अधिकारीहरूमात्र होइन, न्यायपालिकाका न्यायमूर्तिहरूबाट पनि सामाजिक व्यवहार सुधार ऐन पालना गर्नु त कता हो कता, प्रहरी ऐनअनुसार कानुन पालन गर्ने कानुनी कर्तव्य भएका प्रहरीको काठमाडौँको मुटुमा रहेको पुलिस क्लबमा कानुनलाई बेवास्ता गरी बोलाइएको कानुनीरूपले गैरकानुनी भोजको निम्तामा सम्मिलित हुने गरेको कुरा Judicial Notice मा लिने कुरा हो। यो देशमा सामाजिक व्यवहार सुधार ऐन छ भनी Notice मा लिएको सम्म पनि देखिँदैन। सामाजिक व्यवहार सुधार ऐन नभएसरह गरी विवाह व्रतबन्ध र भोज सम्पन्न हुने गरेको कुरा यस अदालतले Judicial Notice मा लिने कुरा हो। जबकि उक्त ऐनको प्रभावकारीरूपले कार्यान्वयन गराउनुपर्ने प्रमुख कर्तव्य सरकारको हो। तसर्थ केवल केही कानुन बनाएरमात्र कमलरी प्रथा अन्त्य वा समाप्त हुँदैन। यसैगरी भिक्षा माग्न नहुने गरी कानुनले प्रतिबन्ध लगाएको छ तर घर-घरमा मात्र होइन, सडक/पेटीमा जताजतै प्रहरीको सामु भिक्षा माग्ने कार्य खुलमखुला र व्यापक प्रचलनमा छ। यस्ता Decorative विधिहरू बन्नुमात्र काफी भएन कि कार्यान्वयन हुनु महत्वपूर्ण कुरा हो।

५५. कमलरी प्रथाअनुसार ७-८ वर्षका बालबालिकाहरूलाई आफ्नै आमा/बाबुले साहू महाजनलाई बिक्री गरिन्छ र घरेलु नोकरको काममा लगाइन्छ भन्ने निवेदकको मुख्य जिकिर छ। कमैया श्रम (निषेध गर्नेसम्बन्धी) ऐन, २०५८ को दफा २(ख) मा कमैया श्रमिकको परिभाषामा कमलरिया प्रथा पनि परेकोले र दफा ३ मा उक्त ऐन लागु भएपछि कमैया श्रमिकको रूपमा काम गरेको व्यक्ति स्वतः कमैया श्रमिकबाट मुक्त हुनेछ भनेको हुँदा नेपालमा कमलरी प्रथा प्रचलनमा रहेको र कानुनतः मात्र कमलरीहरू मुक्त भएको भन्नेमा विवाद भएन। कानुनीरूपमा कमलरी प्रथा अन्त्य हुनु र व्यवहारमा पनि सबैलाई चेतना आई व्यवहारमा पनि अन्त्य हुनु फरक कुरा हो।

५६. कानुन बनाएरमात्र धेरै लामो समयदेखि परम्परागतरूपमा व्यापक प्रचलनमा रहेको कुनै प्रथा समाप्त भइहाल्दैन। यसको लागि सामाजिक व्यवहार सुधार ऐनको माथि उदाहरण दिइसकिएको छ। कानुनले मात्र समाजमा व्याप्त

प्रचलन अन्त्य गरिहाल्दैन भन्न बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ लाई पनि लिन सकिन्छ। बाल श्रम (निषेध र नियमित) गर्ने ऐनको दफा ३ मा १४ वर्ष उमेर पूरा नगरेका अर्थात १५ वर्ष नछोएका बालकलाई श्रमिकको रूपमा काममा लगाउन नहुने स्पष्ट व्यवस्था भएको देखिन्छ तर विभिन्न साना होटल तथा रेस्टुरेन्टहरूमा भाँडावर्तन माझ्ने, सफा गर्ने काममा, बस, मिनी बस आदि यातायातका साधनहरूमा खलासी र टिकट काट्ने काममा, इँटा भट्टाहरूमा र प्रायः घर-घरमा भाँडा माझ्ने घरेलु नोकरचाकरका रूपमा १४ वर्षमुनिका बालकहरू व्यापकरूपमा काममा लगाइएको कुरा यस अदालतले Judicial Notice मा लिने कुरा हो।

५७. नेपाली समाज बढी परम्परावादी समाज हो। शिक्षाको अभाव, गरिबी, अज्ञानता, अशिक्षापन, बेरोजगारी, रुढीवादी कमलरी प्रथा जस्ता कुरीतिहरूको कारण हो। ठूला, धनी र परम्परादेखि उच्च जातका भनिएकाहरूले गरिब र तल्लो जातका भनिएकाहरूलाई थिचोमिचो गर्ने र काममा लगाउने सामान्य कुरा मानिन्छ। हाल आंशिकरूपमा लागु संविधानको मौलिक हकको व्यवस्था र अमेरिकाको संविधानको bill of rights, फ्रान्सको Rights of the men वा universal decleration of human rights मा उल्लिखित all men and women are born equal भन्ने व्यवस्थाहरू समान हुन्। यी सबै व्यवस्थाहरू मानव जातिका Natural rights हुन् तर बेरोजगारी, शिक्षाको अभाव, रुढिवादी परम्परा, गरिबी र अज्ञानताले गर्दा कमलरिया प्रथा व्यापकरूपमा भिजेको समाज र घरमा केही कानुन बनाएर र संविधानले मौलिक हकको व्यवस्था गर्दैमा मात्र त्यस्ता कुरीतिहरू पूर्णरूपमा समाप्त हुन सम्भव हुँदैन। पूर्ण कानुनको प्रभावकारी कार्यान्वयनको साथै शिक्षा, रोजगार, आर्थिक योजना आदि चौतर्फी कार्यक्रम, योजना, चेतना र ज्ञानबाट मात्र त्यस्तो सम्भव हुन्छ।

५८. सन् २००५ मा तथ्याङ्क विभागद्वारा प्रकाशित सन् २००१ को literacy rate हेर्दा नेपालमा ६ वर्ष उमेरभन्दा माथिका स्त्री/पुरुष गरी कुल १९२५५८०८ जनसङ्ख्यामध्ये पढ्न/लेख्न दुवै नजान्नेको सङ्ख्या ७६५४२४४ देखिन्छ। त्यसमध्ये पढ्न लेख्न दुवै नजान्ने महिलाको सङ्ख्या पुरुषको भन्दा धेरै बढी ४९३४००७ देखिन्छ। निवेदकले उठाएको कमलरी प्रथाले व्याप्त विभिन्न जिल्लाहरूमध्ये नेपालगन्जमा ६ वर्ष नाघेका ३२३५१३ मध्ये ११६६९१ ले पढ्न लेख्न नजान्ने र त्यसमध्ये पढ्न लेख्न दुवै नजान्ने महिला सङ्ख्या ६९४२१ देखिन्छ। यी तथ्याङ्कबाट हेर्दा कमलरी प्रथाहरूबाट सिकार हुने

नाबालिकाहरू कहिले शिक्षित हुने र कहिले आफ्नो हकको लागि लड्न सक्ने भन्ने प्रश्न खडा हुन्छ। यहाँ तथ्याङ्क नेपालगन्जको मात्र उल्लेख गरियो तर तथ्याङ्क विभागबाट प्रकाशित तथ्याङ्कमा कमलरी प्रथाबाट प्रभावित अन्य जिल्लाहरूमा पनि शिक्षित महिलाको सङ्ख्या झण्डै झण्डै समान देखिन्छ। यसको रोकथाम र अन्त्यको लागि सरकारको तर्फबाट सबै समस्या समेट्ने कानुन निर्माण र त्यसको प्रभावकारी कार्यान्वयन, आर्थिक योजनाको साथै कमलरी प्रथा जस्ता कुरीतिको अन्त्यको लागि त्यस्तो कुरीतिबाट सिकार बन्ने महिला बालबालिकाहरूको empowerment तर्फ पनि सरकारले सोच्न आवश्यक हुन्छ तबमात्र कमलरी प्रथाको अन्त्य हुन सजिलो पर्छ।

५९. नेपालले Convention on the rights of the child, 1989 मा हस्ताक्षर गरी नेपाल सन्धि ऐन, २०४७ को दफा ९ को व्यवस्थाले गर्दा उक्त Convention नेपाल कानुनसरह लागु भएको कारण Convention विपरीतको कार्य गर्न नहुनुका साथै Convention अनुसार कानुन बनाउनेलगायत अन्य आवश्यक कार्य गर्नु नेपाल सरकारको कर्तव्य हो। कमलरी प्रथा कानुनतः अन्त्य भए पनि व्यवहारमा अन्त्य भएको भन्ने देखिँदैन। कमलरी प्रथाअन्तर्गत ६-७ वर्षे नाबालक बच्चीहरू घरेलु नोकरको काममा लगाइने गरिन्छ भन्ने निवेदन जिकिर छ। कमलरी प्रथा नियन्त्रण गर्ने कानुनको प्रभावकारी कार्यान्वयन नहुनु, बिनाकानुनको घरेलु नोकर प्रथाको प्रचलन र संविधानको धारा २० को शोषणविरुद्धको हक एकापसमा Mutually exclusive हुन्। ६-८ वर्षका नाबालक बच्चीहरूको Consumer भनेको समाजका धनी व्यक्तिहरू भन्ने देखिन्छ र कमलरी प्रथाअन्तर्गत बाध्य भएर बस्नुपर्ने ती नाबालिक बच्चीहरू घरेलु नोकरको रूपमा रहेर काम गर्नुपर्ने भन्ने देखिएकोले कमलरिया प्रथा पूर्णरूपमा अन्त्य गर्न नेपाल सरकारले देहायबमोजिमका कार्य गर्नू भनी निर्देशनात्मक आदेश जारी गरिदिएको छ :

(१) वर्तमान बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५७ ले कमलरी प्रथा निषेध गरेको छ तर १४ वर्षमुनिका नाबालिकलाई घरेलु नोकर राख्न प्रतिबन्ध लगाउने कानुन बनेको देखिँदैन। घरेलु नोकर नै एक यस्तो काम हो जसमा कमलरी प्रथामार्फत नाबालिक बच्चाबच्चीहरूलाई शोषण गरिन्छ। एकातर्फ बालश्रम निषेध गर्ने ऐनले कमलरी प्रथा कानुनतः प्रतिबन्ध लगाएको छ भने अर्कातर्फ घरेलु नोकरसम्बन्धी कानुनको अभावले गर्दा नाबालिकहरू कमलरी प्रथाअन्तर्गत नभए पनि घरेलु नोकरको व्यापकरूपमा काममा लगाइन्छ।

यसले गर्दा बालश्रम निषेध चुहिने भाँडामा पानी भरेजस्तो भएको देखिन्छ। संविधानको धारा २० ले बालकलगायत प्रत्येक नागरिकलाई शोषणविरुद्धको हक ग्यारेन्टी गरेको देखिन्छ। घरेलु नोकरसम्बन्धी कुन कानुन नभएको कारण कमलरी प्रथा र घरेलु नोकर प्रथाले नागरिकहरूको संविधानको धारा २० ले दिएको शोषणविरुद्धको हक हनन गरेको छ ? यदि नाबालकलाई घरेलु नोकरको रूपमा काममा लगाउन कानुन बनाई regulate नगर्ने हो भने चुहिने भाँडोमा पानी भरेजस्तो माथिबाट पानी भर्दै जाने तलबाट चुहिनाले कहिले नभरिए जस्तो कमलरी प्रथा कानुनतः अन्त्य भए पनि नाबालकहरू घरेलु नोकरबाट पीडित शोषित हुन्छन्। कमलरी प्रथा अन्त्य गर्ने कानुनबाट मात्र कमलरी प्रथाको समाप्ती र बालबालिकाको शोषण अन्त्य हुँदैन।

(२) संविधानको मौलिक हक नेपाल कानुन तथा Human rights सम्बन्धी CRC, ICCPR र ICESCR लगायत कतिपय convention ले नेपालमा बालबालिकालाई कतिपय अधिकारहरू प्रदान गर्छ। संविधान र ऐन/कानुनका किताबका ठेलीहरूमा तथा Human rights instrument मा लेखिएका हक र अधिकारका धाराहरूले मात्र बालबालिकाहरू शोषणमुक्त हुँदैनन्। यसका साथै बालबालिकासम्बन्धी बेलाबेलामा Resort र होटलहरूमा गरिने गोष्ठी वा त्यहाँ प्रस्तुत गरिने कार्यपत्र र गोष्ठीको समापनबाट मात्र पनि बाल शोषण समाप्त हुँदैन। जसको लागि हकको व्यवस्था गरिएको हो त्यस्ता हकहरूको हकदार बालकहरू आफ्नो हकको बारेमा ज्ञान र सचेत हुन आवश्यक हुन्छ। हकका हकदारचाहिँ आफ्नो हकको बारेमा अनभिज्ञ रहने हो भने राज्यका तर्फबाट जतिसुकै योजना र ऐन कानुन बनाए पनि आर्थिक कमजोरीका कारण आफ्नो इच्छाविपरीत बालबालिकालाई कमलरी प्रथालगायत घरेलु नोकरको रूपमा काममा लगाइ गरिबी र कुरीतिको सिकार हुन्छन्। संविधानको धारा २० ले इच्छाविपरीत काममा लगाउनुलाई शोषण मान्छ जुन कुरा संविधान स्वयंले नै प्रतिबन्ध लगाएको छ। यस्तो महत्वपूर्ण हकसमेत हकका हकदारलाई जानकारी छैन। जबसम्म हकका हकदार आफू सचेत हुँदैनन् तबसम्म रुढिवादी र परम्परावादी हाम्रो समाजमा व्याप्त कमलरी प्रथा घरेलु नोकर जस्ता कुरीति अन्त्य हुन सक्दैनन्। निवेदकको माग प्रशासनिक व्यवस्था गरिपाउन आदेश जारी गरिपाउँ भन्ने पनि हुँदा नाबालक बच्चाहरूलाई पनि तलैबाट empower गर्न, Convention on the rights या the child, international Covenant on civil and poiltical rights र international Covenant on economic, social and cultural rights आदि जस्ता महत्वपूर्ण नाबालक

र मानव अधिकारसम्बन्धी Covenant र Convention हरू क्रमिकरूपले बालबालिकाको पाठ्यक्रममा समावेश गरी बालबालिकालाई पठनपाठन गराई आफ्नो मौलिक हक र मानव अधिकारका बारेमा सचेत गराउने वातावरण तयार गर्नू।

(३) कमलरी प्रथालगायत घरेलु नोकर अशिक्षा, गरिबी रुढीवादी परम्परा, बेरोजगारी आदिको उपज हो। बालबालिकालाई यस्तो कुरीतिबाट मुक्त गरी बालबालिकालाई अधिकार सम्पन्न गरी आफ्नो बाबु/आमाको इच्छा र स्वार्थअनुसार बाबु/आमाको उद्देश्य पूर्तिको लागि शोषण हुन पुगेका प्रत्येक बालबालिकालाई बालअधिकारसम्बन्धी नेपाल कानुन तथा Convention on the rights of the child ले दिएको अधिकार सम्पन्न गराउन कानुन बनाउनेलगायत कानुनको प्रभावकारी कार्यान्वयन गरी आवश्यक व्यवस्था गर्ने सरकारको Constitutional and treaty obligation हो। हाम्रो आंशिक लागु संविधानको धारा ११ को उपधारा (३) मा बालबालिकाको संरक्षण र विकासको लागि आवश्यक र विशेष व्यवस्था गर्न सकिने व्यवस्था छ। धारा २६ को उपधारा ८ अनुसार बालबालिकाको शोषण हुन नदिने र उपधारा ९ अनुसार बालबालिकाको उन्नतिको लागि आवश्यक नीति बनाई बालबालिकाको हितको रक्षा गर्ने कर्तव्य सरकारको हो। निवेदकको माग कमलरी प्रथाबाट मुक्त बालबालिकाको पुनर्स्थापनाको लागि आवश्यक कोषको व्यवस्थासमेत गर्नू भन्ने आदेश गरिपाउँ भन्नेसमेत छ। वास्तवमा कमैया श्रम (निषेध गर्ने) ऐन लागु भई दफा ३ अनुसार कमलरी प्रथा स्वतः अन्त्य हुने भन्ने कानुनले व्यवस्था गरेपछि त्यसरी मुक्त नाबालकहरूको Rehabiltate गर्नको लागि संविधानको धारा २६ को उपधारा ८ अनुसार सरकार आफैँले आवश्यक व्यवस्था गरेको हुनुपर्ने हो तर लिखित जवाफबाट २२ जिल्लामा कार्यक्रम सञ्चालन गरेको भन्नेबाहेक अरू केही देखिएन। तसर्थ धारा २६ को उपधारा ८ को व्यवस्थाबमोजिम कमलरी प्रथालगायतबाट शोषण मुक्त भएका बालबालिकाको सुरक्षा र हितको लागि सरकारले धारा २६ को उपधारा (८) र (९) बमोजिमको आफ्नो संवैधानिक कर्तव्य र दायित्व पूरा गर्नू।

६०. निवेदकको माग कमलरी प्रथा अन्त्य गर्ने उचित कानुनी व्यवस्था गराउनू भन्ने आदेश गरिपाउँ भन्ने पनि हुँदा नेपालमा हालसम्म घरेलु नोकरसम्बन्धी कुनै कानुन नभएकोले नाबालकलाई घरेलु नोकरको रूपमा अर्थात घरेलु

नोकरसम्बन्धी काममा लगाउन पाउने/नपाउने सम्बन्धमा कानुन बनाई Regulate गर्न घरेलु नोकरसम्बन्धी कानुन बनाउनु आवश्यक देखिन्छ। कमलरी प्रथाको अन्त्यको लागिमात्र होइन कि बालबालिकाको अन्य प्रकारले शोषण हुन नदिनको लागि र बालबालिकाको Convention ले दिएको हक र अधिकार सुरक्षित गर्न पनि आवश्यक कानुन बनाउनुपर्ने नेपाल सरकारको Treaty commitment हुनाले घरेलु नोकरसम्बन्धी कानुन बनाउनू।

६१. अतः कमलरी प्रथा कानुनीरूपले मात्र मुक्त भए पनि घरेलु नोकर अर्थात Domestic Helper सम्बन्धी कानुन नभएकोले हाल बाल शोषणविरुद्ध कानुन अपर्याप्त भएकोले बाल शोषण नियन्त्रण गर्न घरेलु नोकरसम्बन्धी कानुन बनाउनु कानुनको प्रभावकारी कार्यान्वयन गर्नू, CRC, ICCPR र ICESCR लगायत बालअधिकारसम्बन्धी अन्य महत्वपूर्ण Convention हरू बालबालिकाको पाठ्यक्रममा समावेश गर्नू र कमलरीलगायत अन्य शोषणबाट मुक्त बालबालिकाको हितको रक्षा र सामाजिक सुरक्षाको लागि योजना र नीति बनाई संविधानको धारा २६ को उपधारा (८) र (९) लगायतका आफ्नो संवैधानिक कर्तव्य पूरा गर्न आवश्यक व्यवस्था गर्नू भनी विपक्षी नेपाल सरकारका नाममा निर्देशनात्मकको आदेश जारी गरिदिएको छ। मिसिल नियमानुसार गरी बुझाइदिनू।

इति संवत् २०६३ साल भाद्र २५ गते रोज १ शुभम्.....।

सन्दर्भ सामग्री

- **दास प्रथाको अवशेष : हलिया प्रथा**, २०६२, क्षेत्रीय दलित नेटवर्क (आरडिएन) नेपाल, धनगढी, कैलाली ।
- **भूमि र अन्य प्राकृतिक स्रोतसम्बन्धी कानुनी व्यवस्था, स्रोत सामग्री**, २०७२, सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र अक्सफाम नेपाल ।
- **मुक्त कमैया पुनःस्थापना नीति नियम सङ्गालो**, २०७४, नेपाल सरकार, भूमि सुधार तथा व्यवस्थापन मन्त्रालय, मुक्त कमैया पुनःस्थापना समस्या समाधान आयोग, सिंहदरबार, काठमाडौं ।
- शर्मा, अपत्य, **मुद्रा र पुँजीवादी दासता**, २०६५, प्रगति पुस्तक सदन, काठमाडौं ।
- शर्मा, नारायणप्रसाद, **नेपालका हालसम्मका संविधानहरू, समीक्षात्मक टिप्पणीसहित**, २०७५, मकालु प्रकाशन गृह, काठमाडौं ।
- **सङ्घीय संरचनामा दलित तथा सीमान्तकृत समुदायको अधिकार**, २०७४, जागरण मिडिया सेन्टर, काठमाडौं ।
- **हरवा/चरवाअधिकारसम्बन्धी कानुनी स्रोत सामग्री तथा कार्यसञ्चालन निर्देशिका**, २०७४, सबैका लागि न्याय, काठमाडौं ।

- Bista, Dor Bahadur, **Fatalism and Development, Nepal's Struggle for Modernization**, 2008, Orient Blackswan Private Limited, Kolkata, India.
- **Liberation from Bondage,** 2003, Volunteer for Social Justice, Rasila Printing Press, Phagwara, India.

संविधान

नेपाल सरकार वैधानिक कानुन, २००४

नेपाल अन्तरिम शासन विधान, २००७

नेपाल अधिराज्यको संविधान, २०१५

नेपालको संविधान, २०१९

नेपाल अधिराज्यको संविधान, २०४७

नेपालको अन्तरिम संविधान, २०६३

नेपालको संविधान (२०७२)

अन्तर्राष्ट्रिय कानुन

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८

ILO Forced Labour Convention, 1930 (No. 29)

दासत्व महासन्धि, १९२६

सबैखाले दासत्व व्यवहारको तत्काल अन्त्य गरी जनताको मानव अधिकार संरक्षण, सम्मान गर्ने प्रतिबद्धता दासत्व महासन्धि, १९२६

दासत्व, दास व्यापार, र दासत्व समानका संस्था र अभ्यासहरूको उन्मूलनसम्बन्धी पुरक महासन्धि, १९५६

नेपाल कानुन

मुलुकी ऐन, १९१०

कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८

कमैया श्रम (निषेध गर्ने) सम्बन्धी नियमावली, २०६८

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

श्रम ऐन, २०७४

जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८

मुलुकी अपराध (संहिता) ऐन, २०७४

भूमिहीन मुक्त कमैयालाई जग्गा खरिद गर्न अनुदान रकम दिनेसम्बन्धी कार्यविधि, २०६८

मुक्त कमैया पुनर्स्थापना समस्या समाधान आयोग, गठन आदेश, २०६५

मानव अधिकार आयोग ऐन, २०५८

पुस्तक

मानव न्यायशास्त्र

चौधौं योजना, आर्थिक वर्ष २०७३/०७४-२०७५/०७६, नेपाल सरकार, राष्ट्रिय योजना आयोग

Liberation from Bondage, Volunteer for Social Justice, Rasila Printing Press, Phagwara, India

शर्मा, नारायणप्रसाद, २०७५, नेपालका हालसम्मका संविधानहरू, समीक्षात्मक टिप्पणीसहित, मकालु प्रकाशन गृह

भूमि र अन्य प्राकृतिक स्रोतसम्बन्धी कानुनी पुस्तिका, स्रोत सामग्री, २०७२

प्रतिवेदन

नेपाल कानुन पत्रिका, २०६४, अङ्क १०

नेपाल कानुन पत्रिका, २०७३, अङ्क ७

नेपाल कानुन पत्रिका, २०६३ अङ्क ५

मुक्त हलिया पुनःस्थापना तथा वृत्ति विकास कार्यक्रम, वार्षिक प्रतिवेदन, २०७३/०७४

मुक्त कमैया पुनःस्थापना तथा वृत्ति विकास कार्यक्रम, वार्षिक प्रतिवेदन, २०७३/०७४

सङ्घीय संरचनामा दलित तथा सीमान्तकृत समुदायको अधिकार, जागरण मिडिया सेन्टर, काठमाडौं

हरवा/चरवाअधिकारसम्बन्धी कानुनी स्रोत सामग्री तथा कार्यसञ्चालन निर्देशिका, सबैका लागि न्याय, काठमाडौं ।

फ्रिडम फन्डका सबै साझेदारहरू

क्र.स	संस्था
१	दलित समाज कल्याण समिति नेपाल
२	सामुदायिक सुधार केन्द
३	सामुदायिक विकास मञ्च
४	दलित जनकल्याण युवा क्लब
५	समृद्ध फाउण्डेसन
६	भवानीपुर एकिकृत विकास केन्द्र
७	श्रीपुराज सामुदायिक विकास केन्द
८	तापेश्वरी समाज कल्याण संस्था
९	महिला शान्ति, अनुसन्धान तथा विकास केन्द्र
१०	दलित जनकल्याण संगम
११	मानव अधिकार तथा ग्रामीण युवा परिवर्तन नेपाल